CAMPAIGN NEWSLETTER

# अभियान
समाचार

एम्नेस्टी इन्टरनेसनल नेपालको त्रैमासिक प्रकाशन



वायर

अप्रिल - जुन २०१०

April - June 2010






आवरण

## आप्रवासी श्रमिकको अधिकार

## 'उत्साहित छु'

एआईका नवनियुक्त महासचिवसँग

विशेष अन्तर्वार्ता



## यसपालि

पृष्ठ


### आवरण : आप्रवासी श्रमिकको अधिकार — २-२३

साथमा एआई नेपालको क्याराभान, "पाइला-पाइलामा अप्ठेरो" आलेख, साउदीमा महिलाको पीडा, श्रम सचिवसँग कुराकानी, कतार, युएई र मलेसियास्थित नेपाली राजदूतहरूको धारणा तथा पत्रकार देवेन्द्र भट्टराईको अनुभूति

### एआई प्रतिवेदन २०१० : नेपालमा बढ्दो असुरक्षा — २४-३४

### "उत्साहित भएको छु" — ३५

एआईका नवनियुक्त महासचिव सलील सेट्टीसँगको विशेष अन्तर्वार्ता

### समूह र युथ नेटवर्क विविध गतिविधि — ४४-५०


तस्वीरमा क्याराभान,
वायर अनुवादलगायत
साथमा थप सामग्री पनि ।

## आवरण



एम्नेस्टी इन्टरनेसनल नेपालद्वारा २०६७ जेठ ३० देखि असार ३ गतेसम्म आप्रवासी कामदारहरूको सुरक्षाको लागि सचेत गराउने उद्देश्यले पोखराबाट देशका विभिन्न भागमा गरिएको क्याराभान (बसयात्रा) को एक झलक ।

तस्वीर : एम्नेस्टी इन्टरनेसनल नेपाल


**Published by**

**AMNESTY INTERNATIONAL**



**Amnesty International Nepal**
Amnesty marga, Basantanagar
P.O. Box 135, Balaju, Kathmandu, Nepal

Tel: +977 1 4364706 or 43655431
Fax: +977 1 4354987
Email: info@amnestynepal.org
www.amnestynepal.org

# आप्रवासी श्रमिकको अधिकार सुनिश्चित गर

विभिन्न मुलुकमा आप्रवासी श्रमिकहरूलाई अमानवीय व्यवहार गरिएका समाचार बारम्बार सार्वजनिक भइरहेका छन् । आन्तरिक द्वन्द्व वा स्वदेशमा रोजगारीको अवसर नपाउनाले मानिस बाध्य भएर रोजगारीका लागि अर्को मुलुकमा जाने गर्दछ ।

तथापि उनीहरूलाई निर्धारित कार्य घण्टाभन्दा धेरै काममा लगाउने, ज्याला र कामको प्रकृति, कामको अस्तित्व तथा कानुनी मापदण्ड पहिला भनिएभन्दा अवास्तविक हुने गरेका तथ्य प्रकाशमा आइरहेका छन् । यसै गरी आप्रवासी श्रमिकहरूले शाब्दिक, शारीरिक र यौनजन्य ज्यादती पनि बेहोर्नु परिरहेको छ ।

यावत् तथ्य सार्वजनिक हुँदा पनि उनीहरूको अधिकार सुनिश्चितताका लागि ठोस काम हुन सकेको पाइएको छैन । कतिपय श्रमिकहरू मानव ओसारपसारका सिकार भएका छन् । उनीहरूलाई रोजगारदाता राष्ट्रले मात्र होइन, रोजगारीका लागि पठाउने राष्ट्रले पनि उचित ध्यान दिएको पाइएको छैन । यसले गर्दा उनीहरूको मानवअधिकारको हनन हुन पुगेको छ । यसतर्फ रोजगारीका लागि पठाउने राष्ट्र र रोजगारी दिने राष्ट्रले श्रमसम्बन्धी आवश्यक सम्झौता गरी त्यसको नियमित अनुगमन गर्नु जरुरी रहेको छ ।

एम्नेस्टी इन्टरनेसनलले कतिपय देशमा रहेका आप्रवासी श्रमिकहरूको स्थितिको समग्र अध्ययन गरी रिपोर्ट पनि सार्वजनिक गर्दै आएको छ । एआईले मलेसियामा रहेका आप्रवासी श्रमिकका बारेमा २४ मार्च २०१० मा १ सय ८ पृष्ठको एक रिपोर्ट सार्वजनिक गरेको थियो । यस विषयमा एआईले निकै अगाडिदेखि चासो र चिन्ता व्यक्त गर्दै आए पनि खासै प्रगति भने हासिल हुन सकेको छैन । यसतर्फ गम्भीर चासो दिएर उनीहरूको हकहितका लागि आवश्यक पहल गर्न हामी सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछौं ।


## ए.आई. नेपाल राष्ट्रिय कार्यसमितिका पदाधिकारी

| | |
|---|---|
| अध्यक्ष | हेमकुमार खड्का |
| उपाध्यक्ष | केशव सिग्देल |
| महासचिव | शम्भु ठाकुर |
| उपमहासचिव | उत्तम सापकोटा |
| कोषाध्यक्ष | रश्मिला भोछिभोया |
| सदस्य | ममिताकुमारी पुन |
| | यशोदाकुमारी उपाध्याय |
| | चेतनारायण भुसाल |
| | डिकप्रसाद घिमिरे |
| | निर्मलबाबु श्रेष्ठ |
| | राजनप्रसाद कुइँकेल |
| सल्लाहकार | नूतन थपलिया |
| | लोकेश ढकाल |

## ए.आई. नेपाल पुनरावेदन समितिका पदाधिकारी

| | |
|---|---|
| संयोजक | श्यामराज घिमिरे |
| सदस्य | विमलादेवी (विष्ट) गौतम |
| | ऋषिकेश खनाल |




# क्याराभान

**स्वदेशमा रोजगारीको उचित प्रबन्ध हुन नसकेका कारण नेपाली श्रमिक विदेश जान बाध्य छन् । तर, विदेशमा उनीहरु विभिन्न थरीका पीडाबाट गुज्रनुपरेको छ । स्वदेशमा हुँदै अपनाउनुपर्ने आवश्यक होसियारी नअपनाएका कारण समेत आप्रवासी श्रमिक पीडित हुनुपरेको हो । विदेश जान चाहनेहरू, तिनका परिवार र राज्यलाई नै यसबारेमा घच्घच्याउनका लागि एआई नेपालले हालै देशका विभिन्न भागमा एक क्याराभान (बसयात्रा) कार्यक्रम आयोजना गरेको थियो । प्रस्तुत छ, अभियान समाचार टिमले तयार पारेको विवरण :**

एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखाले नेपालबाट रोजगारीका लागि विदेश जाने श्रमिकहरूको अधिकारका बारेमा जनचेतना वृद्धि गर्ने उद्देश्यले जेठ ३०, २०६७ मा पोखराबाट सुरु गरेको क्याराभान (बसयात्रा) असार ३ गते सर्लाहीको लालबन्दीमा समापन गरियो ।

गन्तव्य देशमा जानुअघि र गएपछि नेपाली आप्रवासी श्रमिकहरूउपर हुन सक्ने मानवअधिकार ज्यादती रोक्न नेपाल सरकारले ठोस नीतिको कार्यान्वयन गरोस् भन्ने उद्देश्यका साथ यो क्याराभान आयोजना गरिएको हो । पोखराबाट सुरु भएको यात्रा स्याङ्जा, पाल्पा, रूपन्देही, नवलपरासी, चितवन, मकवानपुर, पर्सा, सर्लाही हुँदै असार ३ गते धनुषामा पुगी समापन गरिने कार्यक्रम रहेकोमा सो दिन धनुषा बन्द रहेकोले सर्लाहीमा नै कार्यक्रमको समापन गरिएको थियो ।

कार्यक्रमको रुटमा परेका जिल्लाहरूमा एआईको प्रतिनिधिमण्डलले सम्बद्ध जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई ज्ञापनपत्र बुझाएर आप्रवासी नेपाली कामदारको हकहितका लागि पहल गर्न आग्रह गरेको थियो । कार्यक्रमको रुटमा परेका जिल्ला सदरमुकाममा पुगेर सहभागीहरूले स्थानीयस्तरमा र्‍याली, कोणसभा, अन्तरक्रिया, सडक नाटक तथा आप्रवासी श्रमिकको बारेमा तयार गरिएको पर्चा वितरण गरी जनचेतना अभिवृद्धि गरेका थिए । ती जिल्लाका प्रजिअलाई भेटी सरकारी स्तरबाट आप्रवासी श्रमिकको समस्याका बारेमा ठोस कदम चाल्न आग्रह गर्दै नेपाल सरकारलाई सम्बोधन गरिएको ज्ञापनपत्र बुझाइएको थियो । पोखरामा आयोजित एक समारोहमा चर्चित मानवअधिकारवादी कृष्ण पहाडीले

क्याराभानको उद्‌घाटन गर्नुभएको थियो भने समापन एआई नेपालका केन्द्रीय सदस्यद्वय निर्मलबाबु श्रेष्ठ र यशोदा उपाध्यायले गर्नुभएको थियो । क्याराभानमा एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध समूह र युथ नेटवर्कका प्रतिनिधि, केन्द्रीय पदाधिकारी तथा अन्य अभियन्ताहरूसमेत करिब १ सय ४० जनाको सहभागिता रहेको थियो ।

पोखरामा आयोजित उद्‌घाटन कार्यक्रमअघि विभिन्न प्लेकार्ड र ब्यानर बोकेका सहभागीहरूले नगर परिक्रमा गरेका थिए । सो अवसरमा बोल्दै मानवअधिकारवादी पहाडीले दण्डहीनता बढेकोले अपराधीले छुट पाएको चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा बोल्दै कास्की जिल्लाका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद कोइरालाले सबै कुरा बुझेर मात्र विदेश जानुपर्ने बताउनुभयो । सो अवसरमा एआई नेपालका अध्यक्ष हेमकुमार खड्काले प्रमुख जिल्ला अधिकारी कोइरालालाई ज्ञापनपत्र बुझाउनुभएको थियो । सो अवसरमा एआई नेपालका उपाध्यक्ष केशव सिग्देलले कार्यक्रमको उद्देश्यबारेमा चर्चा गर्नुभएको थियो । कार्यक्रममा क्षेत्रीय श्रम कार्यालयका निमित्तप्रमुख लक्ष्मीबहादुर केसी, राष्ट्रिय मानवअधिकार आयोगका पोखरा क्षेत्रीय कार्यालयका अधिकृत बद्री सुवेदी, गैरआवासीय संघ नाइजेरियाका अध्यक्ष हिक्मतबहादुर थापालगायतले आ-आफनो धारणा राख्नुभएको थियो । कार्यक्रममा मानवअधिकारवादी कृष्ण पहाडीद्वारा लिखित 'मरुस्थलको यात्रा' नामक सडक नाटक पनि प्रस्तुत गरिएको थियो । उक्त सडक नाटक 'सर्वनाम' नाट्य समूहले प्रस्तुत गरेको थियो । उदघाटन कार्यक्रमको संयोजन पोखरास्थित समूह-८२ र ५४ ले गरेका थिए ।

## स्याङ्‌जा



कास्कीबाट क्याराभान टोली जेठ ३१ गते स्याङ्‌जा पुगेको थियो । टोलीले प्लेकार्ड र ब्यानर बोकेर स्याङ्‌जा बजारमा प्रदर्शन गर्नुका साथै सडक नाटक पनि प्रदर्शन गरेको थियो । सडक नाटक स्याङ्‌जाका प्रमुख जिल्ला अधिकारी जीवन ओलीले पनि हेर्नुभएको थियो । सडक नाटक सुरु हुनुभन्दा अघि एआई नेपालका अध्यक्ष खड्काले प्रमुख जिल्ला अधिकारी ओलीलाई ज्ञापनपत्र बुझाउनुभएको थियो ।

## पाल्पा



क्याराभान टोली जेठ ३१ गते नै पाल्पा पुगेको थियो । ब्यानर र प्लेकार्ड बोकेको टोलीले तानसेन बजारमा प्रदर्शन गर्नुका साथै स्थानीय शीतल पाटीमा सडक नाटक र्‍याली गरेको थियो । त्यसभन्दा अघि पाल्पाका प्रजिअ जनकराज रेग्मीलाई एआई नेपालका अध्यक्ष खड्काले ज्ञापनपत्र बुझाउनुभएको थियो ।

## रूपन्देही

असार १ गते क्याराभान टोली रूपन्देही जिल्लामा पुगेको थियो । सो अवसरमा एआईका महासचिव शम्भु ठाकुरले रुपन्देहीका प्रजिअ पिताम्बर घिमिरेलाई ज्ञापनपत्र बुझाउनुभएको थियो । यसअघि बुटवलस्थित समूह-१२ र स्थानीय युथ नेटवर्कले अन्य जिल्लाबाट आएका सहभागीहरूलाई स्वागत गरेका थिए । ट्राफिकचोकमा आयोजित एक सभालाई



राजनीतिक पार्टीका प्रतिनिधि, मानवअधिकारसम्बन्धी स्थानीय संगठनका प्रतिनिधि र राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधिलगायतले सम्बोधन गरेका थिए । सो अवसरमा सडक नाटक प्रदर्शन पनि गरिएको थियो ।

### नवलपरासी



रूपन्देहीबाट टोली सोही दिन (असार १ गते) नवलपरासी पुगेको थियो । सो अवसरमा एआई नेपालका उपमहासचिव उत्तम सापकोटाले सो जिल्लाका कार्यबाहक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालल‍ाई ज्ञापनपत्र बुझाउनुभएको थियो । त्यसअघि एआई नेपालको स्थानीय समूह-३१ ले अन्य जिल्लाबाट त्यहाँ पुगेका प्रतिनिधिलाई स्वागत गरेको थियो । सोही कार्यक्रममा विभिन्न प्लेकार्ड र पम्पलेट तथा सडक नाटक पनि प्रदर्शन गरिएको थियो । सो अवसरमा समूह-३१ परासीले एक परिचयात्मक कार्यक्रमको समेत आयोजना गरेको थियो ।

### चितवन



क्याराभान टोली असार २ गते चितवन पुगेको थियो । चितवनमा एआई नेपालका केन्द्रीय सदस्य निर्मलबाबु श्रेष्ठले स्थानीय प्रमुख जिल्ला अधिकारी बसन्त गौतमलाई ज्ञापनपत्र बुझाउनुभएको थियो । कार्यक्रमको सुरुमा एआईको स्थानीय समूह-३३ र ६४तथा इनोभेटिभ र रामपुर युथ नेटवर्कले सहभागीहरूलाई स्वागत गरेका थिए । टोलीले नारायणगढ बजार परिक्रमा गर्नुका साथै पुल्चोकमा पुगेर सडक नाटकसमेत प्रदर्शन गरेको थियो । सो अवसरमा समूह-३३ ले एक रिसेप्सन कार्यक्रमको पनि आयोजना गरेको थियो ।

### मकवानपुर



चितवनपछि क्याराभान टोली असार २ गते नै मकवानपुर गएको थियो । सो अवसरमा एआई नेपालका केन्द्रीय सदस्य निर्मलबाबु श्रेष्ठले स्थानीय प्रजिअ कृष्णप्रसाद रेग्मीलाई ज्ञापनपत्र बुझाउनुभएको थियो । सो अवसरमा समूह-६७ ले सहभागीहरूलाई स्वागत कार्यक्रमको पनि आयोजना गरेको थियो । सो अवसरमा सहभागीहरूले विभिन्न प्लेकार्ड र ब्यानर बोकेर नगरको परिक्रमा गर्नुका साथै सडक नाटक पनि प्रदर्शन गरेका थिए ।

### पर्सा

मकवानपुरपछि टोली सोही दिन पर्सा पुगेको थियो । सो अवसरमा एआईका केन्द्रीय सदस्य निर्मलबाबु श्रेष्ठले बिरगन्जमा पर्साका प्रजिअ नागेन्द्र झालाई



ज्ञापनपत्र बुझाउनुभएको थियो । साथै बीरगन्जमा स्थानीय समूह-१६ ले सहभागीहरूको स्वागत गरेको थियो । सो अवसरमा सहभागीहरूले शहरका विभिन्न भागको परिक्रमा गर्नुका साथै स्थानीय घण्टाघर चोकमा सभाको आयोजना गरिएको थियो । कार्यक्रममा केन्द्रीय सदस्य श्रेष्ठ र समूह-१६ का संयोजक सुरेश उपाध्यायले सम्बोधन गर्नुभएको थियो । भोलिपल्ट असार ३ गते बिहान सडक नाटकको प्रदर्शन गरिएको थियो ।

## सर्लाही



अन्त्यमा क्याराभान टोली असार ३ गते सर्लाहीको लालबन्दीमा पुगेको थियो । सो अवसरमा स्थानीय समूह-७८ र शान्तिदीप युथ नेटवर्कले स्वागत कार्यक्रमको आयोजना गरेका थिए । सो अवसरमा स्थानीय समूह र युथ नेटवर्कले राखेको सभालाई एआईका केन्द्रीय सदस्यद्वय यशोदा उपाध्याय र निर्मलबाबु श्रेष्ठले सम्बोधन गर्नुभएको थियो । सो अवसरमा क्याराभान समापन कार्यक्रम पनि आयोजना गरिएको थियो ।

विश्वको जनसंख्यालाई आधार मानेर हेर्दा प्रत्येक ३५ मध्येका एक जना आफू जन्मेको देशभन्दा अलग देशमा बसोबास गर्दछन् । नेपालमा पनि विगतको द्वन्द्व तथा रोजगारीको अवसरको कमीका कारण ठूलो संख्यामा युवाहरू विदेश पलायन भइरहेको तर विदेशमा उनीहरूले मानवोचित व्यवहार नपाएको विवरण सार्वजनिक भइरहेका बेलामा एम्नेस्टी इन्टरनेसनल नेपालले उनीहरूको हकहितका लागि क्याराभानमार्फत सरकारलाई दबाब दिन र विदेशमा रोजगारीमा जान चाहनेहरूलाई सचेत गर्न यो कार्यक्रमको आयोजना गरेको हो ।

## आप्रवासीको अधिकार

कुनै पनि देशमा कार्यरत आप्रवासी श्रमिकहरू विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा श्रम अधिकारसम्बन्धी कानूनमा उल्लेख गरिएबमोजिमका मानवअधिकारका हकदार रहन्छन् । मानवअधिकारसम्बन्धी कयौं अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूले आप्रवासी श्रमिकहरूको नागरिक तथा राजनीतिक र आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकार तथा ती अधिकारको अविभाज्यता सम्बन्धमा व्यवस्था गरेका छन् ।

आप्रवासी श्रमिकहरूको आधारभूत अधिकारका विषयमा सान्दर्भिक केही अन्तर्राष्ट्रिय कानूनहरूमा- सबै प्रकारका भेदभावहरूको अन्त्यसम्बन्धी महासन्धि, महिलाविरुद्धका सबै प्रकारका भेदभावहरू उन्मूलनसम्बन्धी महासन्धि, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धि, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि, यातना तथा अन्य क्रूर, अमानवीय वा अपहेलनात्मक व्यवहार वा सजायविरुद्धको महासन्धि, बालअधिकार महासन्धि, आप्रवासी श्रमिक तथा तिनका परिवारका सदस्यहरूको अधिकार संरक्षणसम्बन्धी महासन्धि (आप्रवासी श्रमिकसम्बन्धी महासन्धि), अन्तर्राष्ट्रिय श्रम संगठनका विभिन्न (आईएलओ) महासन्धिहरू खासगरी आईएलओ कन्भेन्सन नं. ९७ र नं. १४३ आदि रहेका छन् । यी कानूनहरूले आप्रवासी श्रमिकहरूको मूलतः जीवनको अधिकार; यातना तथा अन्य क्रूर, अमानवीय वा अपहेलनात्मक व्यवहार वा सजायबाट मुक्ति; बाँधा वा दासताबाट मुक्ति; कानूनका दृष्टिमा व्यक्तिको हैसियत पाउने अधिकार; अभिव्यक्ति, आस्था तथा धार्मिक स्वतन्त्रता; व्यक्तिगत गोपनीयताको अधिकार; स्वेच्छाचारी गिरफ्तारीबाट संरक्षण; मानसिक तथा शारीरिक स्वास्थ्यका लागि सम्भाव्य सर्वोत्कृष्ट मापदण्डको प्राप्ति; शिक्षा, स्वास्थ्य तथा आवासमा भेदभावरहित पहुँच; घुमफिर र उपयुक्त स्थानमा बसोबास गर्न पाउने अधिकार; आवश्यकताअनुसार खाना तथा पानी, काम गर्न पाउने तथा कार्यस्थलमा प्राप्त गर्नुपर्ने अधिकार; मानव तस्करीजन्य ज्यादतीबाट संरक्षण पाउने अधिकार; संगठन गर्ने स्वतन्त्रता; वाक् तथा धार्मिक स्वतन्त्रताजस्ता अधिकार र स्वतन्त्रताहरू सुनिश्चित गरेका छन् । तर व्यवहारमा भने आप्रवासी श्रमिकहरूमाथि उल्लिखितलगायत अन्य स्वतन्त्रता र अधिकारहरूमाथि सरकारी प्रतिनिधि, सुरक्षा निकाय, रोजगारदाता, म्यानपावर एजेन्टलगायतबाट व्यापक ज्यादती भएको पाइन्छ ।

यस्तै आप्रवासी श्रमिकहरूको अन्य अधिकार संरक्षणका लागि त्यस्ता श्रमिकहरू पठाउने वा भित्र्याउने




दुवै देशका सरकारले विशेष व्यवस्था गर्नुपर्दछ । जसका लागि श्रमिकहरू पठाउने र भित्र्याउने दुवै देशका सरकारले श्रमिकहरूको सेवा, सर्त, सुविधालगायत उनीहरूको आधारभूत अधिकार संरक्षणको विषयलाई श्रम सम्झौतामा नै स्पष्ट उल्लेख गरी त्यसलाई सार्वजनिक गर्नुपर्दछ । साथै त्यस्ता सुविधा र उनीहरूको अधिकारको सुनिश्चितताका लागि श्रम सम्झौता कार्यान्वयन अनुगमनलगायतका संयन्त्र तयार गर्न जरुरी हुन्छ ।

## आप्रवासी समस्या

आप्रवासी श्रमिकहरूको अधिकार संरक्षण गर्नका लागि राष्ट्रिय/अन्तर्राष्ट्रिय कानूनहरू निर्माण भई तिनको कार्यान्वयनका लागि सरकारहरूले पटक-पटक प्रतिबद्धता व्यक्त गरे पनि उनीहरूमाथि भेदभाव, दमन, शोषणलगायत विभिन्न प्रकारले मानवअधिकार ज्यादती र औद्योगिक जोखिम एवम् क्षतिपूर्ति पाउने न्यून सम्भावनाको सामना गर्नुपरेको पाइन्छ । प्रवासमा जानेहरूमध्ये खासगरी आप्रवासी श्रमिकहरूले आफ्नो गन्तव्यतर्फ जानुअघि वा गन्तव्यतर्फको यात्रा गर्ने क्रममा वा त्यहाँ पुगिसकेपछि वा त्यहाँबाट फर्कने क्रममा विभिन्न प्रकारका मानवअधिकार ज्यादतीको सामना गर्नुपरेको देखिन्छ ।

एम्नेस्टी इन्टरनेसनलले विभिन्न देशमा रहेका आप्रवासी श्रमिकहरूको अधिकारका विषयमा गरेको अध्ययनअनुसार आप्रवासी श्रमिकहरू विभिन्न प्रकारले मानवअधिकार उल्लंघनको खतरामा परेका छन् । आफ्नो मुलुक छाडेकाहरूले त्यस्तो ज्यादती भोग्नु पर्नाका विभिन्न कारणमध्ये उनीहरू त्यस देशको नागरिक नहुनु पनि एक प्रमुख कारण हुने गरेको पाइन्छ । यसै आधारमा धेरैजसो आप्रवासी श्रमिकहरूलाई भेदभाव गरिएको पाइन्छ ।

आप्रवासी श्रमिकहरूलाई स्वदेशका श्रमिकहरूले पाउनेभन्दा कम तलबमा काम लगाउने, स्वदेशका श्रमिकको दाँजोमा ज्यादै धेरै घण्टासम्म काममा लगाउने, लामो समयसम्म तलब रोकेर राख्ने, कानूनले ट्रेड युनियन संगठनमा आबद्ध हुन बाधा नपुऱ्याइएका देशहरूमा पनि व्यवहारमा ट्रेड युनियन गतिविधिमा संलग्न हुन बाधा पुऱ्याउने वा रोक्ने, क्षतिपूर्ति पाउनुपर्ने प्रकृतिका घटनामा उचित क्षतिपूर्ति नदिने वा दिइएमा पनि न्यून मात्र दिने, महिला श्रमिकहरूलाई पुरुषको दाँजोमा कम पारिश्रमिक दिने र जबर्जस्ती स्वदेश फिर्ता गराइएका धेरै आप्रवासी श्रमिकलाई उनीहरूले पाउन बाँकी रकम नदिइने गरेको पाइन्छ ।

यस्तै स्वेच्छाचारी र गैरकानुनी गिरफ्तारी एवम् दयनीय अवस्थाको थुनामा राखिने बढी सम्भावनाका कारण निरन्तरको खतरा उनीहरूले सामना गरिरहेका हुन्छन् । काम गरिसकेपछि पनि आफूलाई पारिश्रमिक नदिने वा आफूसँग रहेको रोजगार अनुमति एवम् अन्य कागजात जबर्जस्ती जफत गरिन सक्ने समस्याबाट पनि उनीहरू सताइएका हुन्छन् ।

त्यस्तै उनीहरूले त्यहाँ श्रम शोषण, करकापमा परी जोखिमपूर्ण काम गर्नुपर्ने, शाब्दिक र शारीरिक दुर्व्यवहार, ज्याला कटौती, न्यून पारिश्रमिक, जुन कामका लागि भनेर लगिएको हो त्यो भन्दा फरक काम गर्नुपर्ने, जति कमाई हुन्छ भनिएको हो त्यति कमाई नहुने र विशेष गरेर महिला श्रमिकहरूले यौनजन्य ज्यादती सहनुपर्नेलगायतका अनगिन्ती समस्याको सामना गर्नु परिरहेको अवस्था पाइएको छ । यस्ता ज्यादतीमा सरकारी अधिकारी, सरकारी वा अर्द्धसरकारी सुरक्षा निकाय, रोजगारदाता, म्यानपावर कम्पनी, श्रमिक नियुक्त गर्ने एजेन्टलगायतको भूमिका रहने गर्दछ । ❖

# पाइला-पाइलामा अप्ठेरो

समस्या विदेशमा मात्रै होइन, स्वदेशमा पनि उत्तिकै छन् । स्वदेशमा रहेका समस्याको छायाँ आप्रवासी नेपाली कामदारले विदेशमा पनि भोग्नुपरिरहेको छ । अगाडि **अभियान समाचार** टिमको आलेख :

विदेशमा रोजगारीका लागि जान चाहने नेपाली श्रमिकहरूको समस्या अहिले प्रवेशाज्ञा लिन होइन आफ्नै देशको राहदानी लिन बेहोर्नुपर्ने झन्झटबाट सुरु हुने गरेको छ ।

नेपालले मेसिन रिडेबल पासपोर्ट (एमआरपी) समयमा बनाउन नसकेका कारण राहदानी वितरण प्रक्रिया अहिले नारायणहिटीस्थित परराष्ट्र मन्त्रालयबाट मात्र भइरहेको छ । यो अवस्थाले गर्दा मेचीदेखि महाकालीसम्मका नेपाली सातुसामल बोकेर परराष्ट्र मन्त्रालयमा घामपानी नभनी कयौं दिनसम्म लाइन लाग्ने गरेका छन् । राहदानी जेनतेन लिएपछि म्यानपावर कम्पनीको खोजी, उनीहरूलाई रकम बुझाउनका लागि गाउँमा साहुसँग चर्को मूल्यमा ऋण लिनुपर्ने अवस्था स्वदेशका समस्या हुन् भने विदेश गइसकेपछि म्यानपावर कम्पनीले भनेअनुसारको सेवाशर्त



**साउदी अरेबियामा रोजगारदाता कम्पनीले तलब नदिएका कारण अलपत्र नेपाली कामदार ।** तस्वीर : अरब न्युज डटकम

नपुगेको भन्दै कहिलेकाहीँ त कुनै काम नै बिना स्वदेश फर्काइदिने र आफ्नो खर्च भएको रकम पनि नपाउने अवस्थासमेत देखिने गरेका छन् ।

कतारका लागि नेपाली राजदूत सूर्यनाथ मिश्र भन्नुहुन्छ- 'पहिला त कतारमा नेपाली कामदार ठगिएर विमानस्थलमा नै झोलाको तकिया लगाएरसमेत बसेका थिए । अहिले केही सुधार भएको छ ***(हेर्नुस् लेख १३ पृष्ठमा)*** ।' गएर काम गर्न थालेपछि पनि तलब समयमा नदिने, दिए पनि कम मात्रै दिने र त्यसको कानुनी उपचार खोज्ने अवस्था नै नहुने गरेको समेत बताइएको छ । साथै खाडी मुलुकमा नेपालका महिलालाई घरेलु कामदारका रूपमा राख्दा मालिकबाट यौनशोषण हुने गरेको र कतिपय अवस्थामा हत्या पनि भएका घटना सार्वजनिक हुने गरेका छन् ।

नेपाली कामदारको अवस्था उता यस्तो छ भने नेपालमा भने निजामती सेवाका कर्मचारी ठूलो जोडबल गरी वैदेशिक रोजगार विभागमा जाने गरेका छन् । देशका प्रभावशाली मान्छे नै सो स्थानमा आफ्ना मान्छेलाई पठाउन चाहने तर काम भने कामदारको हितका लागि त्यति नहुनुलाई रहस्यपूर्ण मान्नुपर्ने भएको छ । विदेशमा समस्यामा पर्नेका लागि प्रभावकारी उद्धार संयन्त्र अझै बन्न सकेको छैन । कसैको मृत्यु भएमा शव ल्याउनका लागि पनि स्थानीय नेपाली समुदायले चन्दा संकलन गर्नुपर्ने र कयौं दिन लाग्ने गरेका समस्या रहेका छन् ।

सरकारले विदेशमा रहेका कामदारसम्बन्धी मामिला मात्रै हेर्नका लागि श्रम विभाग र वैदेशिक रोजगार विभागको व्यवस्था गरेको हो । वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड पनि खडा छ । जसको काम सूचनामूलक सामग्री प्रचारप्रसार गर्ने भनिएको छ, तर खासै काम हुन सकेको छैन ।

सरकारले गत आवमा मलेसिया, साउदी अरेबिया, कतार र यूएईसमेतका ४ मुलुकमा श्रमसहचारी राख्ने व्यवस्था गरिसकेको छ । श्रमसहचारी राखिएपछि निकै सजिलो भएको सम्बद्ध राष्ट्रका दूतावासहरूले बताएका छन् । लाखौं कामदार हेर्नलाई एउटा श्रमसहचारीले तुरुन्तै समस्या समाधान गरिहाल्ने अवस्था भने देखिएको छैन । अन्य ६ स्थानमा श्रमसहचारी



## "अब पुराना कुरा नकोट्याऔं ।"

**डा. मदनकुमार भट्टराई**
**परराष्ट्र सचिव**

राख्ने तयारी सरकारले गरिरहेको श्रम तथा यातायात व्यवस्था मन्त्रालयका सचिव दिनेशहरि अधिकारीले *अभियान समाचार*लाई जानकारी दिनुभएको छ ***(हेर्नुस, अन्तर्वार्ता पृष्ठ १० को बक्समा)*** । उता यही श्रमसहचारीको विषयलाई लिएर श्रम तथा यातायात व्यवस्थामन्त्री मोहम्मद अफ्ताव आलम र परराष्ट्रसचिव डा. मदनकुमार भट्टराईबीच हात हालाहालको अवस्था उत्पन्न भएको समाचारसमेत नेपाली सञ्चारमाध्यममा सार्वजनिक भयो । यस सम्बन्धमा अभियान

# साउदीमा महिलाको पीडा



साउदी अरेबियाबाट फर्किएका १६ जना नेपाली चेली । तस्वीर : नेपाली दूतावास, रियाद

१७ मे, २०१० का दिन शारजाह हुँदै काठमाडौं भित्रिएको एयर अरेबियाको एउटा विमानमा रहेका सयौं यात्रुमध्ये १६ जना नेपाली महिला पनि थिए । स्वदेश फर्कनुभन्दा अघि उनीहरूले साउदी अरेबियामा निकै ठूलो सास्ती बेहोरे । तीमध्ये तीन जनाको शारीरिक र मानसिक अवस्था नै विक्षिप्त रहेको थियो । साउदी अरेबियाको दूतावासले नै हवाई टिकटको व्यवस्था गरी उनीहरूलाई नेपाल फर्काएको हो । हरेक हप्ता सो दूतावासले ५/६ जनालाई उद्धार गरेर नेपाल फर्काउने गरेको छ । साउदी अरेबियामा सुपर मार्केट, रेष्टुरेन्ट आदिमा नेपाल सरकारको वैदेशिक रोजगार विभागले महिलालाई काम गर्न स्वीकृति दिने गरेको छ । तर भारत हुँदै त्यहाँ पुग्नेहरू भने घरेलु कामदारका रूपमा पनि काम गर्ने गरेका छन् ।

दूतावासका अनुसार रियादमा मात्रै १० हजार नेपाली महिला घरेलु कामदारका रूपमा रहेको स्थानीय नेपाली दूतावासको अनुमान रहेको छ । तीमध्येका २/३ जना हरेक दिन समस्या लिएर दूतावासमा आउने गरेको बताइएको छ । खाना तथा तलब नदिने, कुटपिट गर्ने, धर्म परिवर्तन गराउने, यौन शोषण गर्ने-गराउनेजस्ता पीडामा नेपाली कामदार पर्ने गरेका छन् । त्यसैले उनीहरू झ्यालबाट हामफालेर हिँड्ने र दूतावासको शरणमा जाने गर्दछन् । प्रवेश गर्दा मात्र होइन साउदी अरेबियाबाट बाहिर निस्कँदासमेत उनीहरूलाई भिसाको आवश्यकता पर्दछ । त्यो भिसा लिने पीडाको छुट्टै कथा हुन्छ । ❖

समाचारले सचिव डा. भट्टराईसँग जिज्ञासा राख्दा उहाँको भनाइ थियो- 'अब पुराना कुरा नकोट्याऔं ।' रोजगारीका लागि काम गरिरहेका संघसंस्थाहरूले पनि श्रमसहचारीसम्बन्धी विवादको महसुस गरिरहेको पाइएको छ । वैदेशिक रोजगार व्यावसायिक महासंघका अध्यक्ष सोमनाथ बाटाजुले भन्नुभयो- 'श्रमसहचारी राखिएको भन्नु मात्रै रहेछ । दूतावासमा रहेका अन्य कूटनीतिक सेवाका कर्मचारीले सौता आएजस्तो गर्ने रहेछन् । यस्तो भएपछि कसरी कामदारको हकहितमा काम हुन्छ ?'

गएको वर्ष सरकारले आर्थिक मन्दीका कारण तोकिएको समयभन्दा पहिले नै काम गुमाएर फर्केका कामदारलाई ६ महिना नपुग्दै फर्केका भए उनीहरूले गरेको खर्चको ४० प्रतिशतसम्म र ६ महिनाभन्दा पछि १ वर्ष नपुग्दै फर्केका भए उनीहरूले गरेको खर्चको २५ प्रतिशतबराबरको रकम सम्बन्धित व्यावसायिक संस्था र बोर्डको वैदेशिक

# 'सकेसम्म गरिरहेका छौं'



**दिनेशहरि अधिकारी**
सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय

***विदेशमा रहेका नेपाली कामदारको हकहित संरक्षणका लागि सरकारले के गर्दैछ ?***

आधिकारिक रूपमा रोजगारदाता कम्पनीबाट विदेश गएकाहरूलाई अभिलेखका आधारमा आवश्यक क्षतिपूर्तिको व्यवस्था पनि गरेका छौं । कानुनी प्रक्रिया पूरा नगरेर जानेहरूको हकमा समस्या छ । तर पनि हामीले सकेसम्म काम गरिरहेका छौं ।

***विदेशमा रहेका कामदारको हकहित संरक्षणको नाममा श्रम र परराष्ट्र मन्त्रालयबीच सम्बन्ध बिग्रिएको हो ? श्रममन्त्री र परराष्ट्र सचिवबीच त झन्डै कुटाकुट भयो रे त !***

त्यस्तो होइन, दुई मन्त्रालयबीच सुमधुर सम्बन्ध रहेको छ । हामीले मिलेर काम गरिरहेका छौं ।

***श्रम सहचारी नियुक्तिका बारेमा अहिले के भइरहेको छ, अब कुरा मिलेको हो ?***

चार ठाउँमा श्रमसहचारी नियुक्त गर्ने काम भइसकेको छ । अब ६ ठाउँमा नियुक्तिका लागि हामीले परराष्ट्र मन्त्रालयसँग स्वीकृति मागिरहेका छौं । स्वीकृति पाएपछि काम अघि बढ्नेछ ।

रोजगार कल्याणकारी कोषबाट ५०/५० प्रतिशत बेहोर्ने गरी राहतस्वरूप उपलब्ध गराउने नीति ल्याएको थियो । वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले वैदेशिक रोजगारीमा गएर दु:ख पाएका वा अलपत्र परेका मानिसहरूको संरक्षण र पुनर्स्थापनाका लागि संरक्षण गृह र पुनर्स्थापना केन्द्रको स्थापना र सञ्चालन गर्ने सोच राखेर सोअनुरूपको कार्यक्रम र योजना सुरु गरेको छ ।

भारतमा नेपाली कामदार जाने चलन धेरै अघिदेखिको हो भने खाडीमा जान थालेको करिब २० वर्ष भएको छ । गरिबी, बेरोजगारी, प्राकृतिक साधनस्रोतको कमीजस्ता कारणले उनीहरू त्यसतर्फ गएका हुन् । पछिल्लो तथ्यांकअनुसार नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी) को २३ दशमलव ७ प्रतिशत भार नेपाली कामदारले पठाएको रेमिटेन्सले धान्ने गरेको छ । यूएनडीपीको एक तथ्यांकअनुसार नेपालमा मानव विकास



**केही त गर :** सिंहदरबारस्थित श्रम तथा यातायात व्यवस्था मन्त्रालय । जसले आप्रवासी नेपाली श्रमिकहरुको हकहित संरक्षणका लागि आवश्यक पहल गर्न नसकेको सर्वत्रबाट महसुस भइरहेको छ ।

सूचकांकको स्थान माथि पुऱ्याउन रेमिटेन्सले महत्वपूर्ण भूमिका खेलेको छ। यो क्रम द्वन्द्वको समयमा पनि देखिएको थियो ।

नेपालको अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हुँदाहुँदै पनि नेपाली कामदारले स्वदेश र विदेश दुवैतिर अप्ठेरो अवस्था सामना गर्नु परिरहेको छ। कतिपय कामदारले रकम तिरेको १ वर्षसम्म पनि कामका लागि सम्बद्ध गन्तव्यतर्फ उड्न पाएका हुँदैनन् । चर्को ब्याजमा उनीहरूले ऋण खोजेका हुन्छन् । कामको प्रकृति र सेवासुविधाबारेमा पनि राम्रो जानकारी दिइएको हुँदैन । बस्ने ठाउँ खराब भएका कारण उनीहरूले मानसिक र शारीरिक अप्ठेरो पनि बेहोर्नु परिरहेको छ।

तथ्यांकअनुसार नेपालको कुल गार्हस्थ उत्पादन (जीडीपी) को २३ दशमलव ७ प्रतिशत भार नेपाली कामदारले पठाएको रेमिटेन्सले धान्ने गरेको छ ।

## महिलालाई आश्रय

उता महिलाका लागि कतार, साउदी अरेबिया, मलेसिया, युएई र इजरायलमा आश्रय स्थल बनाउने सोच वैदेशिक रोजगार प्रवर्द्धन बोर्डले बनाएको पाइएको छ ।

काठमाडौंमा पनि एउटा घर बनाएर आउनासाथ ती कामदारका लागि बस्ने व्यवस्था मिलाउन **पौरखी** भन्ने संस्थाले सेल्टर हाउस बनाउन प्रस्ताव गरेको छ । सुरुमा २० कामदारका लागि बनाउने भनिएको सेल्टरका लागि ३२ लाख रूपैयाँ लाग्ने अनुमान गरिएको छ । इजरायलस्थित नेपाली दूतावासले कामदारको रेखदेखको नाममा ८ लाख रूपैयाँ मागेको छ । कामदारको हेरचाहका लागि भनेर सरकारले साउदी अरेबिया, कतार, युएई र मलेसियास्थित दूतावासलाई २/२ हजार डलर उपलब्ध गराउँदै आएको छ ।

## अपर्याप्त कार्यालय

श्रमसम्बन्धी मामिला हेर्ने कार्यालय काठमाडौं, नेपालगन्ज, जनकपुर, पर्सा, बुटवल, झापा, धनगढी, पोखरा, हेटौंडा र विराटनगरलगायत १० स्थानमा रहेका छन् भने सीप विकास तालिम केन्द्र झापा, इटहरी, ओखलढुंगा, जनकपुर, हेटौंडा, बुटवल, नेपालगन्ज, पोखरा, पर्वत, दाङ, धनगढी, महेन्द्रनगरलगायतका १२ स्थानमा रहेका छन् । कर्णाली अञ्चलमा भने सीप विकास तालिम केन्द्र र श्रम कार्यालय कुनै पनि अस्तित्वमा छैनन् । जबकि त्यहाँका मानिसलाई अन्य सहरी इलाकामा आउन गाह्रो रहेको छ । त्यस्तै सगरमाथा, धवलागिरी, राप्ती, कर्णाली र महाकाली अञ्चलमा श्रम कार्यालयहरू रहेका छैनन् । ❖

# पीडा आफैं बोल्छ, वक्तव्य

नेपाली राजदूतावास
कूवैत
**Embassy of Nepal**
State of Kuwait

سفارة نيبال
دولة الكويت

## प्रेस विज्ञप्ति

कुवेतस्थित नेपाली नियोगमा शरण लिन आउने महिला कामदारको संख्या प्रतिदिन बढ्दो गइरहेछ, त्यसमाथि हिजोआज वैदेशिक रोजगार विभागले तथाकथित संगठित क्षेत्रको नाममा दूतावाससंग समन्वय नगरी कनै क्लिनर, कनै चालक भन्दै नक्कली कागजातको आधारमा श्रम स्वीकृति दिँदै सो श्रम स्वीकृतिको आधारमा भित्रिएका पुरुष कामदारको संख्या पनि थपिएको छ । क्लिनर वा अन्य पेशा भनी पठाएका त्यस्ता कामदारहरु भेंडा र उंट चराउने वा खाना र बस्नेबासको सुविधा रहित कृषि फर्ममा काम लगाएको भनी भागेर आउने गरेका छन् । केही दिन यतादेखि १५-२० जना पुरुष कामदार आफूलाई नेपालका एजेन्टले जे काममा पठाएको हाल सो काममा नलगाइ, भेंडा र उंट चराउने जस्ता काममा लगाएको भन्दै भागेर आएका छन् । तीमध्ये केही काठमाडौंबाट टिकट मगाइ फिर्ता गएका छन् ।

करीब ३५-४० जना महिला कामदारलाई दूतावास भवनमा भुइँमा नै सामान्य म्याट ओछ्याइ राख्नुपरेको छ । यस कारणले पुरुष कामदारलाई दूतावासले आश्रय दिन सक्दैन । यसरी क्लिनर वा अन्य पेशा भनी पठाएका कामदारहरु दुवै तर्फका एजेन्टको कारण ठगीमा परेका हुन्छन् र त्यस कामले स्थानीय स्पोन्सर पनि ठगीमा पर्ने गरेका छन् । वास्तवमा स्पोन्सरले उसलाई चाहिएको काम कृषि मजदुर वा उंट वा भेंडाको गोठालो मागेका हुन्छन् तर सो काममा नेपालबाट मानिसहरु आउन नमान्ने भएकोले एजेन्टले पेशा हटाइ क्लिनर वा नोकरको झुटो कागज देखाएर र पाउने भन्दा बढी तलब दिने भनी ल्याएका हुन्छन् । तर उनीहरुको भिसामा घरेलु कामदार (निजी नोकर) लेखेको हुन्छ । भिसा अरबिक भाषामा हुनाले कसैले बुझ्दैनन् भने केही पनि नक्कली हुन्छ । एजेन्ट वा म्यानपावर कम्पनीले झुटो आश्वासन कामदारलाई दिएका कारण सोही आश्वासनमा परी कामदार यहाँ आएका हुन्छन् । यहाँ आउनासाथ यहाँका केही एजेन्टले कागजात खोसिदिने आदि कारणले उनीहरु कागज बिना दूतावास आउँछन् । सबैले बुझ्नुपर्ने कुरा के छ भने २० नम्बरको भिसा भनेको घरेलु कामदारको भिसा हो त्यसैले उसले घरमा लगाएको सबै काम गर्नुपर्दछ ।

यी कामदारहरुलाई पेशा झुक्याएर ल्याउनेमा नेपाली लगायत बंगाली, भारतीय र श्रीलंकाका एजेन्टहरु धेरै छन् । कामदारहरुलाई समस्या परेको खण्डमा नेपाली एजेन्टहरु बाहेक अन्य एजेन्टहरु दूतावाससंग सम्पर्क गर्न चाहँदैनन् । यसरी दूतावास खुलेदेखि हालसम्म पुरुष कामदारहरुमात्र ३० जनाभन्दा बढी भागेर दूतावासमा आएका छन् ।

अन्य देशका राजदूतावासले सबै कागजात प्रमाणित गर्ने र कागजात प्रमाणित नभइकन सम्बन्धित देशको सरकारले पनि आउन अनुमति नदिने भएकोले यस किसिमको दुःख ती देशका कामदारले त्यति धेरै भोग्नु परेको छैन ।

यदि रोजगार प्रवर्धन विभागले संगठित क्षेत्र भनी श्रम स्वीकृति दिनु अगाडि दूतावासबाट प्रमाणित गरिएको कागजपत्रहरुको आधारमा मात्र स्वीकृति दिने व्यवस्था गरेमा यो समस्या कमसेकम नेपालबाट सोझै आउने कामदारको हकमा भए पनि कम हुन सक्दछ ।

यसको अलावा कुनै पनि कामदारहरु जेसुकै काममा कुवेत आउन लागेको भएपनि दूतावासबाट कागजात प्रमाणित भए नभएको, काम के हो, के कति सुविधा पाउने हो लगायतका कुराहरु बुझेर मात्र आउनुहुन अनुरोध गरिएको छ । विस्तृत विवरणको लागि नेपाली राजदूतावासको फोन नं ००९६५ २५२४३२५७ वा kuwait@mofa.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

१७ जेठ, २०६७
नेपाली राजदूतावास
कुवेत

पुष्पराज भट्टराई
द्वितीय सचिव

खाडी मुलुक कुवेतस्थित नेपाली दूतावासले त्यहाँ पुगेका नेपाली कामदारका समस्याबारेमा जारी गरेको वक्तव्य । नेपाली कामदार रहेका अन्य देशस्थित नेपाली दूतावासले पनि यस्तै पीडा पोखिएका वक्तव्य बारम्बार जारी गर्ने गरेका छन् । तर, समस्या दोहोरिन भने छोडेका छैनन् ।



**सूर्यनाथ मिश्र**
कतारका लागि नेपाली राजदूत

## कतार :
# सुध्रदो अवस्था

**कतारसँग नेपालको श्रम सम्झौता भए पनि समयमा तलब नदिने, ओभरटाइम नदिनेजस्ता समस्या यथावत रहेका छन् । त्यसरी भनेजति तलब नदिँदा कानुनी उपचारका लागि अदालत जाने व्यवस्था छ । तर, समस्या के छ भने मुद्दा लड्न र अन्तिम फैसलाका लागि कम्तीमा ६ महिना समय लाग्दछ । ६ महिनासम्मको खर्च बेहोर्ने अवस्थामा नेपाली कामदारहरू हुँदैनन् । त्यसैले उनीहरू फर्कने टिकट पाएमा त्यसैमा चित्त बुझाउन विवश रहेका छन् ।**

म नोभेम्बर २२, २००७ मा राजदूत भएर कतारमा गएको हुँ । त्यतिबेला नेपाली कामदारको संख्या कतारमा १ लाख ४६ हजार थियो भने अहिले त्यो संख्या बढेर साढे ३ लाखको हाराहारीमा पुगेको छ । अहिले कतारमा रहेका नेपाली कामदारमध्ये ७० प्रतिशत कुनै पनि विषयमा क्षमता नभएका अनस्किल्ड छन् भने २७ प्रतिशत केही सीप भएका सेमी स्किल्ड रहेका छन् । ३ प्रतिशत भने सीपयुक्त जस्तो- ओभरसियरलगायतका रहेका छन् । कतारसँग नेपालको श्रम सम्झौता भए पनि समयमा तलब नदिने, ओभरटाइम नदिनेजस्ता समस्या यथावत रहेका छन् । त्यसरी भनेजति तलब नदिँदा कानुनी उपचारका लागि अदालत जाने व्यवस्था छ । तर, समस्या के छ भने मुद्दा लड्न र अन्तिम फैसलाका लागि कम्तीमा ६ महिना समय लाग्दछ । ६ महिनासम्मको खर्च बेहोर्ने अवस्थामा नेपाली कामदारहरू हुँदैनन् । त्यसैले उनीहरू फर्कने टिकट पाएमा त्यसैमा चित्त बुझाउन विवश रहेका छन् ।

म कतारमा जाँदाखेरी अलपत्र परेका नेपाली कामदारहरू दैनिकजसो झोलाको तकिया लगाएर विमानस्थलमै सुतिरहेका भेटिन्थे । तर, म गएपछि उनीहरूलाई दूतावासमा नै आश्रयको व्यवस्था मिलाइदिएँ । जुन कम्पनीले लगेको हो, त्यसको नाम कालोसूचीमा पनि राख्न थाल्यौं । हामीले ती कम्पनीका बारेमा कतार सरकारलाई पनि जानकारी गरायौं, त्यसपछि उनीहरूले पनि कडाई गरिदिन थालेकाले यस्तो समस्या ज्यादै कम हुन थालेको छ ।

नेपाल सरकारले समस्यामा परेका कामदारलाई हेर्नका लागि १ लाख ५० हजार रूपैयाँ वार्षिक बजेट पठाउने गरेको छ । यसलाई कतारको पैसामा बदल्दा साढे ७ हजार रियाल हुन्छ । त्यसले मात्रै साढे ३ लाख नेपालीलाई नपुग्ने अवस्था उत्पन्न भएपछि हामीले नेपाली कामदार लग्न चाहने कम्पनीलाई सुरुमा दूतावासको कल्याणकोषमा १ रियाल राख्न भन्यौं । पछि २ रियालसम्म बनाइयो । यसो गर्दा वार्षिक ५० हजार रियालसम्म उठ्यो । तर, २००९ को अप्रिल महिनादेखि यस खालको रकम नउठाउन परराष्ट्र मन्त्रालयले पत्र पठाएपछि हामीले यो काम रोक्यौं । यद्यपि त्यहाँ रहेका नेपाली समुदायले पनि हामीलाई सहयोग गरिरहेका छन् । गतवर्ष उनीहरूले ४०

वटा हवाई टिकट दिएका थिए । यसरी सहयोग गर्नेलाई हामीले प्रजातन्त्र दिवसको अवसरमा सम्मान गर्ने गरेका छौं ।

समग्रमा भन्नुपर्दा म राजदूत भएर कतारमा गएपछि नेपाली कामदारहरूको अवस्थामा सुधार आएको छ । तर, हाम्रो वैदेशिक रोजगारी ऐनको एउटा प्रावधानले समस्या उत्पन्न गराएको छ । वैदेशिक रोजगार ऐनको परिच्छेद ४ को दफा १५ उपदफा १ खण्ड ४ मा वैदेशिक रोजगार विभागबाट पूर्वस्वीकृति पाउनका लागि नेपाली कामदारको मागपत्र नेपाली नियोग वा सम्बन्धित मुलुकको आधिकारिक निकाय वा च्याम्बर्स अफ कमर्सबाट वा नोटरी पब्लिकबाट प्रमाणित गरेको हुनुपर्ने उल्लेख गरेको छ । यसले गर्दा दूतावासले कालो सूचीमा राखेका कम्पनीले पनि दलालमार्फत उताको चेम्बर अफ कमर्सको स्वीकृति लिएर नेपाली कामदार लगेका हुन्छन् । यसो गर्दा दूतावासलाई जानकारी पनि नभई कामदार लगिएको हुन्छ । समस्या आएपछि भने दूतावासले हेर्नुपर्ने हुन्छ । त्यसैले वैदेशिक रोजगारी ऐनमा यससम्बन्धी व्यवस्था संशोधन गर्नु जरुरी रहेको छ । कम्पनीले दूतावासमा स्वीकृतिका लागि अनुमति लिंदा उठ्ने राजस्व पनि गुम्ने स्थितिमा छ । त्यसैले दूतावासबाट स्वीकृतिको व्यवस्था ऐनमा गरिनु जरुरी छ ।

अनि नेपाली कामदारले पनि कतारमा गएर दुःख नपाउनका लागि भोकेसनललगायतका तालिम लिनुपर्दछ । किनकि नेपालीसँग प्रमाणपत्र त हुन्छ, तर काम भने जानेको हुँदैन । काम नजानीकन प्रमाणपत्रको कुनै अर्थ नै हुँदैन । अर्कातर्फ सरकारले पनि विदेशमा काम गर्न जानेहरूका लागि सहज ऋणको व्यवस्था गर्नुपर्दछ । किनकि चर्को ब्याजमा ऋण लिएर मानिसहरू कामको खोजीमा त्यता गएका हुन्छन्, तर त्यो तिर्नमा नै उताको कमाई सकिने अवस्थासमेत रहेको छ । कतार जाने नेपालीले काठमाडौंको विमानस्थल प्रयोग गर्ने काम गरे पनि समस्या घट्न सक्थ्यो। अन्य देशका विमानस्थल प्रयोग गर्दा नेपालमा त्यसको रकेर्ड हुँदैन र त्यततार्फ दुःख पाउने अवस्था पनि आउन सक्छ ।

**दूतावासले कालो सूचीमा राखेका कम्पनीले पनि दलालमार्फत उताको चेम्बर अफ कमर्सको स्वीकृति लिएर नेपाली कामदार लगेका हुन्छन् । यसो गर्दा दूतावासलाई जानकारी पनि नभई नेपाली कामदार उता पुग्छन् । समस्या आएपछि भने दूतावासले नै हेर्नुपर्ने हुन्छ । त्यसो हुंदा वैदेशिक रोजगारी ऐनमा यससम्बन्धी व्यवस्था संशोधन गर्नु जरूरी रहेको छ ।**

कुनै पनि नेपाली कामदार विदेश जाँदा नेपाल सरकारको सम्बद्ध विभागबाट प्रमाणित कम्पनीमार्फत गएमा नै ठगिने सम्भावना रहँदैन । यी कुरामा नेपाली नागरिकले ध्यान दिनुपर्दछ । महिला कामदारहरूको समस्या कतारमा त्यति ठूलो छैन । संगठनात्मक कामका लागि नेपाली महिलालाई त्यहाँ जान इजाजत भए पनि घरेलु कामदारका लागि भने अनुमति छैन । तर यदाकदा भारतको बाटोबाट त्यहाँ नेपाली महिला कामदार पुग्ने गरेका छन् । उनीहरू अप्ठेरोमा परेमा हामीले उद्धार गर्ने गरेका छौं ।

*(राजदूत मिश्रको भनाइ अभियान समाचारसँगको कुराकानीमा आधारित छ -सं. ।)*

# १ प्रश्न

**अभियान समाचार**ले यस पटक नेपाली कामदार रहेका मुलुक युनाइटेड अरब इमिरेट्स र मलेसियास्थित नेपाली राजदूतहरु क्रमशः अर्जुनबहादुर थापा र डा. ऋषि अधिकारीसँग नेपाली कामदारको सेरोफेरोमा रहेर १ प्रश्न सोधेको थियो । प्रस्तुत छ, प्रश्नोत्तर जस्ताको त्यस्तै :



# गुणात्मक रोजगारी जरुरी

**अर्जुनबहादुर थापा**
नेपाली राजदूत, संयुक्त अरब इमिरेट्स

१. ***युएईमा नेपाली कामदारको संख्या कति छ ?***

संयुक्त अरब एमिरेट्स (युएई) मा नेपाली कामदारहरूको संख्या भारत, पाकिस्तान, बंगलादेश, फिलिपिन्स, श्रीलंकाजस्ता देशहरूका तुलनामा कमै भए तापनि न्यून भने छैन । म राजदूत भएर आएपछि सन् २००८ को सेप्टेम्बर महिनामा संकलन गरिएको तथ्यांकअनुसार युएईका विभिन्न ७ इमिरेट्सहरूमा नेपालीहरूको कूल संख्या १ लाख २५ हजार २ सय ७२ रहेको छ । जसमध्ये सबैभन्दा बढी दुबई इमिरेट्समा ७४ हजार ५ सय १० र आबुधाबी इमिरेट्समा २९ हजार ८ सय ५२ छन् । त्यसपछि शारजहाँ इमिरेट्समा १२ हजार ४ सय ३३, अजमान इमिरेट्समा ३ हजार ५ सय ५०, रस अल खेमामा २ हजार ६ सय ५, फुजेरा इमिरेट्समा १ हजार २ सय ८० र सबैभन्दा कम उम अल क्वेनमा १ हजार ४२ नेपाली कामदारहरू कार्यरत रहेको तथ्यांकले देखाउँदछ । अहिले नेपाली कामदारहरूको संख्या सवा लाखको हाराहारीमा रहेको छ ।

सबैलाई एउटै बास्केटमा राखेर तुलना गर्न भने मिल्ने अवस्था देखिँदैन ।

२. ***उनीहरूको अवस्था कस्तो छ ?***

यहाँ नेपाली कामदारहरूको अवस्था समष्टिमा भन्नुपर्दा सन्तोषजनक नै छ । खासगरी डाक्टर, इन्जिनियर, नर्सहरू, सुरक्षागार्ड, अतिथि सत्कार क्षेत्रमा कार्य गर्ने कामदारहरू तथा अन्य क्षेत्रमा कार्य गर्ने दक्ष तथा अर्धदक्ष जनशक्तिको अवस्था सुविधाको हिसाबले र साथै अन्य हिसाबले पनि राम्रो छ । तर, निर्माण क्षेत्रमा काम गर्ने अदक्ष मजदुरहरू, अधिकांश घरेलु कामदारहरू तथा अन्य अदक्ष कामदारहरूको स्थिति भने सुविधा तथा अन्य सबै दृष्टिकोणले सबै अवस्थामा राम्रो नै छ भन्न सक्ने स्थिति छैन । निश्चित रूपमा रोजगारदाताहरूको कामदारहरूप्रतिको धारणा फरक-फरक हुने हुँदा रोजगारदाता कम्पनी हेरेर पनि कामदारहरूको स्थितिमा फरक पर्छ । तसर्थ सबैलाई एउटै बास्केटमा राखेर तुलना गर्न भने मिल्ने अवस्था देखिँदैन ।

३. ***ठगिएको र रोजगारदाता कम्पनीले मानवीय व्यवहार नगरेको भन्ने गुनासो बारम्बार आएको सन्दर्भमा के भन्नुहुन्छ ?***

मैले अघि भनेझैं सबै रोजगारदाता कम्पनीलाई यस्तो खालको दोष लगाउन भने मिल्दैन । तथापि ठगिएको र रोजगारदाता कम्पनीले मानवीय व्यवहार नगरेको भन्ने गुनासो भने समय-समयमा आउने गरेको यथार्थ हो । कतिपय अवस्थामा बढी तलब दिने प्रलोभन देखाई अरबी भाषामा लेखिएको करारनामा ( जसलाई नेपाली कामदारले बुझ्दैनन्) मा कम तलब उल्लेख हुन्छ र त्यस्तो करारनामामा कामदारको सहीछाप गराइने हुँदा कानुनी रूपमा रोजगारदाताको हात माथि परेको हुन्छ । त्यस्तोमा यहाँको श्रम कानूनले त्यति मद्दत गर्ने स्थिति हुँदैन । कम्पनीबाट ठगिएको वा मानवीय व्यवहार नभएको दूतावासलाई जानकारी हुनासाथ सम्बन्धित रोजगारदाता कम्पनी र नेपालको सम्बन्धित म्यानपावर कम्पनीसँग

कुरा गरी समस्या समाधान गर्ने काम गरिन्छ। दूतावासको पहलमा समस्या समाधान नभएमा त्यस्ता कम्पनीलाई कालो सूचीमा राख्ने र समस्या समाधान गर्न सम्भव भएसम्मका कानुनी उपाय अवलम्बन गर्नेतर्फ परामर्श दिँदै आइएको छ।

***४. काम नपाएर अलपत्र पर्नेहरू पनि छन् कि ?***

कहिलेकाहीँ काम नपाएर अलपत्र पर्नेहरू दूतावासको सम्पर्कमा आउने गर्दछन्। तर, अहिले भने त्यसबारेमा दूतावासलाई कुनै जानकारी छैन।

***५. नेपाली महिला कामदारहरूको अवस्था के छ ? उनीहरू यौन शोषणमा परेको गुनासो बारम्बार आउने गरेको छ नि ?***

हामीले यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने नेपाली महिला कामदारहरू भनेर सामान्यीकरण गर्न उचित नहोला। दक्ष तथा अर्धदक्ष नेपाली महिलाहरूको अवस्था राम्रो छ। सायद तपाईंले घरेलु महिला कामदारको अवस्था सोध्न खोज्नुभएको होला। घरेलु महिला कामदारलाई खाडी मुलुकहरूमा काम गर्न आउन औपचारिक रूपमा नेपाल सरकारले खुला गरेको छैन। लुकिछिपी तेस्रो मुलुक भएर वा ब्युटिसियन, क्लिनर, बेबी सिटर आदि भिसाको समेत प्रयोग गरी वा भिसा जारी गर्दा अरबी भाषामा नोकर लेखिएको तर अंग्रेजी भाषामा चाहिं 'टेम्परिङ' गरी नेपाल सरकारले बन्देज नलगाएको अन्य कुनै पेसा उल्लेख भएको भिसा प्रयोग गरी काठमाडौंको विमानस्थलबाट नै यहाँ घरेलु कामदारका रूपमा आउने गरेको पनि पाइयो। यहाँ आइसकेपछि घरेलु महिलाका रूपमा कार्य गर्ने महिलालाई यहाँको श्रम कानून आकर्षित हुँदैन र शारिया कानून (मुस्लिम कानून) मात्र लागू हुन्छ। कतिपय अवस्थामा घरेलु कामदारहरूलाई सुविधा र सुरक्षाको दृष्टिकोणले राम्रै पाइए तापनि सबै अवस्थामा भने उनीहरूको स्थिति राम्रो छ भन्ने स्थिति छैन। दूतावासको अधिकांश समय घरेलु महिला कामदारको उद्धारमा खर्च भएको हुन्छ। दूतावासमा भागेर आउने महिला कामदारहरू प्रायजसो खाली हुँदैनन्। यसरी भागेर आउने महिला घरेलु कामदारहरूले बढी काम गर्नुपर्ने, खाना पेटभरि खान नपाउने, कुटपिट सहनुपर्ने, कम तलबमा काम गर्नुपर्ने र कतिपयले यौन शोषणमा परेको पीडासमेत सुनाउने गर्दछन्।

**[ यहाँ आइसकेपछि घरेलु महिलाका रूपमा कार्य गर्ने महिलालाई यहाँको श्रम कानून आकर्षित हुँदैन र शारिया कानून (मुस्लिम कानून) मात्र लागू हुन्छ। कतिपय अवस्थामा घरेलु कामदारहरूलाई सुविधा र सुरक्षाको दृष्टिकोणले राम्रै पाइए तापनि सबै अवस्थामा भने उनीहरूको स्थिति राम्रो छ भन्ने स्थिति छैन। ]**

***६. नेपाली कामदारहरूको अवस्था सुधार्नका लागि तपाईंको तर्फबाट कस्तो पहल भइरहेको छ ?***

म राजदूत भएर आएको २/३ महिनासम्म त यहाँको धरातलीय यथार्थता बुझ्नमा समय गयो। त्यसपछि मैले नेपाली कामदारहरूले पाइरहेको न्यूनतम पारिश्रमिक ज्यादै कम भएको महसुस गरी प्रतिमहिना आधारभूत तलब ६ सय दिरहाम (१ दिरहामबराबर करिब २० रुपैयाँ) भन्दा कमको कामदार मागपत्रलाई स्वीकृति दिने कार्य बन्द गरें। त्यस्तै मागपत्र स्वीकृत गर्दा रोजगारदाता कम्पनीको प्रोफाइलका बारेमा पनि उच्च सतर्कता अपनाउन थालियो। दूतावासको शरणमा आएका महिला घरेलु कामदारहरू राजदूतावासमा स्थानको अभावमा सानो भान्सा कोठामा ६/७ जनासम्म कोचाकोच गरेर सुत्नु पर्दथ्यो भने अहिले हामीले दूतावासका लागि भिन्नै भवन भाडामा लिएका छौं र सो भवनसँगै घरेलु महिला कामदारका लागि सानो सुरक्षित आवासको व्यवस्था पनि गरेका छौं।

त्यस्तै, आफ्नो बिनागल्ती कुनै व्यक्ति वा निकायबाट कुनै नेपालीले दुःख पाएको जानकारी प्राप्त हुनासाथ यहाँका उच्च अधिकारीहरूको सहयोग लिई पीडित पक्षलाई उद्धार गर्ने कार्यमा तीव्रता ल्याएको छु। कुनै कामदारको मृत्यु

भएपछि उसले पाउनुपर्ने बिमा तथा क्षतिपूर्तिवापतको रकम प्राप्त गर्नका लागि कम्पनीबाट मानवीय आधारमा समेत पीडितको परिवारलाई अधिकतम रकम उपलब्ध गराइदिनका लागि 'पर्स्युएसिभ मेथड' समेत अवलम्बन गरेका छौं ।

त्यस्तै यहाँ काम गरेर बस्ने कामदारहरूलाई दूतावासबाट प्रदान गर्ने सेवा उही दिनमा छिटो, छरितो र बिनाझन्झट प्रदान गर्ने गरिएको छ । यहाँका कामदारहरूलाई प्रायः शुक्रबार बिदा हुने हुँदा अत्यावश्यक परेमा दूतावासले बिदाको दिनमा र रातको समयमा समेत नेपालीहरूलाई सेवा प्रदान गर्दै आइरहेको छ । हामीले माग आएमा त्यस्तो बिदाको दिनमा घुम्ती सेवासमेत सञ्चालन गर्न तयार भएको बेहोरा सार्वजनिक गरेका छौं । तर, हालसम्म घुम्ती सेवाको माग भने आइनसकेको हुँदा त्यस्तो सेवा सञ्चालन भने भइसकेको छैन ।

***७. नेपालमा कसरी पहल गरियो भने विदेशमा काम गर्न जाने नेपालीले मानवीय र सम्मानजनक व्यवहार पाउलान् ?***

मलाई लाग्दछ, यदि हामीले दक्ष तथा अर्द्धदक्ष जनशक्ति खपत गर्न प्राथमिकता दियौं भने यहाँले भन्नुभएजस्तो नेपालीहरूले मानवीय र सम्मानजनक व्यवहार पाउनेछन् । साथै, यहाँ काम गर्न आउनुभन्दा पूर्व यस देशका बारेमा जानकारी राख्न पनि आवश्यक छ । आफ्नो अधिकार र कर्तव्यका बारेमा जानकारी राख्नुपर्दछ । साथै विदेशमा तथा विदेशीहरूसँग कस्तो व्यवहार गर्न आवश्यक छ भन्नेबारेमा पनि जानकारी राख्नु आवश्यक छ ।

**यस्तो रोजगारीको सिर्जना हुँदा त्यस्तो खुसी मान्नुपर्ने कुरा केही छैन । हामीले परिमाणात्मकभन्दा गुणात्मक वैदेशिक रोजगारीमा ध्यान दिन जरुरी छ ।**

***८. म्यानपावर कम्पनीहरूको भूमिकालाई कसरी लिनुभएको छ ?***

नेपालका कतिपय म्यानपावर कम्पनीहरू कानूनले निर्धारण गरेको सीमाभित्रको शुल्क मात्र लिने र राम्रो रोजगारदाता कम्पनीहरूमा मात्र काम गर्न पठाउने र पठाइसकेपछि समस्या परेमा समस्याको निराकरण गर्न तत्पर रहने खालका छन् । तर, कतिपय म्यानपावर कम्पनीहरू भने कानूनले निर्धारण गरेको शुल्कभन्दा बढी लिने, कामको प्रकृतिका बारेमा गलत सूचना प्रवाह गर्ने, काठमाडौंको विमानस्थलमा देखाउने प्रयोजनका लागि मात्र नक्कली भिसा प्रदान गर्ने र यहाँ आइसकेपछि अर्को खालको काममा लगाउने आदि गरेको पाइन्छ ।

***९. तपाईं रहनुभएको मुलुकमा नेपाली कामदारलाई अझ भरपर्दो रोजगारीको व्यवस्थाका लागि के गर्न सकिएला ?***

वैदेशिक रोजगारी कुनै पनि देशको दीर्घकालीन उद्देश्य तथा लक्ष्य हुन नसक्ने कुरा सायद मैले यहाँ दोहोऱ्याइरहनु नपर्ला । यद्यपि अहिलेको अवस्थामा हामीले वैदेशिक रोजगारीलाई तत्कालै नकार्न सक्ने अवस्था भने छैन । रोजगारीका लागि मात्र रोजगारीले वाञ्छित प्रतिफल प्रदान गर्न नसक्ने कुरा निश्चित छ । तल्लो स्तरमा काम गर्ने कामदारहरूले यहाँसम्म आइपुग्नका लागि साहूसँग चर्को ब्याजमा ऋण लिएर, म्यानपावर कम्पनीहरूलाई चर्को शुल्क तिरेर काम गर्दा अधिकांश अवस्थामा ऋण तिर्नका लागि मात्र २ वर्ष काम गर्नुपर्ने हुन्छ । यस्तो खालको रोजगारीको सिर्जना हुँदा त्यस्तो खुसी मान्नुपर्ने कुरा केही छैन । हामीले परिमाणात्मकभन्दा गुणात्मक वैदेशिक रोजगारीमा ध्यान दिन जरुरी छ । यसका लागि युएईको श्रमबजारमा उच्च मागमा रहेका र आकर्षक तलबसुविधा प्रदान गरिएका पेसाहरू जस्तो- इन्जिनियर, डाक्टर, नर्स, सुरक्षागार्ड, एकाउन्टेन्ट, अतिथि सत्कारका क्षेत्र, सेक्रेटरियल सर्भिसेज, सेल्स, आईटी आदि क्षेत्रमा हाम्रो श्रमशक्ति उत्पादन गर्दा राम्रो हुने देखिन्छ । ❖

# छुट्टै संयन्त्र बनाउनुपर्छ



१ प्रश्न

**डा. ऋषि अधिकारी**
नेपाली राजदूत
मलेसिया

***१. मलेसियामा नेपाली कामदारको संख्या कति छ ?***

मलेसियामा मानव संसाधन मन्त्रालय र आप्रवासन विभागको आधिकारिक आँकडाअनुसार पुगनपुग २ लाख नेपाली छन् । तर बाहिर अन्दाज गर्नेहरूका अनुसार ३-४ लाख नेपाली छन् । दूतावासलाई नेपालबाट कुनै आँकडा उपलब्ध नगराइएको र मलेसियाका कम्पनीको मागपत्र मात्र दूतावासले प्रमाणीकरण नगरी मलेसियाका पब्लिक नोटरी वा चेम्बर अफ कमर्सले गर्न सक्ने प्रावधान वैदेशिक रोजगार ऐन २०६४ ले गरेअनुसार ८० मलेसियन कम्पनीले दूतावासबाट प्रमाणीकरण नगराउने हुँदा कति नेपाली युवायुवती कुन कम्पनीमा के कामका लागि आउन लागेका हो, दूतावासलाई थाहै हुँदैन ।

> कति नेपाली युवायुवती कुन कम्पनीमा के कामका लागि आउन लागेका हो, दूतावासलाई थाहै हुँदैन ।

***२. तपाईंहरूलाई थाहा भएसम्म उनीहरूको अवस्था कस्तो छ ?***

नेपाली श्रमिकमध्ये अधिकतमको अवस्था मलेसियामा ठीक छ । तलब र कामको प्रकृति सम्झौताअनुसार नै भएकोले थोरै श्रमिकहरूले मात्र विभिन्न किसिमका समस्या भोगिरहेका छन् । कुनै एक कम्पनीमा आएर सो कम्पनी छोडी अर्कै कम्पनीमा जाने श्रमिकहरू गैरकानुनी रूपमा बसेको ठहरिन्छ र कुनै बेला पनि थुनामा परी ३ देखि ६ महिना जेल काट्न बाध्य हुन्छन् । सो अवधि पूरा भएमा आफैले टिकट काटेर नेपाल फर्किनुपर्ने हुन्छ । यो वर्गमा प्रायजसो ठूलो संख्यामा नेपाली भेटिन्छन् । अर्को समस्या, उनीहरूलाई जाली पासपोर्ट र जाली कागजात थमाएर कम्पनीमा पठाइन्छ । यी श्रमिकहरू विमानस्थलमै थुनिन्छन् । म्यानपावर कम्पनी, रोजगारदाता कम्पनी तथा तिनका एजेन्टहरूबीच कमिसनको कुरा नमिल्ने र मलेसियाको विमानस्थलमा लिन नजाने हुँदा श्रमिक अलपत्र पर्दछन् । २४ घण्टाभन्दा बढी यस्तो अवस्था रहेमा उनीहरूलाई जेल चलान गरिन्छ । कतिपय श्रमिकलाई सम्झौताअनुसारको तलब नदिने, अगाडि तय गरिएभन्दा गाह्रो काम लगाउने आदि कुराबाट पनि शोषण गरेको पाइन्छ । हाल आएर मलेसिया सरकारले मिनाहा गरेको लेभी अझै पनि कतिपय कम्पनीले श्रमिकबाट काटेर ठगी गरेको पाइएको छ । नेपाली श्रमिकहरू ९५ प्रतिशत उत्पादन र सेवा क्षेत्रमा काम गर्दछन् । न्युनतम तलब महिनाको ५ सय ४६ रिंगिट पाउँछन् । तर, नेपालमा श्रमिकहरूसँग ४ सय ८१ रिंगिटको अर्को सम्झौता पनि गराउने गरेको पाइएको छ । यसरी श्रमिकहरूलाई २ वटा सम्झौतामा हस्ताक्षर गराएर ठग्ने गरेका दृष्टान्तहरू पनि दूतावासमा आउने गरेका छन् ।

***३. उसो भए नेपाली कामदारलाई मानवीय व्यवहार भएको छैन ?***

नेपाली कामदार ठगिने गरेको पक्कै हो । माथि पनि भनियो कि रोजगारदाता कम्पनीमध्ये केहीले मात्र मानवीय व्यवहार नगरेको गुनासो दूतावासमा आउने गरेको छ । मलेसियामा किसिम-किसिमका लाखौं कम्पनी छन् । राम्रा कम्पनीले व्यवहार राम्रै गरेको पाइन्छ । नराम्रो व्यवहार गर्ने कम्पनीमध्ये कतिपयमा श्रमिकबाट पनि झगडा गरेको पाइएको छ । नेपालमा एजेन्टबाट र म्यानपावर कम्पनीबाट सपना बाँडिएको हुन्छ । खासगरी तलब सुविधा वास्तविकभन्दा बढीको प्रलोभन, काम गाह्रोभन्दा सजिलोको प्रलोभन आदि ।

***४. काम नपाएर अलपत्र पर्नेहरू पनि छन् होइन ?***

काम नपाएर अलपत्र परेका पनि छन् । कतिपय

एजेन्टले सोझै र कतिपय म्यानपावर कम्पनीले जबर्जस्ती रोजगारदाताले बदर गरेका कोटामा नपठाउन भन्दाभन्दै पैसा लिएर मलेसिया उडाइदिन्छन् । यहाँको विमानस्थलमा कोही लिन नजाँदा ती व्यक्तिहरू अलपत्र परेको पाइन्छ । झूठो कागजात र पासपोर्ट बनाई उडाइदिएर अलपत्र पारिन्छ । कतिपय श्रमिक आफूलाई भिसा उपलब्ध गराउने कम्पनीबाट भागेर अर्को कम्पनीमा जान खोज्छन्, तर कामकुरो नमिली अलपत्र परेको पाइन्छ । कतिपय श्रमिकहरू पैसा कम भयो, काम गाह्रो भयो भनेर कम्पनी छोडी दूतावासको सम्पर्कमा आउने गर्दछन् । अलपत्र पर्ने सम्पूर्ण संख्या समयअनुसार घट्‌बढ भए पनि करिब २५ देखि ५० जना औसतमा अलपत्र भइरहेको पाइन्छ ।

***५. नेपाली महिला कामदारको अवस्था के छ ? उनीहरू यौन शोषणमा परेको गुनासो बारम्बार आउने गरेको छ नि ?***

मलेसियाले विदेशी महिला कामदारलाई घरेलु काममा आउन रोक लगाएको छ । अन्य कामहरू जस्तै- सफाई, प्याकिङ र विद्युतीय काम गर्न आउने महिला कामदारको हकमा दूतावासकै अधिकृत उक्त कम्पनीमा भ्रमण गरी काम गर्ने वातावरण, सुरक्षा व्यवस्था, खतरा, बासस्थानको अवस्था, कम्पनीको विगतको छवि आदिको अध्ययन गरी मात्र मागपत्र प्रमाणीकरण गरिन्छ । हालसम्म गैरकानुनी तरिकाले मलेसियामा ल्याइएर वा आई शोषित हुनेमा १/२ जना महिलाबाहेक अरू यौन शोषणमा परेको पाइएको छैन ।

> कतिपय श्रमिकहरु पैसा कम भयो, काम गाह्रो भयो भनेर कम्पनी छोडी दूतावासको सम्पर्कमा आउने गर्दछन् ।

***६. नेपाली कामदारहरूको अवस्था सुधार्नका लागि तपाईंको तर्फबाट कस्तो पहल भइरहेको छ ?***

दूतावासबारेका नकारात्मक टीका-टिप्पणीहरूको लेखाजोखा गरी कामहरू छिटोछरितो गर्ने, श्रमिकलाई यथाशक्य सरसहयोग पुऱ्याउने गैरकानुनीरूपमा बसेका र घर जान चाहनेलाई ट्राभल डकुमेन्ट एक दिनमै प्रदान गर्ने, सरकारी दस्तुरबाहेक बिनारसिद कुनै पनि रकम आदानप्रदान नहोस् भन्नेबारे सचेत गराउने कामहरूलाई प्राथमिकता दिइएको छ ।

दूतावास प्रमुखसँग गोप्य कुरा राख्न सजिलोका लागि राजदूतले आफै खोल्ने गरी एक सुझावपेटिका राखिएको छ। दूतावासमा ठाउँको कमीलाई हल गर्न अर्को हल र कोठा थप गरेर केही फर्निचरको व्यवस्था गरिनुका साथै बसाइँमा फेरबदल गरी आगन्तुकहरूको रजिस्ट्रेसनको व्यवस्था गरिएको छ । ट्राभल डकुमेन्ट, पासपोर्ट प्रमाणीकरणलगायतका काम एक दिनमै गर्ने व्यवस्थाको सुरुवात गरिएको छ । कम्पनीबाट श्रमिकका लागि आएका मागपत्रलाई तीनदेखि सात दिनभित्र प्रमाणीकरण गर्ने गरिएको छ ।

मलेसिया सरकारले लगाउँदै आएको मासिक लेभी (६०/२००) रिंगिट नेपाली दूतावासको पहलमा मिनाहा भएको छ । मलेसियन सरकारसँग पहल गरी गैरकानुनी रूपमा वर्षौंदेखि बसिरहेका करिब १ हजार जना नेपालीलाई दण्ड नतिरेरै घर फर्काइयो । अन्य पनि घर जान चाहेमा थोरै दण्ड तिरी घर जाने व्यवस्था मिलाइएको छ । जसका लागि चाहिने ट्राभल डकुमेन्ट एकै दिनमा प्रदान गरिन्छ । बढी जोखिमका कामहरू जस्तै- घरेलु कामदार, प्लान्टेसन र कन्स्ट्रक्सनमा नेपालीहरूलाई विशेष व्यवस्था गरेर मात्र ल्याउनेबारे छलफल चलिरहेको छ । समस्या पार्ने एजेन्ट, कम्पनी र म्यानपावर कम्पनीविरुद्ध जेहाद छेडेर कारबाही अगाडि बढाइएको छ । दूतावासले जेल र कम्पनी भ्रमणलाई व्यवस्थित र सुदृढ गर्नाले श्रमिकहरूलाई घर पठाउने र उनीहरूका समस्या सुल्झाउने क्रियाकलाप बढेका छन् । जोखिममा परेका श्रमिकहरूलाई उद्धार गर्न र अन्य सहयोग पुऱ्याउन नेपालसम्बन्धी विभिन्न संघसंस्थाहरूसँग समन्वय गरी काम अघि बढाइएको छ । श्रमिकसम्बन्धी विभिन्न आँकडा कम्प्युटराइज गरी अनुगमनलाई नियमित र चुस्त बनाइएको छ ।

***७. नेपालमा कसरी पहल गरियो भने विदेशमा काम***

***गर्न जाने नेपालीले मानवीय र सम्मानजनक व्यवहार पाउलान् ?***

हालको वैदेशिक रोजगार ऐन ०६४ कै मातहतमा काम गर्दा यी समस्याहरू निमिट्यान्न हुने छैनन् । हो, यदि नेपालमा सम्बन्धित निकायहरू र दूतावासबाट दत्तचित्त भएर मौजुदा नियमकानूनलाई कडाइका साथ पालना गरी पीडकहरूलाई कडाभन्दा कडा कारबाही गर्ने, श्रमिकहरूलाई मलेसियाबारे, काम र व्यवहारबारे सचेत गराई पठाउने, दूतावासलाई बढी जिम्मेवार बनाई मागपत्रमा दूतावासले मात्र प्रमाणीकरण गराउँदा श्रमिकको पीडा न्युनीकरण गर्न सकिन्छ । तर, यो ऐनभन्दा टाढा गएर सोच्दा वैदेशिक श्रमिकहरूको व्यवस्थापनमा आमूल परिवर्तन गर्नुपर्ने देखिन्छ । त्यसका लागि एक अर्द्धसरकारी संयन्त्र बनाई त्यस संयन्त्रले श्रमको माग परिपूर्ति गर्ने सम्पूर्ण क्रियाकलाप गर्नुपर्ने हुन्छ । श्रमिकका लागि विज्ञापन, छनोट, तालिम, रोजगारदाता कम्पनीमा प्लेसमेन्ट, अनुगमन आदि सम्पूर्ण क्रियाकलाप उक्त संयन्त्रले गर्दा हाम्रा श्रमिकहरूको हकहितको संरक्षण हुने र केही समस्या पर्दा यथाशीघ्र हल भएर अलपत्र पर्नुपर्ने, ठगिनुपर्ने आदि समस्याबाट मुक्ति पाउनेछन् ।

**जनतालाई ठूलो संख्यामा अर्को देशमा काममा पठाउनु बाध्यता हो । यो कार्य भरपर्दो कहिल्यै पनि हुन सक्दैन । मलेसियामा अन्य देशहरूबाट श्रमिकहरु खास गरी 'थ्री डी' (डर्टी, डेन्जरस र डिफिकल्ट) कामका लागि ल्याइन्छ । सजिलो, बढी तलबको काम आफ्ना नागरिकका लागि हो ।**

***८. म्यानपावर कम्पनीहरूको भूमिकालाई कसरी लिनुभएको छ ?***

म्यानपावर कम्पनीहरूमध्ये प्रायले राम्रै काम गरेको पाइन्छ । समस्या सकेसम्म नहोस् भनेर सचेत हुने, समस्या परेमा अविलम्ब सुल्झाई श्रमिकलाई केन्द्रबिन्दुमा राखी आफ्नो पेसा गर्ने म्यानपावर कम्पनीको भूमिका ठीकै लाग्दछ । तर, थोरै कम्पनीहरूले जानीनजानी पैसा बढी लिने, कामबारे विभिन्न झूठो प्रलोभन देखाउने र समस्या परेमा लुक्ने तथा भाग्ने प्रवृत्ति भएको पनि पाइएको छ । यस्ता कम्पनीलाई बन्द गराई उक्त व्यवस्थापनमा भएका व्यक्तिहरू संलग्न भएको अर्को कम्पनी खडा गर्न नदिएमा समस्या न्युनीकरण हुने देखिन्छ ।

***९. मलेसियामा नेपाली कामदारलाई अझ भरपर्दो रोजगारीको व्यवस्थाका लागि थप के गर्न सकिएला ?***

आफ्ना जनतालाई ठूलो संख्यामा अर्को देशमा काममा पठाउनु बाध्यता हो । यो कार्य भरपर्दो कहिल्यै पनि हुन सक्दैन । मलेसियामा अन्य देशहरूबाट श्रमिकहरू खासगरी 'थ्रीडी' (डर्टी, डेन्जरस र डिफिकल्ट) कामका लागि ल्याइन्छ । सजिलो, बढी तलबको काम आफ्ना नागरिकका लागि हो । आर्थिक मन्दी, राजनीतिक उथलपुथल आदि भएमा थ्रीडीको काम पनि नपाइने हुन सक्छ । तर मौजुदा हालतमा वैदेशिक रोजगारी भरपर्दो बनाउनका लागि मलेसियन सरकारसँग निकटको सम्बन्ध बनाइराख्ने, आफ्ना नागरिक बढी अनुशासित, मेहनती र भरपर्दो भएको तथ्यलाई उजागर गर्ने तथा दक्ष वा अर्द्धदक्ष श्रमिकलाई यहाँको श्रमबजारमा ठाउँ बनाउन कोसिस गर्नुपर्ने हुन्छ । मलेसियामा नेपालीहरूका लागि बढी तलब पाउने खास जागिर सुरक्षासम्बन्धी क्षेत्र हो । तर हाल मलेसियाले केही समययता आफ्नै नागरिकलाई उक्त सेवामा जागिर दिने भनेर नेपालीहरूलाई नलिइरहेको अवस्था छ । सम्बन्धित सबै निकायहरूसँग दूतावासले सुरक्षा क्षेत्रमा नेपालीहरूलाई लिइदिनुपर्‍यो भनेर भरमग्दुर प्रयास गरिरहेको छ । पहिले रोकेका प्लान्टेसन, कन्स्ट्रक्सन र घरेलु महिला कामदारको क्षेत्रमा पनि नेपालीहरूलाई आउन सकिने अवस्था सिर्जना गर्न मलेसियाका सम्बन्धित निकायसँग भिन्नै सम्झौता गर्नेबारे पहल भइरहेको छ । अन्त्यमा अघि नै मैले भनेका अर्द्धसरकारी संयन्त्रमार्फत मात्र श्रमिक ल्याउने प्रावधान भएमा मलेसियामा भरपर्दो रोजगारीको व्यवस्था हुन सक्थ्यो । ❖



खाडी मुलुक कतारमा गधा चढेर नेपाली कामदारको रिपोर्टिङ गर्दै पत्रकार देवेन्द्र भट्टराई । कतारमा नेपाली श्रमिकहरू गधा चढेर भेडा चराउन जाने गर्दछन् ।

## जसले देखे

# 'कुरा अर्कै छ'

***कान्तिपुर दैनिक***का पत्रकार ***देवेन्द्र भट्टराई*** खाडी क्षेत्रमा मुकाम बनाएर त्यहाँ रहेका नेपाली श्रमिककै बारेमा लामो समयसम्म रिपोर्टिङ गर्ने पहिलो नेपाली पत्रकार हुन् । उनले करिब डेढ वर्ष कतारका मरूभूमिमा घुम्दै, उँट र गधाका पिठ्युमा चढेर सुसेली खेल्दै रोजगारीका लागि त्यहाँ पुगेका नेपाली दाजुभाइ दिदीबहिनीको समस्याका बारेमा समाचार बनाइरहे । उनका ती समाचारले समस्यामा परेका थुप्रैको उद्धार पनि भएको छ । खाडी क्षेत्रका कामदारका कथा समेटेर हालै उनले 'रेगिस्तान डायरी 'नामक पुस्तक पनि प्रकाशित गरेका छन् । प्रस्तुत छ- उनीसँग **अभियान समाचार**ले गरेको संक्षिप्त कुराकानी :

***तपाईंले कति वर्ष कतारमा रहेर रिपोर्टिङ गर्नुभयो ?***

मैले विशेषतः खाडीको कतारमा रहेर डेढ वर्ष कान्तिपुर दैनिकको कतार संस्करण (साप्ताहिक) निकाल्ने काम गरें । त्यही अवसरमा बीबीसी सेवामा आबद्ध रहेर पनि काम गरें ।

***विदेशमा रहेका नेपाली श्रमिकको छेउमा रहेर रिपोर्टिङ गर्दा कस्तो महसुस भयो ?***

हो, नेपाली श्रमिकका छेउमा उभिएर रिपोर्टिङ गर्दा उनीहरूको सही अवस्था, वस्तुस्थिति र कठिनाइको पनि एकसाथ रिपोर्टिङ गर्न सकें भन्ने लाग्छ । परै बसेर सुनेका भरमा अथवा सुनाइएको भरमा गरिने रिपोर्टिङ सतही हुने रहेछ भन्ने पनि आत्मबोध भयो ।

***उनीहरूको अवस्था कस्तो छ ?***

यो आफैमा कठिन प्रश्न हो । सापेक्षरूपमा सबैको यथास्थितिलाई तौलेर एउटै तराजुको पल्लामा राख्न सकिने अवस्था छैन । खाडी मुलुकको कुरा गर्दा जे-जति सपना देखाइएको छ, त्योभन्दा वास्तविकता अर्कै छ । जे कल्पना गरिएको छ-त्योभन्दा एकदमैं दु:खलाग्दो, दयनीय र समस्याले भरिएको अवस्था छ ।

***ठगिएको र रोजगारदाता कम्पनीले मानवीय व्यवहार नगरेको भन्ने गुनासो बारम्बार आएको सन्दर्भमा के भन्नुहुन्छ ?***

यो एकदमैं स्वाभाविक गुनासो हो । लामो समय कतारमा बसेको अनुभवमा म्यानपावरको काम 'व्यवसाय'भन्दा बढी 'धन्दा' का रूपमा परिचालित छ । श्रमिकबाट सरकारले तोकेको भन्दा दोब्बर बढी सेवाशुल्क लिने, एउटा श्रमसम्झौता बनाएर अर्कै काम र तलब दिने, नक्कली राहदानी तथा भिसामा काममा पठाउनेजस्ता घटनाहरू दिनहुँ देख्न र भोग्न पाइन्छ ।

***काम नपाएर अलपत्र पर्नेहरू पनि छन् कि ?***

म्यानपावर वा एजेन्टले तोकेको काम र पारिश्रमिक नपाएर अलपत्र पर्नेहरू पनि उत्तिकै छन् । विशेषतः 'फ्रि भिसा' (आजाद भिसा) मा जानेहरू कोही मरुभूमिमा

भेंडीगोठमा गोठाला बनाएर पुऱ्याइएका छन् अथवा मजरा (कृषि बगैंचा) र उँट रेसमा पनि भिसाविहीन बनेर अलपत्र अवस्थामा पुगेका छन् । शहरका मुख्य काम, म्यानपावरको सही संयन्त्र अथवा दूतावासको रोहबरमा गरिएका कागजातबिना रोजगारीमा जानेहरूमध्ये अधिकांश गैरकानुनी पनि छन् ।

***नेपाली महिला श्रमिकको अवस्था के छ ? उनीहरू यौन शोषणमा परेको गुनासो बारम्बार आउने गरेको छ नि ?***

नेपाली महिला श्रमिकको कुरा गर्दा रोजगारी गन्तव्य मुलुकहरूको भूगोल, राजनीति, सामाजिक अवस्था र अन्य पक्षलाई पनि एकसाथ अध्ययन गर्नु जरुरी हुन्छ । विशेषतः खाडी मुलुक (कतार, साउदी अरेबिया, युनाइटेड अरब इमिरेट्स, बहराइन, ओमान र कुवेत) हरूले महिला श्रमिक वा घरेलु श्रमिकलाई त्यहाँको श्रम-सम्झौतामा कहींकतै उल्लेख गरेकै छैनन् । सरकारले सम्बोधन नै नगरेका कामको प्रकृति र क्षेत्रमा सधैंभरि 'हक, अधिकार र समानता' भन्दै ती मुलुकमा रोजगारीमा पठाउनुको कुनै तुक छैन । भारतीय खुला नाका हुँदै खाडी मुलुकमा घरेलु श्रमिकका रूपमा जाने महिलामध्ये ८० प्रतिशतको हालत एकदमैं कष्टपूर्ण छ । अहिले पनि हरेक साता साउदी अरेबिया, कुवेत, कतार, युएईजस्ता मुलुकबाट कम्तीमा १० जना महिला कि साथमा अवैध सन्तान लिएर अथवा पेटमा बच्चा लिएर काठमाडौं फर्किरहेको अवस्था छ । बरु ग्रुप-४, अस्पताल, विश्वविद्यालय र आवासीय सुविधा रहेका मार्ट वा स्टोरमा काममा गएका महिलाको अवस्था भने निकै आकर्षक छ ।

> कम्तीमा १० जना महिला साथमा अवैध सन्तान लिएर वा पेटमा बच्चा लिएर काठमाडौं फर्किरहेको अवस्था छ ।

***नेपालमा कसरी पहल गरियो भने विदेशमा काम गर्न जाने नेपालीले मानवीय र सम्मानजनक व्यवहार पाउलान् ?***

सम्बन्धित रोजगारदाता मुलुकले आफ्नो श्रम कानून, ऐन र व्यवस्थामा महिला रोजगारीको अवस्थालाई के-कसरी सम्बोधन गरेका छन्- सुरुमा त्यो पहिल्याउनु जरुरी छ । सेवा, सुरक्षा र अवसर रहेका ठाउँमा महिलालाई पठाउनु उपयुक्त हुन्छ । तर घरेलु श्रमिक अथवा यस्तै सेवा-सुरक्षाहीन थलोमा रोजगारीमा पठाउनु भनेको थप समस्या, तनाव र कठिनाइ बेहोर्नु मात्रै हो ।

***तपाई लामो समय बसेर रिपोर्टिङ गरेको मुलुकमा नेपाली श्रमिकलाई अझ भरपर्दो रोजगारीको व्यवस्थाका लागि थप के गर्न सकिएला ?***

सरकारले म्यानपावर व्यवसायलाई मर्यादित र व्यवस्थित तुल्याउन आफूखुसी काम गर्ने म्यानपावरलाई तत्काल प्रतिबन्ध लगाउन सक्नुपर्छ । कुनै आधार र कानूनबिना एजेन्ट नियुक्त गर्ने म्यानपावरको मनपरी व्यवहार रोक्नुपर्छ । नेपालको विमानस्थलबाट एउटा श्रमिकलाई उडाएपछि आफ्नो सम्पूर्ण जिम्मेवारी टुंगिन्छ भन्ने भ्रम र सोचलाई म्यानपावरले त्याग्नुपर्छ । श्रमबजार व्यवस्थित गर्न विदेशस्थित नियोगलाई अझ बढी जिम्मेवारी र अधिकार सुम्पनुपर्छ । नियोगले गरेका कारबाही सिफारिस र निर्देशनलाई सरकारले गम्भीरताका साथ सुन्नुपर्छ । रोजगारी बजार खोज्ने काम म्यानपावरको संयन्त्रबाट चल्नुपर्छ । फ्रि भिसा, आजाद भिसा वा तनुवा भिसाका सबै आधार तत्काल बन्द गर्नुपर्छ ।

***रिपोर्टिङका क्रममा देखिएको कुनै मानवीय पक्ष बताउनुस् न ?***

फेरि कतारकै सन्दर्भ उल्लेख गरौं । त्यहाँ १ सयभन्दा बढी संघसंस्था नेपाली दूतावासमा दर्ता भएका छन् । तनहुँकी कुनै मुस्लिम युवती अलपत्र परेको समाचार आएमा तिनको उद्धार (घरफिर्ती टिकट वा अरु खर्च खोज्ने) कार्यमा धनकुटाको कुनै गैरमुस्लिम समाजले पनि सहयोग गरिरहेको भेटिन्छ । यसरी धर्म, जात, वर्ग वा भौगोलिक विभाजनभन्दा पर्तिर उभिएर 'हामी नेपाली' भन्ने सोचाइ र संवेदना निकै उल्लेखनीय मानवीय पक्ष थियो भन्ने लाग्छ । ❖

## नेपाली कामदारलाई संस्थागत रूपमा वैदेशिक रोजगारीमा पठाउन नेपाल सरकारद्वारा खुला गरिएका मुलुक

युएई
कतार
साउदी अरेबिया
कुवेत
इराक (हाल स्थगित)
बहराइन
ओमान

हङकङ (चीनको विशेष प्रशासकीय क्षेत्र
मलेसिया
सिंगापुर
ब्रुनाई
दक्षिण कोरिया
साइपान
कोसोभो

लात्भिया
माल्दिभ्स
दक्षिण अफ्रिका
इजरायल
मकाउ
बेलायत
अमेरिका

अफगानिस्तान
साइप्रस
जोर्डन

**पटके स्वीकृति**

सेसेल्स

### वैदेशिक रोजगारीमा जान २०६१ मंसिर १४ गतेदेखि खुला गरिएका मुलुक

फ्रान्स
चीन
जापान
श्रीलंका
इजिप्ट
जर्मनी
अस्ट्रिया
इटाली
स्वीजरल्यान्ड
पोल्यान्ड
ग्रीस
फिलिपिन्स
अस्ट्रेलिया
म्यान्मार
पाकिस्तान
नेदरल्यान्ड
लाओस
स्वीडेन
थाइल्यान्ड
इन्डोनेसिया
मंगोलिया

हंगेरी
चिली
अर्जेन्टिना
टर्की
लेबनान
बेल्जियम
इरान
क्यानडा
डेनमार्क
बुल्गेरिया
रोमानिया
अल्जेरिया
स्पेन
बंगलादेश
अल्बानिया
नर्वे
फिनल्यान्ड
तान्जानिया
मोरक्को
क्युबा
क्याम्बोडिया

भियतनाम
केन्या
मेक्सिको
लक्जेम्बर्ग
नाइजेरिया
लिबिया
पेरु
ब्राजिल
पोर्चुगल
कोस्टारिका
मौरिसस
आइल्यान्ड
होलीसी
माल्टा
पनामा
ट्युनिसिया
फिजी
जाम्बिया
मोजाम्बिक
निकारागुवा
भेनेजुएला

कोलम्बिया
बोलिभिया
इस्टोनिया
युक्रेन
आर्मेनिया
कजाकस्तान
बेलारुस
मोल्दोभा
गणतन्त्र चेक
गणतन्त्रस्लोभाक
गुयना
अजरबैजान
सिसेलिज
स्लोभेनिया
मेसेडोनिया
क्रोएसिया
आयरल्यान्ड
बोस्निया-हर्जगोभिना




एम्नेस्टी इन्टरनेसनलको वार्षिक प्रतिवेदन सार्वजनिक

# नेपालमा असुरक्षा बढ्दो

द्वन्द्वको समयमा मानवअधिकार ज्यादती गर्ने अपराधीउपर निरन्तर रूपमा दण्डहीनता कायम छ ।

अन्तर्राष्ट्रिय मानव अधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनलले नेपालमा राज्य र सशस्त्र समूहबाट हिंसा बढ्दै गइरहेकाले असुरक्षा पनि बढ्दै गएको जनाएको छ । सो संगठनले सार्वजनिक गरेको संसारभरको मानवअधिकारको अवस्था समेटी तयार गरिएको वार्षिक प्रतिवेदन 'प्रतिवेदन २०१० : विश्वको मानवअधिकारको अवस्था' मा सो कुरा उल्लेख छ ।

सो प्रतिवेदन २०६७ जेठ १३ गते विश्वभरि एकैसाथ सार्वजनिक गरिएको हो । नेपालमा उक्त प्रतिवेदन सो दिन राजधानीमा आयोजित एक पत्रकार सम्मेलनमा एम्नेस्टी इन्टरनेसनलका अध्यक्ष हेमकुमार खड्काले सार्वजनिक गर्नुभएको थियो ।

प्रतिवेदनमा अगाडि भनिएको छ- 'राज्य र सशस्त्र समूहहरूबाट सयौं जनाको हत्या र अपहरणका घटना



भएका कुरा नेपालका मानवअधिकार रक्षकहरूले बताए । बढ्दो संख्यामा रहेका सशस्त्र समूहले नागरिकविरुद्ध हिंसात्मक कदम चाल्दा जनमानसमा असुरक्षा बढेर गयो । प्रहरीले राजनीतिक गतिविधि र अधिकारका लागि भएका प्रदर्शनमा अनावश्यक तथा अत्यधिक बल प्रयोग गऱ्यो । हिरासतमा यातना दिइएका कयौं घटना प्रकाशमा आए ।'

'२०६३ साल (सन् २००६) को विस्तृत शान्ति सम्झौताले नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका सम्बन्धमा व्यक्त गरेका प्रतिबद्धताहरू पूरा भएनन् । राजनीतिक मतभेद र सशस्त्र समूहको वृद्धिले शान्ति प्रक्रियालाई नै चुनौती सिर्जना गऱ्यो', प्रतिवेदनमा अगाडि भनिएको छ- 'नेपालमा एकीकृत नेकपा (माओवादी) का तर्फबाट प्रधानमन्त्री पुष्पकमल दाहालले नेतृत्व गर्नुभएको सरकार २०६६ वैशाख महिनामा सत्ताबाट हटेपछि माधवकुमार नेपालको नेतृत्वमा संयुक्त सरकारको गठन भयो । माओवादी पार्टीका समर्थकहरूले संसद् अवरोधलगायत विरोध प्रदर्शन तथा आमहड्ताल गरे । नयाँ संविधान बनाउने काममा कम मात्रै प्रगति भयो ।'

सत्य तथा मेलमिलाप आयोग (टीआरसी) गठनसम्बन्धी प्रक्रिया अवरुद्ध भएको उल्लेख गर्दै प्रतिवेदनमा भनिएको छ- '२०६४ (सन् २००७) देखि अघि बढ्न नसकेको उक्त प्रस्तावित टीआरसीसम्बन्धी उक्त विधेयकका सम्बन्धमा नेपाली आलोचकहरूले कमीकमजोरीहरू औंल्याएका छन् । त्यसरी औंल्याइएका कमजोरीहरूमा प्रस्तावित आयोगमा राजनीतिक प्रभावबाट स्वतन्त्रताको अभाव, साक्षी (प्रत्यक्षदर्शी) लाई अपर्याप्त संरक्षणको व्यवस्था र आयोगले गम्भीर मानवअधिकार उल्लंघनका विषयमा उन्मुक्तिको सिफारिस गर्न सक्ने व्यवस्था रहेको लगायत छन् ।'

जबर्जस्ती बेपत्तालाई अपराध मान्ने व्यवस्थासहितको अध्यादेश २००९ को जुन महिनामा निष्क्रिय भएको उल्लेख गर्दै प्रतिवेदनमा भनिएको छ- गएको वर्ष पनि बेपत्तासम्बन्धी छानबिन आयोग गठन भएन । सरकारले ल्याएको बेपत्तासम्बन्धी मस्यौदा विधेयक अन्तर्राष्ट्रिय कानुनअनुसार बेपत्तासम्बन्धी परिभाषा गर्न र जबर्जस्ती बेपत्तालाई सम्भावित मानवताविरुद्धको अपराध मान्नमा असफल भयो । २०६६ भदौ १४ गते (अगस्ट ३० मा) एम्नेस्टी इन्टरनेसनलले ८ वटा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिष्ठित संस्थाहरूसँग मिलेर संयुक्त रूपमा ज्ञापनपत्र बुझाई मस्यौदा विधेयकलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको बनाउन नेपाल सरकारलाई आग्रह गरेको थियो ।

नेपालमा दण्डहीनता नरोकिएको चर्चा गर्दै प्रतिवेदनमा







भनिएको छ- 'द्वन्द्वको समयमा मानवअधिकार ज्यादती गर्ने अपराधीउपर निरन्तर रूपमा दण्डहीनता कायम छ । कुनै पनि मुद्दालाई नागरिक अदालतसमक्ष राखेको पाइएको छैन । हिंसाबाट बचेकाहरू प्रहरीले उजुरी दर्ता गर्न तथा घटनाको छानबिन गर्न नचाहेको बताउँछन् । अधिकारीहरू मानवअधिकार उल्लंघनका आरोपी सैनिक अधिकारीलाई अदालतको आदेश पालना गराउन असफल भएका छन् ।'

प्रदर्शनलाई दबाउनका लागि प्रहरीले अनावश्यक र अत्यधिक बल प्रयोग गर्ने कार्यलाई निरन्तर अघि बढाइरहेको उल्लेख गर्दै प्रतिवेदनमा हिरासतमा लिइएकाहरूलाई यातना र दुर्व्यवहार तथा सशस्त्र समूहमा संलग्न रहेको आशंकामा हत्या गरिएका घटनासमेत रहेको जनाइएको छ ।

नेपालको तराई क्षेत्रमा १ सयभन्दा बढी सशस्त्र समूह सक्रिय रहेको र उनीहरू मानवअधिकार उल्लंघनको कार्यमा संलग्न रहेको जनाउँदै प्रतिवेदनमा उनीहरूले पहाडी समुदायका मानिसलाई अपहरण गर्नुका साथै सार्वजनिक सम्पत्तिमा बम आक्रमणसमेत गर्दै आएको जनाइएको छ । माओवादीको क्यान्टोनमेन्टमा रहेका बालसैन्यलाई मुक्त नगरिएकोमा चिन्ता व्यक्त गर्दै प्रतिवेदनमा राष्ट्रिय कानूनहरूले अन्तर्राष्ट्रिय मापदण्डअनुसार यातनाविरुद्ध संरक्षण प्रदान गरे पनि तिनको कार्यान्वयन राम्रोसँग हुन नसकेको जनाइएको छ ।

महिला मानवअधिकार रक्षकहरूलाई धम्क्याउने र कुटपिट तथा हत्यासमेत गर्ने काम भइरहेको प्रतिवेदनमा उल्लेख छ ।

तत्कालीन परराष्ट्रमन्त्रीको प्रतिबद्धताका बाबजुद नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान अनुमोदन गर्न ढिलाइ गरिरहेको जनाउँदै एम्नेस्टी इन्टरनेसनलले दण्डहीनता अन्त्यका लागि रोम विधान अनुमोदनका लागि समेत नेपाललाई आग्रह गरेको छ ।

सो संगठनले पीडित पक्षले न्याय पाउने कुरामा संकुचनको अवस्था रहे पनि विश्वमा कतिपय अपराधका घटनामा कारबाहीको सुरुवात गरिनुलाई सकारात्मक रूपमा उल्लेख गर्दै भनेको छ- 'अन्तर्राष्ट्रिय फौजदारी अदालतले २००९ मा मानवताविरोधी अपराध र युद्ध अपराधको अभियोगमा सुडानका राष्ट्रपति ओमार हसन अल बसिरलाई पक्राउ पुर्जी जारी गर्नु बहालवाला राष्ट्रप्रमुख पनि कानूनभन्दा माथि छैनन् भन्ने कुरा देखाउने महत्वपूर्ण घटना हुन पुगेको छ ।'

'विश्वव्यापी न्यायको अभाव दमन र अन्याय वृद्धि हुँदै गएको र त्यसबाट दसौं लाख मानिसले ज्यादती, अन्याय र गरिबी बेहोर्नुपरेको छ', एम्नेस्टी इन्टरनेसनलका अन्तरिम महासचिव क्लाउडियो कोर्डोनले भन्नुभएको छ ।

नेपालमा प्रतिवेदन सार्वजनिक गर्न आयोजित कार्यक्रममा एआई नेपालका अध्यक्ष खड्का उपाध्यक्ष केशव सिग्देल र एआई नेपालका निर्देशक रामेश्वर नेपालले प्रतिवेदनका बारेमा चर्चा गर्नुभएको थियो । वार्षिक प्रतिवेदन विराटनगर, जनकपुर, चितवन, बुटवल, भैरहवा, नेपालगन्ज र दाङमा पनि छुट्टाछुट्टै कार्यक्रमका बीच सार्वजनिक गरिएको थियो । ❖

एम्नेस्टी इन्टरनेसनल

# न्यायमा विश्वव्यापी अभावले दशौं लाख मानिसउपर ज्यादती

## केही तथ्यगत आँकडा

कानूनभन्दा माथि कोही पनि हुनुहुन्न । तर, अक्सर जसले सबैभन्दा खराब खालको मानवअधिकार उल्लंघन गर्दछन्, उनीहरूलाई न्यायको कठघरामा ल्याइँदैन । विश्वका नेताहरूले जनताको अधिकार संरक्षणका लागि धेरै गर्नु आवश्यक छ । एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदन २०1० ले विश्वभरि गरिएका केही सबैभन्दा खराब ज्यादतीलाई समेटेको छ ।

अन्तर्राष्ट्रिय न्यायलाई समर्थन गर्न नेताहरूले प्रतिबद्धता जनाउनै पर्दछ ...




१९२ मध्ये ८१ राष्ट्रले अझै पनि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान (आईसीसी) अनुमोदन गरेका छैनन् ।




जी–२० राष्ट्रमध्ये ७ वटा राष्ट्रले आईसीसीको अझै अनुमोदन गरेका छैनन् ।

...वा मानवअधिकार ज्यादती निरन्तर रूपमा भई नै रहनेछ

सन् २००९ मा एम्नेस्टी इन्टरनेसनलको रेकर्डअनुसारः

**यातना दिएर मानवअधिकार ज्यादती गर्नेहरूले कम्तीमा ६१ राष्ट्रमा दण्डहीनताका कारण उन्मुक्ती पाए ।**

**कम्तीमा ६१ राष्ट्र**

कम्तीमा १११ राष्ट्रमा अनुसन्धानका क्रममा मानिसहरूलाई यातना वा दुर्व्यवहार गर्ने काम गरियो । **१११ राष्ट्र**

कम्तिमा ५५ राष्ट्रमा पक्षपातपूर्ण अभियोजन गरियो । **५५ राष्ट्र**

कम्तीमा ९६ राष्ट्रमा अभिव्यक्ति स्वतन्त्रतामा बन्देज लगाइयो । **९६ राष्ट्र**

कम्तीमा ४८ राष्ट्रमा आस्थाका आधारमा मानिसलाई बन्दी बनाइयो । **४८ राष्ट्र**

मे २०1०
Index: POL 10/004/2010

## नेताहरू जनताको अधिकारको संरक्षण गर्न असफल भइरहेका छन्

विश्वव्यापी नेतृत्व गरिरहेको दाबी गर्ने राष्ट्रहरूले आफू उदाहरणीय बन्नका लागि पनि जवाफदेहिता निर्वाह गर्नुपर्दछ । तर पनि अहिलेसम्म जी-२० र अन्य क्षेत्रीय संगठनहरु आफूले व्यक्त गरेका प्रतिबद्धता पूरा गर्न असफल भइरहेका छन् ।

“कोही पनि कानूनभन्दा माथि छैन भन्ने कुराको सरकारहरूले सुनिश्चितता गर्नुपर्दछ । र, सबै मानवअधिकार उल्लंघनमा हरेकलाई न्यायमा पहुँच हुनुपर्दछ,’’
एम्नेस्टी इन्टरनेसनलका अन्तरिम महासचिव क्लाउडियो कोर्डोनले भन्नुभयो ।

**सन् २००९ मा एम्नेस्टी इन्टरनेसनलले निम्नअनुसारका प्रमाण पाएको छ :**

## आस्थाका बन्दीहरू रहेका स्थान ...

३0% सबै राष्ट्रमा [१]



४२% जी-२० राष्ट्रमा [२]



## अभिव्यक्ति स्वतन्त्रता बन्देज गरिएका स्थान ...

६0% सबै राष्ट्रमा [१]



५३% जी-२० राष्ट्रमा [२]



## पक्षपातपूर्ण अभियोजन ...

३५% सबै राष्ट्रमा [१]



४७% जी-२० राष्ट्रमा [२]



**फुटनोट र नोट :**

१ एम्नेस्टी इन्टरनेसनलका अनुसार मानवअधिकार उल्लंघन गर्ने राष्ट्रहरु ।

२ एम्नेस्टी इन्टरनेसनलका अनुसार मानवअधिकार उल्लंघन गर्ने जी-२० राष्ट्रहरु ।

‘सबै राष्ट्र’ भन्नाले एम्नेस्टी इन्टरनेसनलको प्रतिवेदनले कभर गरेका १५९ राष्ट्रलाई जनाउँछ । जसमा सन् २००९ को जनवरीदेखि डिसेम्बरसम्मको ती राष्ट्रको मानवअधिकारको अवस्थालाई लिपीबद्ध गरिएको छ ।

‘जी-२०’ भन्नाले १९ राष्ट्र भन्ने बुझिन्छ तर त्यसमा युरोपेली संघ (ईयू) आबद्ध सदस्य राष्ट्रलाई समावेश गरिएको छैन ।

एम्नेस्टी इन्टरनेसनल

May 2010
Index: POL 10/004/2010

Amnesty International
International Secretariat
Peter Benenson House
1 Easton Street
London WC1X 0DW
United Kingdom
www.amnesty.org

# एम्नेस्टी इन्टरनेसनल प्रतिवेदन २०१०

(एआईको वार्षिक प्रतिवेदन २०१० को पेज नं. २ सय ३१ देखि २ सय ४१ मा समाविष्ट नेपालखण्डको अनौपचारिक नेपाली अनुवाद)

## नेपाल

**संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल**

| | | |
|---|---|---|
| राष्ट्रप्रमुख | : | रामवरण यादव |
| सरकारप्रमुख | : | माधवकुमार नेपाल (पुष्पकमल दाहाललाई २०६६ वैशाख महिनामा प्रतिस्थापन गर्नुभएको) |
| मृत्युदण्ड | : | सबै अपराधहरूका लागि उन्मूलन |
| जनसंख्या | : | २ करोड ९३ लाख |
| औसत आयु | : | ६६.३ वर्ष |
| ५ वर्षमुनिका बालबालिकाको मृत्युदर (पु/म) | : | ५२/५५ प्रति १,००० |
| वयस्क साक्षरता | : | ५६.५ प्रतिशत |

राज्य र सशस्त्र समूहहरूबाट सयौं जनाको हत्या र अपहरणका घटना भएका कुरा नेपालका मानवअधिकार रक्षकहरूले बताए । बढ्दो संख्यामा रहेका सशस्त्र समूहले नागरिकविरुद्ध हिंसात्मक कदम चाल्दा जनमानसमा असुरक्षा बढेर गयो । प्रहरीले राजनीतिक गतिविधि र अधिकारका लागि भएका प्रदर्शनमा अनावश्यक र अत्यधिक बल प्रयोग गऱ्यो । हिरासतमा यातना दिइएका कयौं घटना प्रकाशमा आए ।

### पृष्ठभूमि

२०६३ साल (सन् २००६) को विस्तृत शान्ति सम्झौताले नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका सम्बन्धमा व्यक्त गरेका प्रतिबद्धताहरू पूरा भएनन् । राजनीतिक मतभेद र सशस्त्र समूहको वृद्धिले शान्ति प्रक्रियालाई नै चुनौती सिर्जना गऱ्यो ।

नेपाल कम्युनिस्ट पार्टी (नेकपा) माओवादीका तर्फबाट प्रधानमन्त्री पुष्पकमल दाहालले नेतृत्व गर्नुभएको सरकार २०६६ वैशाख महिनामा सत्ताबाट हटेपछि माधवकुमार नेपालको नेतृत्वमा संयुक्त सरकारको गठन भयो । माओवादी पार्टीका समर्थकहरूले संसद् अवरोधलगायत विरोध प्रदर्शन तथा आमहड्ताल गरे । नयाँ संविधान बनाउने काममा कम मात्रै प्रगति भयो ।

कामका आधारमा वा विशेष समुदायका नागरिकउपरको विभेद अन्त्यसम्बन्धी संयुक्त राष्ट्रसंघको मस्यौदा सिद्धान्त (जसले जातीय असमानतालाई सम्बोधन गर्दछ) मा राज्यले समर्थन जनाए पनि दलित र महिलाहरूमा विभेदहरू गरिए र त्यस्ता विभेदका घटनामा दण्डहीनता विद्यमान रह्यो ।

### संक्रमणकालीन न्याय

सत्य तथा मेलमिलाप आयोग (टीआरसी) गठनसम्बन्धी प्रयत्न अवरुद्ध रह्यो । २०६४ (सन् २००७) देखि अघि बढ्न नसकेको उक्त प्रस्तावित टीआरसीसम्बन्धी विधेयकका सम्बन्धमा नेपाली आलोचकहरूले कमीकमजोरीहरू औंल्याएका छन् ।

त्यसरी औंल्याइएको कमजोरीहरूमा प्रस्तावित आयोगमा राजनीतिक प्रभावबाट स्वतन्त्रताको अभाव, साक्षी (प्रत्यक्षदर्शी) लाई अपर्याप्त संरक्षणको व्यवस्था र आयोगले गम्भीर मानवअधिकार उल्लंघनका विषयमा उन्मुक्तिको सिफारिस गर्न सक्ने व्यवस्था रहेको लगायत छन् ।

### जबर्जस्ती बेपत्ता

२०६३ (सन् २००६) मा अन्त्य भएको द्वन्द्वका दुवै पक्षबाट

मानिसहरूलाई जबर्जस्ती बेपत्ता पारिएको थियो । रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) का अनुसार गएको वर्षको अन्त्यसम्ममा पनि १ हजार ३ सयभन्दा बढी मानिसको कुनै पत्तो लाग्न सकेन । जबर्जस्ती बेपत्तालाई अपराध मान्ने व्यवस्थासहितको अध्यादेश २००९ को जुन महिनामा निस्क्रिय भयो । गएको वर्ष पनि बेपत्तासम्बन्धी छानबिन आयोग गठन भएन । सरकारले ल्याएको बेपत्तासम्बन्धी मस्यौदा विधेयक अन्तर्राष्ट्रिय कानूनअनुसार बेपत्तासम्बन्धी परिभाषा गर्न र जबर्जस्ती बेपत्तालाई सम्भावित मानवताविरुद्धको अपराध मान्नमा असफल भयो । २०६६ भदौ १४ गते (अगस्ट ३० मा) एम्नेस्टी इन्टरनेसनलले ८ वटा राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिष्ठित संस्थाहरूसँग मिलेर संयुक्त रूपमा ज्ञापनपत्र बुझाई मस्यौदा विधेयकलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको बनाउन नेपाल सरकारलाई आग्रह गऱ्यो ।

## दण्डहीनता

द्वन्द्वको समयमा मानवअधिकार ज्यादती गर्ने दोषीहरूउपर दण्डहीनताले निरन्तरता पायो । कुनै पनि घटनाका दोषीलाई नागरिक अदालतसमक्ष मुद्दा चलाइएन । हिंसापीडितहरूले प्रहरीले उजुरी दर्ता गर्न तथा घटनाको छानबिन गर्न अस्वीकार गरेको बताए । मानवअधिकार उल्लंघनका आरोपी सैनिक अधिकृतलाई अदालतको आदेश पालना गराउन अधिकारीहरू बिफल भए ।

- सैनिक अधिकृतमाथि छानबिन नगरी बढुवा गर्ने कार्यप्रति असहमति प्रकट गरे ।

## प्रहरी ज्यादती

प्रदर्शनकारीलाई लाठी र बन्दुकका कुन्दाले हिर्काउनेलगायतका कार्य गर्दै प्रदर्शनलाई दबाउनका लागि प्रहरीले अनावश्यक र अत्यधिक बल प्रयोग गर्ने कार्यलाई निरन्तरता दिए । हिरासतमा लिइएकाहरूलाई यातना र दुर्व्यवहार गर्ने तथा सशस्त्र समूहमा संलग्न रहेको आशंकामा झूटो 'दोहोरो भिडन्त' को नाममा हत्या गरिएका कुरासमेत जानकारीमा आए ।

## सशस्त्र समूहको ज्यादती

नेपालको तराई क्षेत्रमा १ सयभन्दा बढी सशस्त्र समूह सक्रिय रहे । त्यस्ता सशस्त्र समूहहरू खासगरी पहाडी समुदायका व्यक्तिहरूलाई अपहरण गर्ने र सार्वजनिक स्थानमा बम आक्रमण गर्नेलगायतका मानवअधिकार ज्यादतीका घटनामा संलग्न रहे ।

- गस्ती टोलीमाथि आक्रमण गरेपश्चात भएको थियो । पीडितकी आमाले जनाएअनुसार उनका छोरा र अन्य दुई जनालाई जेटीएमएम-जेले तीन दिन अघि अपहरण गरेको थियो ।

नेकपा (माओवादी) को युवाहरूको संगठन योङ कम्युनिस्ट लिग (वाईसीएल) पनि हत्या, हिंसा र अपहरणमा संलग्न रहे ।

## बालसैन्य

२ हजार ५ सयभन्दा बढी बालसैन्य माओवादीको क्यान्टोनमेन्ट (सैन्य इलाका जहाँ विस्तृत शान्ति सम्झौतामा माओवादी लडाकू राख्ने सहमति भएको थियो) मा रहिरहे । २०६६ असारमा सरकारले ती बालसैनिकहरू र २०६३ (सन् २००६) भन्दा पछि गैरकानुनी ढंगले भर्ती गरिएका १ हजारभन्दा बढीलाई क्यान्टोनमेन्टबाट मुक्त गर्ने योजना सार्वजनिक गऱ्यो । उक्त योजनाअनुसार मंसिरसम्ममा सम्पन्न गरिसक्नुपर्ने थियो । तर, दुवै पक्ष उनीहरूलाई क्यान्टोनमेन्टबाट मुक्त गर्ने र पुनर्स्थापन गर्ने योजना कार्यान्वयनको सहमतिमा पुग्न असफल भएका कारण यो कामले असोज अन्तिमसम्म पनि गति लिन सकेन । क्यान्टोनमेन्टबाट मुक्त गर्ने कार्य वर्षको अन्त्यसम्ममा पनि हुन सकेन र यो काम २०६६ माघको दोस्रो सातासम्ममा सम्पन्न गर्ने भनियो ।

## यातना र अन्य दुर्व्यवहार

यातनाबाट सुरक्षा प्रदान गर्न बनेको राष्ट्रिय कानून अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको छैन र त्यही कानूनको पनि पूर्ण रूपमा कार्यान्वयन हुन सकेन ।

- यातना दियो । प्रहरीले उनीहरूलाई प्रहरी हिरासतभित्र कुटपिट गरे र अन्डरवेयरबाहेक नग्न बनाएर सडकमा उतारे । उनीहरूलाई फलामको रडले हानियो र घुँडा तथा कुहिनाले टेकेर ढुंगा भएको जमिनमा घस्रन भनियो । दुवै जनालाई गम्भीर चोट लाग्यो । अदालतमा रिट दर्ता गराएपछि उनीहरूलाई

कानूनव्यवसायीसँग भेट्न र औषधि उपचारको मौका उपलब्ध गराइयो । तर, सो यातनामा संलग्न अधिकृतहरूलाई भने न त निलम्बन नै गरियो न उनीहरूमाथि कुनै अनुसन्धान नै ।

### महिला र बालिकाविरुद्ध हिंसा

महिला मानवअधिकार रक्षकहरूलाई धम्क्याइयो, कुटपिट गरियो र हत्यासमेत भयो । दाइजोका कारण हत्या र यौनजन्य हिंसा निरन्तर रूपमा भइरहे । न्यायिक कमजोरी र अपर्याप्त नीतिले घरेलु र यौनजन्य हिंसाका घटनाका दोषीलाई कानूनको कठघरामा ल्याउनका लागि अप्ठेरो पर्‍यो । प्रहरीले महिलाविरुद्धका हिंसाका सम्बन्धमा उजुरी दर्ता गर्न वा त्यस्ता घटनाको सम्बन्धमा भएका अनुसन्धानको प्रगति महिला मानवअधिकार रक्षकहरूलाई दिन अस्वीकार गरे ।

- रेडियो टुडे एफएमकी पत्रकार तथा महिला मानवअधिकार रक्षक सञ्जालकी सदस्य उमा सिंहलाई सशस्त्र पुरुषहरूको एक समूहले २०६५ पुस २७ मा आक्रमण गर्‍यो । उनी गम्भीर घाइते भइन् र काठमाडौं लैजाँदै गर्दा बाटोमा नै उनको मृत्यु भयो ।

मैना सुनुवार हत्याप्रकरणमा प्रधानमन्त्रीद्वारा जबाफदेहिताको सुनिश्चित गरियोस् भनी एम्नेस्टी इन्टरनेसनलले अगस्ट महिनामा अभियान प्रारम्भ गर्‍यो । १५ वर्षिया मैनाको नेपाली सेनाको यातनाका कारण २०६० फागुनमा मृत्यु भएको थियो । मैना हत्याप्रकरणका आरोपीहरूमध्ये एक रहेका मेजर निरञ्जन बस्नेतलाई संयुक्त राष्ट्रसंघीय शान्ति मिसनबाट २०६६ मंसिरमा निष्काशन गरी नेपाल फर्काइयो । एम्नेस्टी इन्टरनेसनलले बस्नेतलाई नागरिक अदालतमा हस्तान्तरण गर्न नेपाली सेनालाई आह्वान गर्‍यो ।

### कानुनी र संस्थागत विकास

नेपालका तत्कालीन परराष्ट्रमन्त्रीको प्रतिबद्धताका बावजुद नेपालले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोमविधान अनुमोदन गरेन ।

एम्नेस्टी इन्टरनेसनलले नवनियुक्त परराष्ट्रमन्त्री सुजाता कोइरालालाई २०६६ साउनमा १३ हजारभन्दा बढी ज्ञापनपत्र बुझाएर रोम विधान अनुमोदन प्रक्रिया अघि बढाउन आग्रह गर्‍यो । मन्त्रीले प्रक्रिया सुरु गर्ने कुरामा सहमति जनाउनुभए पनि वर्षको अन्त्यसम्ममा कुनै पनि प्रगति हुन सकेन । ❖

## समवेदना



जन्म : वि.सं. १९८४ भदौ १५ गते
मृत्यु : वि.सं. २०६६ फाल्गुण २३ गते
ठेगाना : टारीगाउँ गाविस
वडा नं-६, बनगाउँ दाङ

**एआई नेपाल समूह-६६ दाङका सदस्य वंशीकुमार शर्माका पिता प्रेमनारायण शर्माको असामयिक निधनले हामी दुखी भएका छौं । हामी स्वर्गीय आत्माको चिर शान्तिको कामना गर्दै शोकसन्तप्त परिवारप्रति समवेदना व्यक्त गर्दछौं ।**

**एम्नेस्टी इन्टरनेसनल नेपाल**

प्रतिवेदन २०१०

### प्रेस वक्तव्य जस्ताको त्यस्तै

# विश्वव्यापी रूपमा रहेको न्यायको अभावले दसौं लाख मानिसउपर ज्यादती

(लण्डन) अन्तर्राष्ट्रिय न्यायका लागि गएको वर्ष महत्वपूर्ण हुँदाहुँदै पनि शक्तिका लागि भएको राजनीतिका कारण विश्वव्यापी न्यायको अभाव अझ डरलाग्दो अवस्थामा पुगेको कुरा एम्नेस्टी इन्टरनेसनलले बताएको छ। गएको वर्षभरिको मानवअधिकारको विश्वव्यापी अवस्थालाई दृष्टिगत गर्दै एम्नेस्टी इन्टरनेसनलले उक्त कुरा बताएको हो।

एम्नेस्टी इन्टरनेसनलको वार्षिक प्रतिवेदन 'प्रतिवेदन २०१० : विश्वको मानवअधिकारको अवस्था' (Report 2010: State of the World's Human Rights) ले विश्वका १५९ राष्ट्रका ज्यादतीहरूलाई लिपीबद्ध गरेको छ। प्रतिवेदनमा विश्वका शक्तिशाली राष्ट्रहरूले मानवअधिकारसम्बन्धी कानूनभन्दा माथि बसेर, आलोचना रोक्न खोजेर तथा जतिबेला सहजता छ, त्यतिबेला मात्रै काम गरेर अन्तर्राष्ट्रिय न्यायका प्रक्रियाहरूलाई अवरोध सिर्जना गरिरहेको समेत उल्लेख गरिएको छ।

'विश्वव्यापी न्यायको अभावले दमन र अन्याय वृद्धि हुँदै गएको र त्यसबाट दसौं लाख मानिसले ज्यादती, अन्याय र गरिबी बेहोर्नुपरेको छ', एम्नेस्टी इन्टरनेसनलका अन्तरिम महासचिव क्लाडियो कोर्डोनले भन्नुभयो।

'सरकारहरूले कानूनभन्दा माथि कोही पनि छैन भन्ने कुराको सुनिश्चितता गर्नै पर्दछ र हरेक मानिसलाई सबै मानवअधिकार उल्लंघनमा न्यायको पहुँच हुनुपर्दछ। जबसम्म सरकारहरूले आफ्नो राजनीतिक स्वार्थअनुसार न्यायलाई अवरुद्ध गर्ने काम गर्दछन् तबसम्म भयबाट मुक्तिको स्वतन्त्रता र अभावबाट मुक्तिजस्ता कुराहरू अधिकांश मानिसका लागि भ्रमात्मक कुरा मात्र हुन्छन्।'

आफ्नै कामको जबाफदेहिता सुनिश्चितता गर्नका लागि अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान (आईसीसी) को पूर्ण समर्थनमा उभिन र अन्तर्राष्ट्रिय कानूनले अपराध ठहर गरेको विषयमा विश्वका जुनसुकै ठाउँमा पनि दण्डित गर्ने व्यवस्थाको सुनिश्चितता गर्न एम्नेस्टी इन्टरनेसनलले विश्वका सरकारहरूलाई आग्रह गरेको छ। एम्नेस्टी इन्टरनेसनलले विश्वव्यापी नेतृत्वको दाबी गर्ने जी-२० मा आबद्धलगायतका राष्ट्रहरूले आफू बढी उदाहरणीय बन्नुपर्ने दायित्व रहेको बताएको छ।

मानवताविरोधी अपराध र युद्ध अपराधको अभियोगमा सुडानका राष्ट्रपति ओमार हसन अल बसिरलाई पक्राउ पुर्जी जारी गर्ने सन् २००९ को अन्तर्राष्ट्रिय फौजदारी अदालतको फैसला बहालवाला राष्ट्रप्रमुख पनि कानूनभन्दा माथि छैनन् भन्ने कुरा साबित गर्ने महत्वपूर्ण घटना हुन पुगेको छ। यद्यपि डार्फर क्षेत्रमा लाखौं मानिस हिंसाको त्रासदीमा परेको थाहा भएर पनि अफ्रिकी युनियनद्वारा यस

फैसलालाई सहयोग गर्न अस्वीकार गर्नु राजनीतिभन्दा अगाडि न्यायलाई राख्ने कुरामा सरकारको असफलताको एउटा कटु उदाहरण हो ।

श्रीलंकाको सरकार र लिबरेसन टाइगर्स अफ तमिल इलम (लट्टे) का तर्फबाट भएका सम्भावित युद्ध अपराधलगायतका गम्भीर ज्यादतीहरूको मुद्दाउपर संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को भूमिका प्यारालाइसिसको अवस्थाको जस्तो हुनु आवश्यक परेका बेलामा अन्तर्राष्ट्रिय समुदाय कसरी काम गर्न असफल हुन्छ भन्ने कुराको एउटा प्रमाण हो । यसैबीच गाजा क्षेत्रमा जबाफदेहिताको आग्रह गर्दै गरिएको संयुक्त राष्ट्रसंघीय मानवअधिकार परिषद्को गोल्डस्टोन रिपोर्टको सिफारिसतर्फ अझै पनि इजरायल र हमासले ध्यान दिनु आवश्यक छ ।

विश्वव्यापी रूपमा न्यायको अभावले दमनको डरलाग्दो अवस्था देखाएको छ । एम्नेस्टी इन्टरनेसनलको अनुसन्धानको रेकर्डअनुसार कम्तीमा १ सय ११ राष्ट्रमा यातना वा अन्य दुर्व्यवहार, ५५ राष्ट्रमा पक्षपातपूर्ण अभियोजन, कम्तीमा ९६ राष्ट्रमा वाक् स्वतन्त्रतामाथि प्रतिबन्ध र ४८ देशमा आस्थाका आधारमा नागरिकहरूलाई बन्दी बनाइएको छ ।

मानवअधिकार संस्थाहरू र मानवअधिकार रक्षकहरू धेरै राष्ट्रहरूमा आक्रमणको निशाना बनाइए । सरकारहरूले उनीहरूको काममा बाधा पारे वा उनीहरूलाई संरक्षण गर्न सकेनन् ।

साउदी अरेबिया, सिरिया र ट्युनिसियाजस्ता मध्यपूर्व र उत्तर अफ्रिकाका राष्ट्रमा आलोचनालाई सरकारले अधैर्यताका साथ हेरेको पाइनुका साथै इरानमा दमनमै उत्रिएको पाइयो । एसियामा चीन सरकारले यसका अधिकारीहरूलाई चुनौती दिनेउपर दबाव बढाएको छ र मानवअधिकार रक्षकलाई हतोत्साहित गर्ने र थुन्ने काम गरेको छ । उता उत्तर कोरियामा र म्यानमारमा चरम दमन र आर्थिक कठिनाइका कारण हजारौं मानिस पलायन भएका छन् ।

युरोप र मध्य एसियाका कतिपय स्थानमा स्वतन्त्र आवाज र नागरिक समाजलाई अवरोध गरियो भने रसिया, टर्की, तुर्कमेनिस्तान, अजरबैजान, बेलारुस र उज्वेकिस्तानमा अभिव्यक्ति स्वतन्त्रतामाथि पक्षपातपूर्ण व्यवहार गरियो । अमेरिकी महादेशमा सुरक्षा निकायबाट भएका सयौं गैरन्यायिक हत्याले प्यारालाइसिस (पक्षघात) को अवस्था सिर्जना गरेको छ ।

यस्ता घटना ब्राजिल, जमैका, कोलम्बिया र मेक्सिकोमा हुनुका साथै अमेरिकाले गरेको प्रतिआतंकवादसम्बन्धी कारबाहीका क्रममा भएको हिंसामा दण्डहीनता विद्यमान रहेको छ । अफ्रिकामा गुयना र मडागास्करका सरकारले असहमत पक्षलाई अधिक बल प्रयोग गरेको र गैरन्यायिक हत्या गरेको तथा इथियोपिया र युगाण्डाले आलोचनालाई दबाएको समेत पाइयो ।

नागरिकहरूप्रति गरिएको चरम बेवास्ताले द्वन्द्वहरू निम्तिए । प्रजातान्त्रिक गणतान्त्रिक कंगो, श्रीलंका र यमनमा सशस्त्र समूह र सरकारी सुरक्षा बलले अन्तर्राष्ट्रिय कानूनको उल्लंघन गरे । गाजा र दक्षिणी इजरायलमा इजरायली सेना र प्यालेस्टाइन सशस्त्र समूहले गैरन्यायिक ढंगले सर्वसाधारण नागरिकको हत्या गर्नुका साथै घाइते बनाउने काम गरे । तालिवानद्वारा अफगानिस्तान र पाकिस्तानमा फैलाइएको हिंसा वा द्वन्द्वग्रस्त इराक र सोमालियामा भएको जटिल अवस्थाले हजारौं मानिस ज्यादतीबाट पीडित भए । धेरैजसो द्वन्द्वमा महिला र बालिकाहरू सरकारी सुरक्षाकर्मी र सशस्त्र समूहद्वारा बलात्कार र अन्यखाले हिंसाको सिकार भए ।

### प्रतिवेदनमा समाविष्ट अन्य प्रवृत्ति

- अफ्रिकामा आम रूपमा नै मानिसहरूलाई आफ्नो घरबाट

धपाउने काम भएको छ। उदाहरणका लागि अंगोला, घाना, केन्या र नाइजेरियामा त्यसो गरियो, जसले गर्दा मानिसहरू गरिबीको अझ गहिरो चपेटामा परे।

- महिलाविरुद्ध घरेलु हिंसा, बलात्कार, यौनजन्य हिंसा, र हत्या तथा बलात्कारपछि अंग छेदनजस्ता घटनासम्बन्धी रिपोर्ट मेक्सिको, ग्वाटेमाला, एलसाल्भाडोर, होन्डुरस र जमैकाजस्ता देशबाट बढ्दो मात्रामा प्राप्त भयो।
- एसिया-प्रशान्त क्षेत्रका दसौं लाख आप्रवासी कामदारले दक्षिण कोरिया, जापान र मलेसियाजस्ता देशमा शोषण, हिंसा र ज्यादती बेहोर्नुपर्‍यो।
- जातिवादको तीव्र वृद्धि, राष्ट्रियताको विभेद र असहिष्णुताजस्ता समस्या युरोप र मध्यएसियामा देखिए।
- मध्यपूर्व र उत्तर अफ्रिकामा सशस्त्र समूहले आक्रमणहरू गरे। त्यस्ता सशस्त्र समूहमध्ये केही अल कायदासँग सम्बद्ध देखिएका छन्। त्यसरी सशस्त्र आक्रमणको कारण मूलतः इराक तथा यमनजस्ता मुलुकमा असुरक्षा बढ्यो।

खाद्यान्न, ऊर्जा र आर्थिक संकटका कारण विश्वव्यापी रूपमा दसौं लाख मानिस गरिबीतर्फ धकेलिएका छन्। घटनाहरूले देखाउँछन् कि गरिबीलाई प्रभावित पार्ने ज्यादतीको तत्काल सम्बोधन गरिनुपर्दछ।

'गरिबीलाई अझ गहिराइतर्फ धकेल्ने मानवअधिकार ज्यादतीका विषयमा सरकारहरू जबाफदेही बन्नुपर्दछ। अमेरिकाको न्युयोर्कमा यस वर्षको सेप्टेम्बर महिनामा हुने सहस्राब्दी विकास लक्ष्यको पुनरवलोकन बैठक विश्वका नेताहरूका प्रतीज्ञालाई कानुनी रूपमै कार्यान्वयन गरिनुपर्ने प्रकृतिको प्रतिबद्धतामा बदल्ने अवसर पनि हो' -क्लाउडियो कोर्डोनले भन्नुभएको छ।

सहस्राब्दी विकास लक्ष्यमा आधारित सेवा प्रदान नभएका कारण विशेष गरी गरिबीमा रहेका महिलाहरू अप्ठेरो अवस्थामा रहे। गर्भावस्थामा देखिएका समस्याले अनुमानित ३ लाख ५० हजार महिलाको ज्यान गयो। मातृमृत्यु हुनुमा लैंगिक विभेद, यौनजन्य र प्रजनन अधिकारको उल्लंघन तथा स्वास्थ्य सेवा पहुँचमा व्यवधानजस्ता कारणहरू रहे।

'यदि सहस्राब्दी विकास लक्ष्यमा प्रगति हासिल गर्ने हो भने सरकारहरूले महिलाको समानतालाई प्रवर्द्धन गर्नुपर्दछ र महिलाविरुद्धको विभेदलाई सम्बोधन गर्नुपर्दछ' -क्लाउडियो कोर्डोनले भन्नुभयो।

अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोमविधान अनुमोदन गर्न हालसम्म असफल जी-२० राष्ट्रहरू- अमेरिका, चीन, रसिया, टर्की, भारत, इन्डोनेसिया र साउदी अरेबियालाई त्यस विधानलाई अनुमोदन गर्न एम्नेस्टी इन्टरनेसनलले आग्रह गर्‍यो। युगान्डाको कम्पालामा यही मे ३१ मा सुरु हुने उक्त फौजदारी अदालतको पुनरवलोकनसम्बन्धी अन्तर्राष्ट्रिय बैठकमा अदालतप्रति प्रतिबद्धता जनाउन सरकारहरूलाई एउटा अवसर पनि हो।

गत वर्षमा न्यायको सुनिश्चिततामा गम्भीर असफलताका बावजुद धेरै घटनामा प्रगतिहरू भए। ल्याटिन अमेरिकामा उन्मुक्तिको कानूनद्वारा संरक्षित अपराधमा पुनः छानबिन सुरु भएको छ। साथै पूर्वनेता जसमा पेरुका पूर्वराष्ट्रपति अल्बर्टो फुजीमोरीका सम्बन्धमा मानवताविरुद्धको अपराधमा तथा अर्जेन्टिनाका अन्तिम सैनिक राष्ट्रपति रिनाल्डो विगनोनका सम्बन्धमा अपहरण र यातनासम्बन्धी विषयलाई लिएर न्यायिक निरूपण भएको छ। लाइबेरियाका पूर्वराष्ट्रपति चार्ल्स टेलरसँग सम्बन्धित मुद्दाबाहेक सियरालियोनका लागि विशेष अदालतमा तामेलीमा रहेका मुद्दाहरूको छिनोफानो भएको छ।

'प्रभावकारी विश्वव्यापी न्यायको खाँचो विगत वर्षको महत्वपूर्ण पाठ हो। न्यायले हिंसाबाट पीडितलाई निष्पक्षता र सत्य प्रदान गर्दछ, मानवअधिकार ज्यादतीलाई दुरुत्साहन गर्दछ र अन्ततोगत्वा अझ स्थिर र सुरक्षित विश्व प्रदान गर्दछ' -क्लाउडियो कोर्डोनले भन्नुभएको छ। ❖



# उत्साहित भएको छु

**सलील सेट्टी**
नवनियुक्त महासचिव
एम्नेस्टी इन्टरनेसनल

एम्नेस्टी इन्टरनेसनलका नवनियुक्त महासचिव सलील सेट्टी जुलाई २०१० देखि आफ्नो कार्यभार सम्हाल्दै हुनुहुन्छ । भारतीय नागरिक सेट्टी विगत ६ वर्षसम्म संयुक्त राष्ट्रसंघको सहस्राब्दी विकास लक्ष्य अभियानका निर्देशक रहनुभएको थियो । त्यसअघि उहाँ गरिबी निवारणसम्बन्धी गैरसरकारी संस्था **एक्सन एड**का कार्यकारी निर्देशक हुनुहुन्थ्यो । प्रस्तुत छ– उहाँसँगको अन्तर्वार्ता :

***आफूलाई केले अभियन्ता बनायो भन्नेबारेमा तपाईंलाई याद छ ? भारतमा जन्मिएर बेलायतमा अध्ययन गरेर गैरसरकारी संस्थाको कार्यमा संलग्न हुनुमा तपाईंको जीवनमा कुनै महत्वपूर्ण कुरा छन् कि ?***

अरु कुरा भन्दा मेरो परिवारको पृष्ठभूमिबारे बताउन मलाई अप्ठेरो लाग्छ । मेरी आमा वकिल हुनुहुन्थ्यो र उहाँ महिला आन्दोलनासँग सम्बन्धित काममा निकै सक्रिय हुनुहुन्थ्यो । मेरो पिताजी एक जना पत्रकार हुनुहुन्छ । र, उहाँ दलित आन्दोलनमा निकै सक्रिय पनि हुनुहुन्छ । हाम्रो फोनको लाइन सधैं टेप गरिएको हुन्थ्यो । हामी प्रहरीको निगरानीमा हुन्थ्यौं । उनीहरू घर बाहिर बसिरहेका हुन्थे । मेरो पिताजी धेरै पटक गिरफ्तारीमा पनि पर्नुभएको छ । मेरो घर आन्दोलनको मुख्यालयजस्तो थियो । जुन थुप्रै अभियन्ताका लागि जाने स्थान थियो । म भारतमा जन्मिँदा भारतको अवस्था अलि अस्तव्यस्त खालको थियो । सन् १९७६ मा संकटकाल घोषणा गरिएको थियो । यस खालको कार्य स्वतन्त्रतापछि पहिलो पटक भएको हो । भारतमा अधिकार कटौती गरिएको थियो र पत्रकार, विद्यार्थी, कलाकार र अन्य थुप्रै क्षेत्रका अभियन्ताहरूमा कडाइ गरिएको थियो । म पछि कलेजमा विद्यार्थी युनियनको अध्यक्ष भएको थिएँ । यो समय पनि अन्यायका विरुद्ध विरोध र प्रतिरोध गर्ने समय थियो । मानिसहरू जसलाई मेरो पृष्ठभूमि थाहा थिएन उनीहरूले सोच्न सक्थे कि म आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी पृष्ठभूमिबाट आएको हुँ । किनकि मैले गरिबीका सम्बन्धमा काम गरेको थिएँ । तर, यो काम मलाई निकै ढिलो मात्र प्राप्त भयो । यो खालको काममा मेरो प्रवेश बिन्दु भनेको नागरिक र राजनीतिक अधिकारका लागि सकेसम्म बढी काम गर्नु हो ।

***तपाईं एक्सन एडको कार्यकारी निर्देशक पनि हुनुहुन्थ्यो । तपाईं त्यहाँ रहँदाको काम र त्यसबाट तपाईंले सिकेका कुरा केही भन्न चाहनुहुन्छ कि ?***

मैले सुरुमा एसिया र अफ्रिकामा काम गरें । त्यो समयमा मानिसहरू साह्रै विपन्न क्षेत्र, बाहेक गरिएका

समुदाय र दुर्गम स्थानमा कसरी बस्छन् भन्ने कुरा गहिरोसँग बुझ्न पाएँ । मैले धेरै समय गाउँ र अव्यवस्थित बसोबास क्षेत्रमा बिताएँ । यसले मलाई मानिसहरू कसरी बसिरहेका छन् भन्ने कुराको प्रत्यक्ष र वास्तविक अनुभव प्राप्त भयो । त्यसपछि म बेलायत गएँ र युरोपमा थुप्रै कुरा पाएँ । र, म ल्याटिन अमेरिकामा पनि गएँ । यो मेरो विश्वव्यापी तहमा काम गरेको पहिलो अनुभव थियो । र, विभिन्न ४० राष्ट्रमा रहेका २ हजार स्टाफको व्यवस्थापनसम्बन्धी पनि यो मेरो पहिलो काम थियो ।

***सन् २००३ मा तपाईं संयुक्त राष्ट्रसंघीय सहस्राब्दी विकास लक्ष्यको निर्देशक पदमा नियुक्त हुनुभयो । जसको काम सहस्राब्दी विकास लक्ष्य प्राप्तिका लागि मानिस र प्रतिष्ठानहरूलाई समर्थन र अभिप्रेरणा दिने हो । तपाईं यसबारेमा केही भन्नुस् न मुख्य चुनौती के थिए र केमा चाहिं उपलब्धि हासिल भए ?***

मेरो विश्वासमा त्यो अभियानको काम सहस्राब्दी विकास लक्ष्य प्राप्तिका लागि जनतामा उत्प्रेरकको काम गर्नु थियो ताकि त्यसले ठूलो फरक ल्याउन सकोस् । यसमा केही वास्तविक उपलब्धिहरू हासिल भए । जस्तो उदाहरणका लागि धनी राष्ट्रहरूले झन्डै ३५ राष्ट्रको सन् २००३ र २००८ को बीचमा ऋणमोचन कार्य गरेका छन् । यसको सम्पूर्ण जस यो अभियानलाई मात्रै दिन त सकिदैन, किनकि ऋणमोचनसम्बन्धी आन्दोलनको लामो इतिहास छ । यद्यपि यो अभियानले त्यसमा मद्दत गरेको छ। सबैभन्दा महत्वपूर्ण कुरा हामीले विकासोन्मुख देशका गरिब जनताको जीवनस्तरमा केही वास्तविक उपलब्धिहरू देख्यौं । चरम गरिबी केही घटेको, पानीमा पहुँच बढेको र थप ४ करोड बालबालिका विद्यालय गएको देख्न पाइयो । अझै थुप्रै तत्वहरूले यसमा काम गरेका छन् । तर, यो अभियानले सरकारहरूलाई जबाफदेही बनाउन धेरै ठूलो परिवर्तन ल्याएको छ। सुरुदेखि नै हामीले के भनेका थियौं भने यदि परिवर्तन भयो भने त्यो राष्ट्रिय परिवेशमा नै हुनेछ अझ स्थानीय तहमा हुनेछ। राजनीतिज्ञले उनीहरूका मतदाताबाट अलिक कडापन महसुस नगरेसम्म अवस्थामा परिवर्तन गर्दैनन् । यदि राष्ट्रिय नेताहरूले त्यो परिवर्तनको आवश्यकता महसुस गर्दैनन् भने विश्वव्यापी अभियानले मात्रै धेरै कुरा गर्न सक्दैन । त्यसैले हाम्रो काम त्यतैतर्फ लक्षित रह्यो । उदाहरणका लागि गत वर्ष १७ करोड ३० लाख मानिस सहस्राब्दी विकास लक्ष्यका लागि सहभागी भए । जसलाई गिनिज बुकमा एक मात्र सबैभन्दा ठूलो गरिबीविरुद्धको आन्दोलनका रूपमा उल्लेख गरियो । राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा साझेदारिता विकास गरेका कारण



# महासचिवसँग अध्यक्ष

जर्मनीको फ्यांकफटमा जुन १८ देखि २० सम्म एआईका शाखा अध्यक्षहरूको बैठकमा एआईका महासचिव सलिल सेट्टी र एआई नेपालका अध्यक्ष हेमकुमार खड्काबीच भेटघाट सम्पन्न भएको छ ।

सो भेटघाटमा महासचिव सेट्टीले एआई नेपालका गतिविधि, रणनीति र योजनाबारेमा जिज्ञासा राख्नु भएको थियो ।

यो सम्भव भएको हो । अभियानले गैरसरकारी संस्थालाई एकै स्थानमा ल्याउन छाताको कामसमेत गऱ्यो । विश्वासमा आधारित संगठन र ट्रेड युनियन तथा अन्य कतिपय साझेदारहरू, सञ्चारमाध्यम, स्थानीय सरकार र संसद् उनीहरूको एउटा अनौठो अनुभव थियो ।

चुनौतीका सन्दर्भमा सरकारहरूलाई जबाफदेहितामा राख्न संयुक्त राष्ट्रसंघलाई गाह्रो काम हो । जुन निकाय सदस्य राष्ट्रबाट नै बनेको हो । हामीले राजनीतिक रूपमा कठिन समय हुँदाहुँदै पनि परिस्थितिको व्यवस्थापन गर्नुपर्दछ । हामीले यो काम सीमित साधनस्रोतका बावजुद गरिरहेका छौं । यसले आफ्नै खालको चुनौती सिर्जना गर्दछ । हामी राष्ट्रसंघको आधिकारिताको प्रबन्ध गर्दछौं । तर कतिपय राष्ट्रहरूमा नागरिकले सरकारलाई जबाफदेही बनाउने कुरालाई स्वागत गरिदैन ।

***तपाईंको करियरको क्रममा तपाईंले के लाई निरन्तरताको तत्वका रूपमा हेर्नुभएको छ र एक्सन एडसँग तपाईंको कामको मुख्य भिन्नता केमा रह्यो, जस्तो सहस्राब्दी विकास लक्ष्य र अहिले एम्नेस्टी इन्टरनेसनलमा ?***

समग्रमा मुद्दाहरू समान रहेका छन् । एक्सन एडमा मेरो विचारमा मुख्य निरन्तरता भनेको व्यवस्थापकीय कार्यमा हो । संगठनात्मक लक्ष्य प्राप्तिका लागि साझा सहमति बनाउनु र साधनस्रोतहरूको समुचित उपयोगमा ध्यानकेन्द्रित गर्नु सबैभन्दा प्रमुख प्रयत्न हो । सहस्राब्दी अभियानबाट यो बाह्य भाग हो, त्यो अझ सान्दर्भिक रहेको छ । जसमा सरकार, साझेदार र सञ्चारमाध्यमसँग काम गर्नुपर्दछ ।

यद्यपि सबै काम मानवअधिकारसँग सम्बन्धित रहेका छन् । एम्नेस्टी इन्टरनेसनल फरक छ किनकि यसले धेरै मानवअधिकारसँग सम्बन्धित कुरामा ध्यानकेन्द्रित गर्दछ । मुद्दा भने समान छन् । तर, दृष्टिकोणमा सामान्य फरक छ । त्यसैले मैले यहाँ धेरै कुरा सिक्नुपर्नेछ । साथै अझ ठूलो फरक भनेको सांस्कृतिक र इतिहाससँग सम्बन्धित रहेको छ । त्यसले संगठनमा के हुन्छ भन्ने कुराको परिभाषा गर्दछ । एम्नेस्टी इन्टरनेसनल प्रजातान्त्रिक सदस्यता रहेको संगठन हो, यो फरक छ । उदाहरणका लागि एक्सन एडको ज्यादै परम्परागत संगठनात्मक ढाँचा रहेको छ ।

***तपाईंले कम्तीमा तीन दशक गरिबीसँग जुध्दै बिताउनुभएको छ । यसमा सहस्राब्दी विकास लक्ष्यसँग सम्बन्धित तपाईंको काम पनि पर्दछ । के ठान्नुहुन्छ– एआईको मानवअधिकारको दृष्टिकोणबाट हेर्दा अभियानले मानिसलाई आधारभूत स्वास्थ्य सेवा, खाद्यान्न, आवास र शिक्षामा पहुँच गराउला ? राष्ट्रसंघ, एक्सन एड र अक्सफामबाट सम्बोधन नगरिएका कुरा के हुन् ? उदाहरणका लागि एम्नेस्टी इन्टरनेसनल त्यसको सामना गर्ने अवस्थामा पुगोस् ?***

पहिला मलाई त्यो दाबी अस्वीकार गर्न दिनुस् । यो कुरा बाहिरबाट भन्न सजिलो हुन्छ । जब मैले सुरु पनि गरेको थिइन । तर, यो प्रस्ट ढंगले केही कुरा थियो । म त्यसबारेमा सोचिरहेको थिएँ । र, मानिसहरूका बारेमा कुरा गरिरहेको थिएँ । सबै विकाससँग सम्बन्धित संस्थाहरूले अधिकारसँग सम्बन्धित कामबारेमा कुरा गर्न थालेका छन् । तर, कम भए पनि एआई पहिला नै त्यहाँ छ । विकासका लागि यी काम कतिको उपयुक्त हुन्छन् भन्ने प्रसंगमा महसुस गर्ने काम भइरहेको छ । यसले अवस्थालाई अझै प्रस्ट गर्दछ । मेरो विचारमा धेरै कुरा पहिला नै भइसकेको छ । विभिन्न बलका साथ मानिसहरू आइसकेका छन् ।

> सबैभन्दा ठूलो आकर्षण जसले मलाई एम्नेस्टी इन्टरनेसनलतर्फ खिच्यो त्यसको कारण हो– यसको २८ लाख सदस्यता । यदि यो सदस्यता थिएन भने एआईको अवस्था कमजोर हुन पुग्दथ्यो । त्यसैले एआई मेरो हृदयदेखिकै चासोको विषय भयो ।

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको विभिन्नता एकातर्फ तथा राजनीतिक र नागरिक अधिकारको कुरा एकआपसमा व्यावहारिक रूपमा नै

सहयोगी रहेका छन् । यी तिनै मानिस हुन्, जसका सबैखाले अधिकारमा ज्यादती भएको छ । कहिलेकाहीँ तपाईंको यसमा गम्भीर ओभरल्याप पनि भएको हुन सक्छ र प्रभावितहरू विश्वका बहुसंख्यक जनता रहेका छन् । उदाहरणका लागि यदि मलाई पनि जानकारी भएको गरिबी, शिक्षा, स्वास्थ्य र पानीको काममा जानुहुन्छ भने अक्सर हामीले बाधाका रूपमा पाउने भनेको सूचनामा अवरोध हो । सूचनाको अधिकारलाई नागरिक र राजनीतिक अधिकारको कुरासँग जोडिन्छ । यसलाई सामाजिक वा आर्थिक अधिकारसँग जोडिँदैन । एम्नेस्टी इन्टरनेसनल यी सन्दर्भहरूमा केन्द्रित हुनुपर्दछ । तिनीहरू प्राविधिकरूपमा सामाजिक वा आर्थिक अधिकार हुन सक्दैनन् । यी दुई क्षेत्रलाई जोड्नका लागि प्रणालीगत ढंगले काम हुन जरुरी छ । हामीले एम्नेस्टी इन्टरनेसनलको बल र तदारुकताका क्षेत्रको पनि प्रयोग गरेर अघि बढ्नुपर्दछ । ती क्षेत्रहरू, जसका बारेमा हामी बढी जानकार छौं । जस्तो सूचनाको अधिकार वा अधिकारको प्रमाणीकरणको कुरा त्यसमा पर्दछन् । म भर्खरै केन्याबाट आएको हुँ । जहाँ संविधानले धेरै सामाजिक र आर्थिक अधिकारलाई सुनिश्चित गरेको छ । सुनिश्चितताको मतलब जनताले ती अधिकार पाउँछन् भन्ने होइन । वास्तवमा ती अधिकारलाई कसरी सुनिश्चित गराउने भन्ने कुरा गरिबका अत्यावश्यक अधिकारका कुरा हुन् । त्यो बृहद् क्षेत्रमा एआईले काम गर्न सक्दछ ।

***तपाईंको व्यावसायिक पृष्ठभूमिले के देखाउँछ भने तपाई नागरिक समाज परिवर्तनको इन्जिन हुन सक्छन् भन्ने कुरामा विश्वास गर्नुहुन्छ । तपाई ठूला र साना गैरसरकारी संस्था र अन्य अभियन्ताहरूको भूमिकालाई कसरी हेर्नुहुन्छ ?***

म जनताको संगठन र जनताको आन्दोलनबारेमा कुरा गर्न चाहन्छु । मैले गरेका काममा सर्वसाधारण मानिसको कामले नै सहयोग गरेको कुरामा कुनै प्रश्न नै छैन । उनीहरूले नै परिवर्तन ल्याउन र केही गर्न खासमा मद्दत गरिरहेका हुन्छन् । यस काममा देखिने बाधाहरू सामान्यतया प्राविधिक खालका छैनन् । तर, राजनीतिक कुरा गर्दा यसले जनतालाई संगठित भएर आफ्ना आवाज अगाडि बढाउन र दबाब दिन सक्छन् । सबैभन्दा तलबाट दिइने दबाब नै कुनै पनि परिवर्तनका लागि सबैभन्दा महत्वपूर्ण हुन्छ ।

सबैभन्दा ठूलो आकर्षण जसले मलाई एम्नेस्टी इन्टरनेसनलतर्फ खिच्यो त्यसको कारण हो- यसको २८ लाख सदस्यता । यदि यो सदस्यता थिएन भने एआईको अवस्था कमजोर हुन पुग्दथ्यो । त्यसैले एआई मेरो हृदयदेखिकै चासोको विषय भयो । अझ महत्वपूर्ण कुरा अभियान सञ्चालनका लागि यससँग थुप्रै साधनस्रोत छ । मलाई थाहा छ कि सबै सदस्य र समर्थक अभियन्ता बन्न चाहँदैनन् । तर, एम्नेस्टी सेक्सनहरूले धेरै शक्तिलाई अझ सशक्त पार्न सिर्जनशील तरिका पाएको छ । यो हामीलाई अझै बढी चाहिन्छ ।

***कतिपय आलोचकहरूले मानवअधिकार आतंकवादको चुनौती र सुरक्षाको सन्दर्भमा हेर्नुपर्छ भन्ने गरेका छन् । विश्वले बेहोर्नु परिरहेको समस्याका सन्दर्भमा तपाईंको धारणा के छ ?***

सन् २००५ को विश्वका नेताहरूको शिखर सम्मेलनमा संयुक्त राष्ट्रसंघका तत्कालीन महासचिव कोफी अन्नानले आफ्नो वक्तव्यमा दिगो विकासबिना शान्ति नपाइने र शान्तिबिना दिगो विकास पनि नपाइने भएकाले, शान्ति र मानवअधिकारबिना कुनै पनि कुरा प्राप्त हुन नसक्ने कुरा पार्नुभएको थियो । तपाईंले अक्सर आतंकवादका कारण हेर्दा यी कुरा नै पाउनुहुन्छ । तपाई यसको मूल कारणमा जब जान्नुहुन्छ, त्यतिबेला तपाईंले मानवअधिकार ज्यादतीलाई पाउनुहुन्छ । मानिसहरू चरम गरिबीमा बस्न बाध्य भएको र प्राकृतिक साधनस्रोतको अवस्था बिगारेको अवस्थामा पाउनुहुन्छ । तपाईंले उदाहरणका लागि यदि डार्फुरमा हेर्नुभयो भने समस्या बनाउनका लागि थुप्रै कुराहरूले भूमिका खेलिरहेका हुन्छन् । तर तपाईंले जब यसलाई अलिक कम बनाउनुहुन्छ त्यतिबेला थुप्रै कुरा प्राकृतिक कुराहरूसँग आएर जोडिन्छन् ।

***तपाईंलाई थाहा हुनुपर्दछ, जब हामीले 'आत्मसम्मानको जीवन : मानवअधिकारको जीवन' भन्ने अभियान सुरु गर्‍यौं विश्वभरिका १०औं हजार मानिसले एम्नेस्टी इन्टरनेसनलसँग आत्मसम्मान के हो भनेर सोधेर पठाएका छन् । जुन www.dignity.org मा उपलब्ध छ, तपाईं हामीलाई भन्न सक्नुहुन्छ आत्मसम्मान भनेको के हो ?***

यदि तपाईं मानवअधिकारको विश्वव्यापी घोषणापत्रमा जानुभो भने त्यसमा सोझै सबै मानिसलाई आत्मसम्मानमा रहनका लागि अधिकार छ। मलाई थाहा छ कि आत्मसम्मान भनेको के हो भन्नेबारेमा पूरै जटिल दार्शनिक र शैक्षिक वादविवाद उत्पन्न भएको छ। मेरा लागि यो सम्मानको आधारभूत कुरा हो। जसमा मानवअधिकार र जीवनलाई चाहिने सबै अत्यावश्यक कुराहरू उपलब्ध हुन्छन्। जब मैले सबै अत्यावश्यक कुरा भन्छु, यसमा वस्तुगत कुरा मात्रै पर्दैन। त्यसमा सामाजिक, राजनीतिक र सांस्कृतिक कुरा पनि पर्दछन्।

***अहिलेका प्रमुख मानवअधिकार चुनौती के हुन् भन्ने ठान्नुभएको छ ?***

जसले पनि चुनौतीको लामो सूची बनाउन सक्दछ। जसअन्तर्गत मानिसहरूले थुप्रै चुनौती सामना गर्नुपर्दछ। एम्नेस्टी इन्टरनेसनलमा काम गर्दा सम्भावित एउटा कुरा भनेको नागरिक र राजनीतिक अधिकारसँग सम्बन्धित कुरा हो, जसले विश्वलाई पक्षघाततर्फ लग्ने काम गरिरहेको छ। त्यसैले अझै पनि थुप्रै चुनौतीहरू विद्यमान छन्। गरिबी र आर्थिक विषयका अतिरिक्त सामाजिक र सांस्कृतिक अधिकारका कुरा पनि छन्। यहाँ चुनौतीको कमी छैन। यसले गर्दा पनि एम्नेस्टी इन्टरनेसनलको कार्य आगामी दशकमा अझ सान्दर्भिक र महत्वपूर्ण हुनेछ।

अझै पनि थुप्रै चुनौतीहरु विद्यमान छन्। गरिबी र आर्थिक विषयका अतिरिक्त सामाजिक र सांस्कृतिक अधिकारका कुरा पनि छन्। यहाँ चुनौतीको कमी छैन। यसले गर्दा पनि एम्नेस्टी इन्टरनेसनलको कार्य आगामी दशकमा अझ सान्दर्भिक र महत्वपूर्ण हुनेछ।

***व्यक्तिगत हेराइमा तपाईं नयाँ महासचिवका रूपमा एम्नेस्टी इन्टरनेसनलमा सहभागी हुँदै हुनुहुन्छ। तपाईंका आफ्ना विचार र अपेक्षा हाम्रा पाठकहरूमाझ राख्न चाहनुहुन्छ कि ?***

म व्यक्तिगतरूपमा एआईमा प्रवेश गर्न पाउँदा ज्यादै खुसी भएको छु। मैले विगत केही महिनाको अवधिमा ७ वटा सेक्सनको भ्रमण गर्ने मौका पाएँ। सेक्सन निर्देशक, स्टाफ र केही सदस्यका अतिरिक्त अन्तर्राष्ट्रिय सचिवालयमा वरिष्ठ नेतृत्वमण्डललाई समेत भेटें। त्यो बेलामा मैले पाएको कुरा उत्साहजनक रहेको छ। यो **वायर**का लागि लिइएको अन्तर्वार्ता भनेर मात्रै मैले यसो भनिरहेको छैन। पछिल्ला दिनहरूमा यो संगठनलाई जनताका लागि बनाइएको रहेछ। तपाईंले यी सबै रणनीति कागजात, दृष्टिकोण हेर्न सक्नुहुन्छ। तर, यो जनताकै कुरा हो, जसले यो संगठन चलाइरहेका छन्। मैले एम्नेस्टी इन्टरनेसनलभित्रका मानिसको मात्रै कुरा गरिरहेको छैन। मैले एम्नेस्टी इन्टरनेसनल बाहिरका मानिसको पनि कुरा गरिरहेको छु। र, यी सबै क्षेत्रमा एआईलाई सरकारहरू, नागरिक समाजका नायक र सञ्चारमाध्यमले उच्च सम्मान गरेको पाएँ। मेरो विचारमा हामी वास्तवमै बलियो सम्पत्तिको जगमा बसेका छौं।

एम्नेस्टी इन्टरनेसनल यसको बृहत् सदस्यता, यसको विश्वास र विश्वसनीयताले मानवअधिकारको सन्दर्भमा विश्वमा रहेका चुनौती सामना गर्न अझै धेरै गर्नुपर्दछ। मेरा लागि एम्नेस्टी इन्टरनेसनलका वास्तविक चुनौती भनेको केही प्रस्ट लक्ष्य र तत्परता आगामी केही वर्ष प्रदान गर्नु हो। हामीले केही कुरामा समझदारी राख्नुपर्दछ। हामी सबैले यसमा विश्वास गर्नुपर्दछ र हामीले यसलाई वितरण गर्नेबारेमा सोच्नुपर्दछ।

मैले विभिन्न ठाउँमा भ्रमण गरेको समयमा र बाहिर मानिसहरूसँग भेट्दा तर्कको गुणस्तर, विश्लेषण र अनुसन्धानको कुरा भयो। वास्तवमा नै ती दुई कुराको संयोजन नै हाम्रो अभियान हो। जनताको शक्ति र राम्रा तर्कको शक्तिलाई प्रयोग गरेर बजेटलाई अझ प्रभावकारी ढंगले अघि बढाउनुपर्दछ। जसलाई यसअघि नै घोषित लक्ष्य प्राप्तिका लागि प्रयोग गर्नुपर्दछ। यसलाई सबैभन्दा सामान्य ढंगले अघि बढाइनुपर्दछ। यिनै हाम्रा काम हुन्। ❖




# अभियानका लागि युवाहरूको क्षमता वृद्धि



एआई नेपालमा आबद्ध युथ नेटवर्कहरूमा सम्मिलित युवाहरूको चौथो राष्ट्रिय युथमेला २०६७ जेठ २९ र ३० गते पोखरामा सम्पन्न भएको छ । दुई दिने सो मेलामा विविध बन्द सेसन र बाह्य गतिविधिहरू भएका थिए । आन्तरिक सेसनहरूमा एआई नेपालभित्र युवाहरूको भूमिका, नेतृत्वजस्ता विषयका साथै अन्य सेसनहरूमा अभियानको शैली, तरिका र सिर्जनशील अभियानका बारेमा छलफल गरिएको थियो ।

यसैगरी सहभागीहरूलाई एआईको

प्राथमिकताका अभियान, न्यायको अभियान र आप्रवासी कामदारको अभियान सम्बन्धमा जानकारी गराइएको थियो । सो अवसरमा केशव सिग्देल, उत्तम सापकोटा, रामेश्वर नेपाल, भोला भट्टराई र एलिना अधिकारीले सेसनहरू सञ्चालन गर्नुभएको थियो ।

बाह्य कार्यक्रमअन्तर्गत युथमेलाका सहभागीहरूले आप्रवासी कामदारका लागि आयोजित क्याराभान कार्यक्रमको उद्घाटन कार्यक्रममा पनि सहभागिता जनाएका थिए । मेलामा कुल ३६ जनाको सहभागिता रहेको थियो । जसमा २२ पुरुष र १४ जना महिला रहेका थिए । तीमध्ये ३३ जना ३३ वटा युथ नेटवर्कबाट र ३ जना युथ नेटवर्क नेसनल वर्किङ ग्रुपबाट सहभागी रहेका थिए ।

## मेलाका आकर्षण

### वर्ल्डकप फुटबल एक्सन



मेलामा वर्ल्डकप फुटबल एक्सन अन्तर्गत एआईले विश्वव्यापी रूपमा अभियान सञ्चालनका लागि मानवअधिकार रक्षकहरू सम्मिलित ११ जनाको टोली बनाएको जानकारी दिइयो । कार्यक्रममा पाकिस्तानकि अधिकार रक्षक अमीना जान्जुवाका पति मसूद् जान्जुवालाई पाकिस्तानले विगत ५ वर्षदेखि बेपत्ता बनाएको र तिब्बतका चलचित्र निर्माता धोन्दुप वाङ्चेनलाई गिरफतार गरिएकोमा उनीहरूलाई सार्वजनिक गर्न आग्रह गर्दै सम्बद्ध राष्ट्रलाई पठाइएको पत्रमा हस्ताक्षर संकलन गरिएको थियो ।

### इरान एक्सन




सोही अवसरमा जुन १२, २००९ मा इरानमा भएको राष्ट्रपतिय निर्वाचन पछिको मोहम्मद अहमदिनेजादको १ वर्षे कार्यकालमा थुप्रै मानिसलाई गिरफतार गरिएको र उनीहरूलाई मुक्त गर्नुपर्ने आग्रह सहितको पत्रमा सो अवसरमा हस्ताक्षर संकलन गरिएको थियो ।

### म्यान्मार अभियान



म्यान्मार अभियानअन्तर्गत म्यान्मारमा हुने भनिएको आगामी निर्वाचन अघि नै सबै राजनीतिक बन्धकको रिहाइ एवम् वाक् तथा प्रकाशन स्वतन्त्रताको प्रत्याभूति हुनुपर्ने माग सहितको पत्रमा हस्ताक्षर संकलन गरिएको थियो । ❖

# अभियानलाई सिर्जनात्मक कसरी बनाउने ?



एआई नेपालले आफू मातहतका युथ नेटवर्कहरुका लागि २०६६ चैत २८ देखि ३० गतेसम्म तीन दिने क्रियटिभ अभियानसम्बन्धी कार्यशाला काठमाडौंमा आयोजना गरेको छ ।

कार्यक्रममा एआई नेपालका विभिन्न युथ नेटवर्कका प्रतिनिधि तथा नेपालको विगतको सशस्त्र द्धन्द्धमा बेपत्ता पारिएका वा हत्या गरिएका व्यक्तिका परिवारका सदस्यसमेत ३३ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा सहजकर्ताको भूमिका एआई नेपालका निर्देशक रामेश्वर नेपाल, एआईको एसिया/प्रशान्त क्षेत्रीय कार्यालयका अभियान संयोजक रबर्ट गडेन, एआई डेनमार्कका प्रतिनिधि एरिक सोरेन्सेन, एआई नेपालका अभियान संयोजक भोला भट्टराई र विष्णुबहादुर खत्रीले सहजकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो ।

कार्यक्रममा सहभागी युथ प्रतिनिधिहरुले नेपालको सन्दर्भमा आगामी दिनमा विभिन्नखाले अभियान सञ्चालन गर्न सकिने प्रस्ताव गरेका थिए । सो अवसरमा बेपत्ता परिवारका सदस्यहरुले एआईजस्ता संस्थाले नेपालमा दण्डहीनताको अन्त्य तथा आफ्ना आफन्तहरुको खोजीका लागि पहल गरिदिनुपर्ने कुरामा जोड दिएका थिए । ❖



## सहस्राब्दी लक्ष्य अनिश्चित

# मानवअधिकारलाई केन्द्रमा राख्न एआईको आग्रह

अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्था एम्नेस्टी इन्टरनेसनलले जेठ २६, २०६७ मा एक वक्तव्य प्रकाशित गरी विश्वका सरकारहरूद्वारा प्रतिबद्धता व्यक्त गरिएको सहस्राब्दी विकास लक्ष्य अनिश्चित र प्राप्त नहुने खतरा उत्पन्न भएको जनाएको छ। सन् २००० मा विश्व शिखर सम्मेलनमा व्यक्त प्रतिबद्धताअनुरूप काम हुन नसकेको जनाउँदै यी लक्ष्यसम्बन्धी प्रतिबद्धता पूरा गर्न वक्तव्यमार्फत एम्नेस्टी इन्टरनेसनलले आग्रहसमेत गरेको छ।

एम्नेस्टी इन्टरनेसनलले मानवअधिकारलाई केन्द्रमा राखेर अघि बढ्न आग्रह गर्दै यसका लागि जबाफदेहितामा सुधार हुनुपर्ने कुरा औंल्याएको छ। त्यसका लागि मानवअधिकारको सम्मान, संरक्षण र पूर्णतामा ध्यान दिनुपर्ने एम्नेस्टी इन्टरनेसनलद्वारा प्रेषित वक्तव्यमा जनाइएको छ। साथै प्रभावकारी उपचारको विधि अपनाउनुपर्ने उल्लेख गर्दै निरन्तर रूपमा मानवअधिकार मापदण्डको पुनरवलोकन गर्नुपर्ने कुरा वक्तव्यमा उल्लेख छ। वक्तव्यमा राज्यहरूले विद्यमान र बनाउने तयारीमा राखिएका कानूनको पुनरवलोकन गरी ती कानूनलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बनाउनुपर्ने कुरामा जोड दिइएको छ।

विभिन्न विभेदका कारण पिछडिएका जनतालाई समावेशी वातावरण बनाउन जोड दिँदै वक्तव्यमा भनिएको छ- सरकारहरूले केकति प्रगति भयो भन्नेबारेमा उचित लेखाजोखा गर्नुपर्दछ। सहभागिताको सुनिश्चितताका लागि जोड दिँदै वक्तव्यमा भनिएको छ- सहस्राब्दी विकास लक्ष्यको कार्यान्वयनमा सबै पक्षको सहभागिताको सुनिश्चितता हुनुपर्दछ।

सहस्राब्दी विकास लक्ष्य पूरा हुने कुरामा अनिश्चितता देखिएको जनाउदै एआईले अहिलेको अवस्थामा व्यापक परिवर्तन नगरिएमा सन् २०१५ सम्ममा यी लक्ष्य प्राप्त हुन गाह्रो रहेको कुरा संयुक्त राष्ट्रसंघले समेत बताइसकेको उल्लेख गरेको छ। सहस्राब्दी विकास लक्ष्य प्राप्तिका लागि राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको प्रवर्द्धन र संरक्षणमा एआईले जोड दिएको छ। सहस्राब्दी लक्ष्य प्राप्तिका लागि सबै सरकारहरूले अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउनुपर्ने कुरामा समेत एआईले जोड दिएको छ। ❖

## भोपाल ग्याँस दुर्घटना

# २५ वर्षपछि पनि अधुरो न्याय

एम्नेस्टी इन्टरननेसनल नेपालले सन् १९८४ मा भएको भोपालको ग्यास दुर्घटनामा ज्यादै ढिलो दोषीलाई ज्यादै न्यून मात्र सजाय भएको जनाएको छ।

एआईले ७ जुन, २०१० का दिन एक वक्तव्य जारी गरी अमेरिकामा आधारित युनियन कार्वाइड कर्पोरेसन (युसीसी) लाई न्यायको कठघरामा ल्याउन आग्रहसमेत गरेको छ।

भोपालस्थित अदालतले जुन ७ का दिन ७ जना भारतीय नागरिकलाई घटनाका दोषी भन्दै उनीहरूलाई बढीमा २ वर्षसम्मको जेलको सजाय सुनाएको थियो। त्यतिबेला सो कम्पनीसँग आबद्ध ती कर्मचारीको गल्तीका कारण सो घटना भएको भन्ने अदालतको भनाइ रहेको छ। यो ऐतिहासिक फैसला हो। तर ज्यादै ढिलो र सजाय थोरै भयो। कुनै पनि फैसलाका लागि २५ वर्षसम्म पीडितका परिवारले कुर्नुपर्ने अवस्था अस्वीकार्य छ, विश्वव्यापी मामिलासम्बन्धी एआईका निर्देशक अड्री गाउघ्रानले भन्नुभएको छ।

सन् १९८४ मा भोपालमा भएको ग्यास दुर्घटनामा ७ हजारदेखि १० हजारसम्म मानिसको लगत्तै ज्यान गएको थियो भने पछिल्ला २० वर्षमा थप १५ हजार मानिस मारिएका थिए। करिब १ लाख मानिस अझै त्यसबाट उत्पन्न कारणबाट पीडित रहेका छन्। एआईले यो सजाय मात्र पर्याप्त नरहेको र तत्कालीन कम्पनीलाई पनि न्यायको कठघरामा ल्याउन आग्रह गरेको छ। ❖

# समूह र युथ नेटवर्कका गतिविधि

**एआई नेपाल सम्बद्ध समूह तथा युथनेटवर्कहरुद्वारा आ-आफ्ना क्षेत्रमा विविध गतिविधि सञ्चालन गरेका समाचार प्राप्त भएका छन् । प्रस्तुत छ, ती गतिविधिको संक्षिप्त विवरण :**

## ■ एम्नेस्टी दिवस

**समूह-६३, इटहरी**



एआई नेपाल समूह-६३, इटहरीले ४९औं एआई स्थापना दिवसको सन्दर्भमा मानवअधिकारसम्बन्धी विभिन्न नारा लेखिएको प्लेकार्ड बोकेर इटहरी बजारमा प्रभातफेरी कार्यक्रमको आयोजना गरेको छ। सोही दिन साँझ इटहरी चोकमा मैनबत्ती प्रज्ज्वलन कार्यक्रम पनि आयोजना गरिएको थियो ।

**अन्नपूर्ण समूह-५४**



एम्नेस्टी इन्टरनेसनलको ४९औं स्थापना दिवसको सन्दर्भमा एम्नेस्टी इन्टरनेसनल नेपाल, अन्नपूर्ण समूह-५४ को आयोजना तथा माछापुच्छ्रे युथ नेटवर्कको व्यवस्थापनमा पोखरा-१७ सीतापाइलास्थित पोखरा वृद्धाश्रममा रहेका वृद्धवृद्धाहरूलाई भोजन गराउने कार्यक्रम सम्पन्न गरियो । कार्यक्रम एआई नेपालका केन्द्रीय सदस्य निर्मलबाबु श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

**निशानदीप समूह-१, धनकुटा**

एआई नेपाल निशानदीप समूह-१, धनकुटाको आयोजनामा एआईको स्थापना दिवसको सन्दर्भमा एक छलफल कार्यक्रमको आयोजना गरियो। कार्यक्रमको प्रमुख अतिथि एआई नेपालका केन्द्रीय सदस्य निर्मलबाबु श्रेष्ठ हुनुहुन्थ्यो भने कार्यक्रममा स्थानीय बुद्धिजीवीहरूको सहभागिता रहेको थियो । सो अवसरमा समूहका तर्फबाट स्थानीय धनकुटा बहुमुखी क्याम्पसलाई २० वटा प्लास्टिकको डस्टबिन वितरण गरिएको थियो ।

**समूह-८२, पोखरा**



एआई नेपाल समूह-८२, पोखराले २०६७ जेठ १४ गते विविध कार्यक्रमको आयोजना गरी एम्नेस्टी इन्टरनेसनल दिवस मनाइएको छ । कार्यक्रममा पोखरा-१७, रातोपहिरोस्थित मानव पारी संस्थामा रहेका असहाय तथा अपांगहरूलाई खाद्यान्न वितरण गरिएको थियो । यसैबीच सोही समूहले एआई दिवसकै सन्दर्भ पारेर विश्वभरिको मानवअधिकार स्थिति सुदृढ गर्नका लागि आवश्यक सहयोग पुऱ्याउन आग्रह गर्दै अमेरिकी राष्ट्रपति बाराक ओबामालाई लेखिएको पत्रमा हस्ताक्षर संकलन कार्यक्रमसमेत आयोजना गरेको थियो ।

## ■ रोम विधान प्रसंग

**निर्माणाधीन समूह, कञ्चनपुर**

एआई नेपाल निर्माणाधीन समूह कञ्चनपुरले २०६७ वैशाख ५ गते रोम विधानका बारेमा अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो ।

**समूह ८६, ८७ र ७०, झापा**

एआई नेपाल समूह ८६, ८७ र ७० झापाको संयुक्त

आयोजनामा २०६६ चैत २५ गते रोम विधान अनुमोदनको आग्रह गर्दै हस्ताक्षर संकलन कार्यक्रम आयोजना गरियो। एआई नेपालका अध्यक्ष हेमकुमार खड्काको प्रमुख आतिथ्यतामा सो कार्यक्रम सम्पन्न भएको थियो।

## ■ महिला दिवस

**बाग्लुङ युथ नेटवर्क**



अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा एआई नेपाल युथ नेटवर्क बाग्लुङले ८ मार्च, २०१० का दिन एक अन्तरक्रिया कार्यक्रमको आयोजना गर्‍यो।

**समूह ६० र ७५ झापा**

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा एआई नेपाल समूह ६० र ७५ झापाले संयुक्त रूपमा ८ मार्चका दिन महिला दिवस विशेष अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

**समूह-५० र ५६, भक्तपुर**

एआई नेपाल समूह ५० र ५६ भक्तपुरको संयुक्त आयोजनामा ८ मार्च, २०१० का दिन महिला मानवअधिकार रक्षकको सुरक्षाको आग्रह गर्दै हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरियो।

**एभरेस्ट समूह-३४, काठमाडौं**

एआई नेपाल, एभरेस्ट समूह-३४ काठमाडौंले अन्तर्राष्ट्रिय महिला दिवस ८ मार्च, २००९ का दिन उपत्यकाव्यापी अन्तरविद्यालयस्तरीय निबन्ध लेखन प्रतियोगिताको आयोजना गर्‍यो। उपत्यकाभित्रका कुल १४ विद्यालयका २२ जना विद्यार्थीहरूको सहभागिता



रहेको महिला हिंसा अन्त्यका लागि साझा सवाल' विषयमा आयोजित प्रतियोगितामा स्नेह इंगलिस स्कुल सिनामंगलका निरज बन्जाडा प्रथम, भीएस निकेतन स्कुल मीनभवनकी एलिना राना द्वितीय र ब्रुकफिल्ड एकेडेमीकी प्रमिला तिमिल्सिनाले तेस्रो र ब्राइट फयूचर स्कूलकी निशा आले मगरले सान्त्वना स्थान हासिल गरेका थिए। विजयीहरूलाई नगद पुरस्कार तथा पदक प्रदान गरिएको थियो।

## ■ प्रशिक्षण

**समूह-६३, इटहरी**




एआई नेपाल समूह-६३, इटहरीको आयोजनामा २०६७ जेठ १२ गते मेडिकल युथ नेटवर्क धरानका युथ सदस्य तथा केन्द्रीय क्याम्पस हात्तीसारका सदस्यलाई अनुशिक्षण कार्यक्रमको आयोजना गरेको छ। कार्यक्रममा ३६ जनाको सहभागिता रहेको थियो।

**समूह-८२, पोखरा**

एआई नेपाल समूह-८२, पोखराले २०६६ माघ २ गते मानवअधिकारसम्बन्धी एक अभिमुखीकरण



कार्यक्रमको आयोजना गऱ्यो ।

**युथ नेटवर्क, इनरुवा**

एआई नेपाल युथ नेटवर्क इनरुवाको आयोजनामा २०६७ वैशाख ५ गते स्थानीय क्याम्पसका विद्यार्थीमाझ एक अभिमुखीकरण कार्यक्रमको आयोजना गरियो ।

**समूह-६३, इटहरी**

एआई नेपाल समूह-६३, इटहरीले २०६७ वैशाख ११ गते युवा सदस्यका लागि एकदिवसीय प्रशिक्षण कार्यशालाको आयोजना गऱ्यो । कार्यक्रमको उद्घाटन राकासका केन्द्रीय सदस्य डीक घिमिरेले गर्नुभएको थियो ।

## ■ मानवअधिकार दिवस

**महिला समूह-६८, नेपालगञ्ज**

एआई नेपाल महिला समूह-६८ नेपालगञ्जको



सहभागितामा अन्तर्राष्ट्रिय मानवअधिकार दिवस १० डिसेम्बरका दिन एक ऱ्यालीको आयोजना गरियो । ढिलो गरी प्राप्त जानकारीअनुसार महिला विकास कार्यालयको पहल तथा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्च आयोगको सहयोगमा सो कार्यक्रम आयोजना गरिएको हो ।

## ■ मजदूर दिवस

**समूह-६३, इटहरी**




एआई नेपाल समूह-६३, इटहरीले १२१औं अन्तर्राष्ट्रिय मजदूर दिवसको अवसरमा मजदूर अधिकार र मानवअधिकार विषयमा एक विचार गोष्ठीको आयोजना गऱ्यो । कार्यक्रमको पहिलो सत्रमा सहभागी सबैले शान्ति पदयात्राको रूपमा नगर परिक्रमा गरेका थिए ।

## ■ प्रतिवेदन सार्वजनिक

**समूह-८२, पोखरा**



एआई नेपाल समूह-८२ पोखराले एक पत्रकार सम्मेलनको आयोजना गरी २०६७ जेठ १३ गते एआईको विश्वव्यापी वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ ।

**समूह-६६, दाङ**

एआई नेपाल समूह-६६ दाङले २०६७ जेठ १३ गते एक कार्यक्रमको आयोजना गरी एआईको वार्षिक प्रतिवेदन-२०१० सार्वजनिक गरेको छ ।

**ट्रेड युनियन समूह-४१, विराटनगर**

एआई नेपाल ट्रेड युनियन समूह-४१, विराटनगरले २०६७ जेठ १३ गते एक कार्यक्रमका बीच एआईको वार्षिक प्रतिवेदन सार्वजनिक गरेको छ । सो कार्यक्रमको



प्रमुख आतिथ्यता एआई नेपालका पूर्वअध्यक्ष प्रदीप पोखरेलले गर्नुभएको थियो ।

## ■ विविध

**दुहवी युथ नेटवर्क, सुनसरी**



एआई नेपाल दुहवी युथ नेटवर्क सुनसरीले इन्डोनेसियामा जोहन टेलेरिसा निर्दोष भएकाले उनलाई तत्काल रिहाइको आग्रह गर्दै त्यहाँका राष्ट्रपतिलाई लेखिएको पत्रमा हस्ताक्षर संकलन गरेको छ । सो कार्यक्रम २०६७ वैशाख २५ गते सम्पन्न भएको थियो ।

**समूह-६६, दाङ**

एआई नेपाल समूह-६६, दाङले नयाँ वर्ष २०६७ साल वैशाख १ गते शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गरेको छ ।

**समूह-३६, प्युठान**

एआई नेपाल समूह-३६, प्युठानसमेत आबद्ध रहेको जिल्लास्तरीय मानवअधिकार सञ्जाल प्युठानको सक्रियतामा विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संयुक्त आयोजनामा लोकतन्त्र दिवस २०६७ वैशाख ११ गतेका दिन जिल्ला सदरमुकाम खलंगामा एक कार्यक्रमको आयोजना गरियो ।

त्यसैगरी सोही अवसर पारी जिल्लास्तरीय मानवअधिकार सञ्जालको वर्तमान संयोजकत्व गरिरहेको संस्था महिला सहयोग मञ्च, प्युठानको तर्फबाट जिल्ला कारागार शाखा प्युठानका महिला बन्दीहरूका लागि सूचना



तथा सञ्चारमा पहुँच बढाउने उद्देश्यका साथ १४ इन्चको रंगीन टेलिभिजन सहयोग मञ्चका अध्यक्ष पार्वता आचार्यबाट प्रदान गरिएको थियो ।

**युथ नेटवर्क, सुर्खेत**

एचआईभी एड्स र मानवअधिकारसम्बन्धी विभिन्न कार्यक्रमहरूमा समन्वय गर्नका लागि एआई नेपाल, काक्रेबिहार युथ नेटवर्क, सुर्खेतले २०६७ वैशाख ४ का दिन एक समन्वयात्मक वैठकको आयोजना गऱ्यो । बैठकमा सुर्खेतस्थित सरकारी तथा गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## ■ सुरक्षित विद्यालय बालिकाको अधिकार

**युथ नेटवर्क, बागलुङ**

एआई नेपाल युथ नेटवर्क बागलुङले २०६६ मंसिर १९ गते सुरक्षित विद्यालय प्रत्येक बालिकाको अधिकार विषयमा बालबालिकासँग एक अन्तरक्रिया कार्यक्रमको आयोजना गऱ्यो । कार्यक्रममा स्थानीय लहरे पिपल माविका कक्षा ८, ९ र १० कक्षामा अध्ययनरत विद्यार्थीहरू सहभागी थिए ।

**समूह-३४, काठमाडौं**



एआई नेपाल एभरेस्ट समूह-३४ काठमाडौंले नयाँ बानेश्वर चोकको संविधानसभा भवनको पश्चिमपट्टि महिला हिंसाविरुद्धको अभियानअन्तर्गत 'सुरक्षित विद्यालय प्रत्येक बालिकाको अधिकार' विषयमा २०६७ असार ४ गते एक प्रदर्शनीको आयोजना गऱ्यो । कार्यक्रममा माध्यमिक विद्यालयस्तरमा अध्ययनरत ७० जना छात्र तथा छात्रा र अन्य ३० भन्दा बढी सर्वसाधारण गरी कुल १ सय जनाको उपस्थिति थियो ।

## ■ अन्तर्राष्ट्रिय ऐक्यबद्धता

**बिजनेस समूह-१७, भक्तपुर**



एआई नेपाल बिजनेस समूह-१७, भक्तपुरले फिलिपिन्समा व्याप्त हत्याहिंसाको शृङ्खला अन्त्यको आग्रह गर्दै २०६७ वैशाख २७ गते एक हस्ताक्षर संकलन कार्यक्रमको आयोजना गरेको छ । सो अवसरमा करिब २ सय हस्ताक्षर संकलन गरिएको थियो ।

**समूह-७९, लमजुङ**

एआई नेपाल समूह-७९ लमजुङले २०६७ जेठ २३ गते मानवअधिकार शिक्षाका बारेमा एक कार्यक्रमको आयोजना गऱ्यो । एआई नेपालका उपमहासचिव उत्तम सापकोटाको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा आतंकवादलाई न्यायिक मार्गबाट प्रतिरोध गर्न र मानवअधिकारको सम्मान गर्न आग्रह गर्दै अमेरिकी राष्ट्रपति बाराक ओबामालाई लेखिएको पत्रमा हस्ताक्षरसमेत संकलन गरिएको थियो ।

## ■ साधारणसभा

**समूह-३६, प्युठान**



एआई नेपाल समूह-३६, प्युठानको साधारणसभा २०६७ वैशाख १७ गते सम्पन्न भएको छ । साधारणसभाले कृष्णचन्द्र गिरीको संयोजकत्वमा नयाँ कार्यसमिति पनि चयन गरेको छ ।

जसअनुसार उपसंयोजक, सचिव र कोषाध्यक्षमा क्रमशः जानकी पन्थी, श्रीधर भट्टराई र तीर्थराज पोखरेल चयन हुनुभएको छ । त्यस्तै सदस्यहरूमा पार्वता आचार्य, शरदकुमार घिमिरे र बसन्ता थापा (केसी) चयन हुनुभएको छ ।

**बाराही युथ नेटवर्क, पोखरा**



एआई नेपालअन्तर्गतको बाराही युथ नेटवर्कको साधारणसभा २०६७ वैशाख २५ गते सम्पन्न भएको छ । एआई नेपालका केन्द्रीय सदस्य निर्मलबाबु श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न साधारणसभाले संयोजकमा सन्तोष नेपाली, उपसंयोजकमा कोपिला पौडेल, आर्थिक उपसमिति संयोजकमा हरि गुरुङ, उपसंयोजकमा अञ्जु सिंह खवास, कार्यसञ्चालन उपसमितिमा संयोजक इमनाथ

पौडेल र उपसंयोजकमा सपना बास्तोलालाई छनोट गरेको छ । त्यसैगरी प्रचारप्रसार उपसमितिमा संयोजक मीना थापा, उपसंयोजकमा दीपा सुवेदी, समन्वय उपसमितिमा संयोजक सरस्वती पौडेल र उपसंयोजकमा सुमन नेपाली, सदस्यता वृद्धि उपसमितिका संयोजकमा शारदा गौतम र उपसंयोजकमा क्रिस पुन छनोट हुनुभएको छ ।

**समूह-५८, बिर्तामोड**



एआई नेपाल समूह-५८, बिर्तामोडको एघारौं साधारणसभा २०६७ वैशाख २५ गते सम्पन्न भयो । समूहका पूर्वसंयोजक तथा सल्लाहकार छत्रभूषण दाहालको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा आप्रवासी कामदारमाथिको ज्यादती रोक्न र सुरक्षित विद्यालय हरेक बालिकाको अधिकार भन्ने सुनिश्चिततताका लागि अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

**समूह-३४, काठमाडौं**



एआई नेपाल समूह-३४, काठमाडौंको साधारणसभा २०६६ चैत २२ गते समूहका संयोजक कूलप्रसाद भट्टराईको अध्यक्षतामा सम्पन्न भएको छ । कार्यक्रम एआई नेपालका उपमहासचिव तथा सो समूहका सल्लाहकार उत्तम सापकोटाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो ।

**समूह-३१, परासी**

एआई नेपाल समूह-३१, परासीले २०६६ फागुन २९ गते साधारणसभाको आयोजना गरी खेमलाल शर्माको संयोजकत्वमा नयाँ कार्यसमितिको चयन गरेको छ ।

नवगठित कार्यसमितिको उपसंयोजकमा नसरुल्लाह अन्सारी, सचिवमा विजय जैसवाल, सहसचिवमा पुरुषोत्तम ढकाल, कोषाध्यक्षमा रवि गौतम तथा सदस्यहरूमा सन्तोष श्रीवास्तव, अनिल उपाध्याय, अरुणोदय उपाध्याय, पुरुषोत्तम सुवेदी, उत्तम राय, सरस्वती कँडेल, प्रियंका कुर्मी र राधा पाण्डे रहनुभएको जनाइएको छ ।

**माछापुच्छ्रे युथ नेटवर्क, पोखरा**



एआई नेपाल माछापुच्छ्रे युथ नेटवर्कको साधारणसभा २०६७ वैशाख १९ गते पोखरामा सम्पन्न भयो । साधारणसभाले सो युथ नेटवर्कको संयोजकमा लेलिन घिमिरे र उपसंयोजकमा नारायणी अर्यालालाई चयन गरेको छ ।

**बिर्तामोड युथ नेटवर्क**



एआई नेपाल विर्तामोड युथ नेटवर्कको वार्षिक साधारणसभा २०६७ वैशााख २५ गते बिर्तामोडमा सम्पन्न भएको छ। साधारणसभाले प्रमिला गुरागाईंको संयोजक र सरोज खरेललाई उपसंयोजक तोकेको छ।

**समूह-५०, भक्तपुर**

एआई नेपाल समूह-५०, भक्तपुरको साधारणसभा २०६६ फागुन २८ गते समूह संयोजक मंगला मगजुको अध्यक्षतामा सम्पन्न भयो।

**बिजनेस समूह-१७, भक्तपुर**



एआई नेपाल बिजनेस समूह-१७ भक्तपुरको वार्षिक साधारणसभा समूह संयोजक सुरेशमान लाखेको अध्यक्षतामा २०६७ वैशाख २७ गते सम्पन्न भएको छ। एआई नेपालका उपाध्यक्ष केशव सिग्देलको प्रमुख आतिथ्यततामा सम्पन्न सो साधारणसभाले सत्य त्वयनाको संयोजकत्वमा नयाँ कार्यसमिति चयन गरेको छ।

कार्यसमितिको सचिव र कोषाध्यक्षमा क्रमशः कमलराज थापा र किरण शिल्पकार तथा सदस्यहरूमा रुकमणी सिंख्वाल, गंगाप्रसाद लालुवा, सुजेन्द्र नागार र दशरथ प्रजापति चयन हुनुभएको छ।

**रानीवन युथ नेटवर्क, काठमाडौं**

एआई नेपाल रानीवन युथ नेटवर्कको साधारणसभा २०६७ वैशाख २८ गते सम्पन्न भएको छ। साधारण सभाले आगामी एक वर्षका लागि बरुण सिग्देलको संयोजकत्वमा रहेको पुरानै कार्यसमितिलाई यथावत राख्ने निर्णयसमेत गरेको छ।

**शिक्षक समूह-४, तेह्रथुम**

एआई नेपाल शिक्षक समूह-४, तेह्रथुमको १३औं वार्षिक साधारणसभा २०६७ वैशाख २९ गते सम्पन्न भएको छ। नवगठित कार्यसमितिमा वीरेन्द्रबहादुर कन्दङ्वा संयोजक, रबिकुमार थपलिया उपसंयोजक, विनोद न्यौपाने सचिव, गोमादेवी बुढाथोकी सहसचिव र रम्भादेवी दुलाल (थपलिया) कोषाध्यक्ष चयन हुनुभएको छ। सदस्यमा दिलबहादुर कन्दङवा, शंकरबहादुर कन्दङवा, भीमबहादुर आचार्य र विष्णुमति कन्दङवा चयन हुनुभएको छ। यस्तै सल्लाहकारमा दीपेन्द्र कन्दङवा, रामचन्द्र थपलिया र विजयसागर सुब्बा चयन हुनुभएको छ।

**समूह-८२, पोखरा**

एआई नेपाल समूह-८२ पोखराको साधारणसभा २०६७ जेठ २९ गते सम्पन्न भएको छ। साधारणसभाको उद्घाटन एआई नेपालका अध्यक्ष हेमकुमार खड्काले गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि खड्का, राष्ट्रिय मानवअधिकार आयोग पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराकी उपनिर्देशक दुर्गा खड्का, शान्तिका लागि




नागरिक समाजको सञ्जाल पोखराका संयोजक रामप्रसाद घिमिरे, एआई नेपालका उपाध्यक्ष केशव सिग्देल, एआई नेपालका सल्लाहकार लोकेश ढकाल, समूह-८२ का सल्लाहकार हेरम्बप्रसाद कोइराला, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रवीन्द्र बाँस्तोला, सदस्य चन्द्रावती पौडेल, गरिमा विकास बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्दप्रसाद ढकाललगायतले बोल्नुभएको थियो। समूहका संयोजक पुण्यप्रसाद पौडेलको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो। ❖

# वायर

अभियन्ता र एम्नेस्टी इन्टरनेसनलका सदस्यहरुका लागि
अप्रिल / मे २०१०
वर्ष ४० अंक ००२

एम्नेस्टी इन्टरनेसनल



## बिनाजोखिम जन्माउन पाउनुपर्छ

# ... जसका लागि हेर

विश्व प्रेस स्वतन्त्रता दिवसको दिनको हाम्रो पोस्टर (दायाँतर्फ नमूना) (३ मे, २०१०), यसको डिजाइन इरानी ग्राफिक डिजाइनर पायाम अब्दोल्समादीले गरेका हुन् । डिसेम्बर २००८ मा इरान लेखक संघसँग उनको सहकार्यलाई लिएर पायाम अब्दोल्समादीलाई सुरक्षा निकायले पक्राउ गऱ्यो र ७० दिनसम्म हिरासतमा लिए । उनले आफूलाई यातना दिइएको, सोधपुछ गरिएको र जासुसको आरोप लगाइएको बताए । अधिकारीहरूले उनको बैंक खातासमेत रोक्का गरे । उनी र उनकी श्रीमती अहिले फिनल्यान्डमा आश्रय खोजिरहेका छन् ।

इरानका कयौं पत्रकार र ब्लगर्सहरू जुन २००९ को विवादास्पद राष्ट्रपतीय निर्वाचनपछि गिरफ्तारीमा परेका छन् । उनीहरूमध्ये धेरैलाई अवाञ्छित तरिकाले छानबिनका क्रममा लामो समय जेलमा राखिएको छ । अभिव्यक्ति स्वतन्त्रताको बन्देज लगाइनुका साथै विदेशी पत्रकारहरूलाई रोक लगाउने कामसमेत भएका छन् । यस्तै वेबसाइट ब्लक गर्ने, पत्रपत्रिका बन्द गर्ने तथा फोन र इन्टरनेट सेवा अवरुद्ध गर्नेसम्मका कार्य पनि गरिएका छन् । नयाँ कानून जस्तो कि साइबर सुरक्षाले गतिविधिलाई थप अपराधीकरण गर्ने कार्य गरेको छ । वेबसाइट र ब्लगलाई निगरानीमा राख्न एउटा छुट्टै युनिट पनि राखिएको छ ।




## यो तपाईंको वायर हो

तपाईंले यसलाई मनपराउनुभयो भने कृपया जानकारी दिनुहोस्।

- तपाईंले यसको प्रयोग गर्नुभयो ?
- तपाईंले यसका सूचना कसैलाई बाँड्नुभयो कि ?
- भविष्यका अंकमा तपाईं थप के चाहनुहुन्छ ?
- अरू सदस्यलाई उपलब्ध गराउनुपर्ने तपाईंसँग कुनै तस्वीर वा लेख छन् कि ?
- र, अन्त्यमा, तपाईंले नयाँ ब्लग www.amnesty.org/livewire को भ्रमण गर्नुभएको छ ?

**तपाईंका सुझाव र सल्लाह तलको ठेगानामा पठाउनुहोला**

**Wire**

Editorial and Publishing Programme
Amnesty International
International Secretariat
Peter Benenson House
1 Easton Street
London WC1X 0DW
United Kingdom

**or email us on yourwire@amnesty.org**

एम्नेस्टी इन्टरनेसनल पब्लिकेसन्स्द्वारा सन् २००९ मा प्रथमपटक प्रकाशित ।

www.amnesty.org

© amnesty international publications 2009

Index: NWS 21/001/2010

ISSN: 1472- 443X

**सर्वाधिकार सुरक्षित** : यस प्रकाशनका कुनै पनि अंशहरू प्रकाशकको पूर्वस्वीकृतिविना पुनरुत्पादन, रिट्राइभ संस्करणमा राख्ने वा कुनै अर्थ वा रूपमा, कुनै प्रणालीमा विद्युतीय वा मेकानिकल, फोटोकपी, रेकर्डिङ वा अन्य हिसाबले प्रयोग गर्न पाइनेछैन ।

**कभर तस्वीर** : रस्माता उनको एक दिनको बच्चाको साथ, याल्गाडो अस्पताल, ओउवाडोउगोउ, बुर्किनाफासो, जुन २००९ । © Anna Kari

## वायरको प्राप्ति

तपाईं एम्नेस्टी इन्टरनेसनलको अभियानबारेमा थप जानकारी पाउन चाहनुहुन्छ वा तपाईंको आफ्नै अभियानका लागि यो वायरको प्रयोग गर्न चाहनुहुन्छ ? यो वायर www.amnesty.org बाट डाउनलोड गर्न सकिन्छ ।

निःशुल्क प्रिन्ट कपीका लागि तपाईंले अन्तर्राष्ट्रिय सदस्यता लिनुपर्दछ । संघसंस्थाहरूलाई यसका कपी खरिद गर्न प्रोत्साहित गरिन्छ । वर्षको ६ वटा अंकको मूल्य संस्थाका लागि ३५ पाउन्ड, अमेरिकी डलर ५४ वा क्यानेडियन डलर ४१ रहेको छ । एम्नेस्टी इन्टरनेसनलका विभिन्न देशमा रहेका शाखाहरूले आफ्ना सदस्यका लागि यसको खरिद गर्न सक्नेछन् । वायरका लागि हामीलाई इमेल गर्नुहोस्–

wire.subscribe@amnesty.org
वा फोन
+442074235814/5507

# वायर भित्र

### खतराबिना जीवन प्रदान

बुर्किनाफासोमा २ हजारभन्दा बढी महिला गर्भाधान र बच्चा जन्माउने समस्याद्वारा मृत्युवरण गर्न पुगेका छन् । अमेरिकामा हरेक दिन दुईभन्दा बढी महिलाको मृत्यु यही कारणले हुने गरेको छ । धेरै प्रसंगमा यी रोगको निदान हुन सक्छ । त्यसैले किन यी घटना भइरहन्छन् ? **पेज ५५ मा**



### विश्व प्रेस स्वतन्त्रता दिवस

पत्रकारहरू मारिएका छन् । जेल राखिएका छन् र उनीहरूलाई आफ्ना काम गर्नका लागि हतोत्साहित पार्ने गरिएको छ । सोमालियामा स्वतन्त्र सञ्चारमाध्यममाथिको दमनबारे पढ्नुहोस् **(पेज ५९)** मा, यमन र क्युबा **(पेज ६०)**
तत्काल कदम चाल्नुस् ।

### ग्वान्टानामोमा हिरासतमा लिइएकाहरुलाई अन्तर्राष्ट्रिय संरक्षणका लागि अभियान

एम्नेस्टी इन्टरनेसनल ग्वान्टानामोका बन्दीहरूको संरक्षणका लागि आवश्यक पहल गर्न सरकारहरूसँग आह्वान गर्दछ । जो आफ्नै देशमा मानवअधिकार हननको सिकार भएका छन् । अभियानका बारेमा पढ्नुस् । **पेज ६१ मा**

### गरिबीविरुद्ध लड्ने उपयुक्त उपाय

राष्ट्रसंघीय विकास लक्ष्यले मानवअधिकारको सम्मान गर्नुपर्दछ । जुन गरिबी निवारणका लागि पहिलो प्राथमिकतामा पारिनुपर्दछ । यसबारेमा पाउनुस् **पेज ६२**



## तत्काल गर्नुस्

### विश्वव्यापी अभियान

**पढ्नुस्, वितरण गर्नुस् र हाम्रो इन्सर्ट हेर्नुस् ।**


DEMAND DIGNITY

# बिनाजोखिम जन्माउन पाउनुपर्छ

**जब महिलाहरु गर्भवती हुँदा वा बच्चा जन्मने बेलामा उपचार हुन सक्ने रोगबाट मृत्युवरण गर्न पुग्दछन्, तिनका सरकारहरूले जीवनको अधिकारको उल्लंघन गरिरहेको मान्नुपर्छ । कतिपय महिलाहरु उपयुक्त स्वास्थ्य उपचार पाउन बाधा बेहोरिरहेका हुन्छन् किनकि उनीहरु गरिब हुन्छन् । र, अर्को कुरा जातीयता र क्षेत्रीयतासँग सम्बन्धित रहेको छ । वायरले बुर्किनाफासो र अमेरिकाको घटना हेरेको छ । ती दुई राष्ट्र, जो विश्वकै एक भाग हुन् तर उनीहरूले गर्भवती महिलाको अधिकारका बारेमा भयानक अस्वीकृति जनाउँदै आएका छन् ।**

बुर्किनाफासोको ओउगाडोउ गाउँकी मरियाम नामकी एक महिलाले एउटा जुम्ल्याहाको जन्म दिएको एक हप्तापछि उनी अस्वस्थ भइन् र गम्भीर रूपमा टाउको दुख्ने समस्या उत्पन्न भयो । उनका श्रीमान् अलीले उनलाई अस्पताल लगे ।

श्रीमान् भन्छन्- 'मैले केही रकम तिरेको छु । पछिल्लो दिन मरियामलाई इमर्जेन्सी वार्डमा लग्नुपर्‍यो ।' उनका श्रीमान्लाई एउटा प्रेस्क्रप्सन दिइयो र फेरि एउटा पञ्जाको बाकस किन्नुपर्ने भयो ।

'दुई घण्टा पर्खेपछि पनि उपचार किन सुरु नगरिएको भनेर म प्रश्न गर्न गएँ । मलाई भनियो कि त्यहाँ अझै अरु सिकिस्त बिरामी छन् । जसको पहिला उपचार गर्नु जरुरी रहेको छ । म पर्खिरहें र मेरी श्रीमतीलाई किन वास्ता नगरेको भनेर सोधें । मलाई भनियो- सबैभन्दा पहिला तिमीले तिम्रो बिरामीको हेरचाह गर्नुपर्दछ । त्यसपछि मैले बुझेंकि मैले श्रीमतीका लागि तिर्नुपर्दछ र त्यसपछि मात्र मेरो श्रीमतीका बारेमा चासो दिइन्छ । मैले ५ हजार फ्र्यांक (अमेरिकी डलर करिब ११.५०) तिरें । त्यसपछि मेरो श्रीमतीलाई हेरियो ।'

अलीलाई अर्को प्रेस्क्रप्सन दिइयो । तर, उनले त्यो प्रयोग नगर्दै उनको मृत्यु भयो । मरियामको जेठो दाइले भने- मेरी दिदीको उपयुक्त हेरचाह नहुँदा मृत्यु भयो । अस्पताल च्याम्बर्स अफ कमर्सको कार्यालयजस्तो थियो । यदि तपाईं गरिब हुनुहुन्छ भने तपाईंलाई छोडिन्छ । यदि तपाईंले तिर्न सक्नुभयो भने तपाईंको उपचार हुन सक्छ । बुर्किनाफासोमा २ हजारभन्दा बढी महिला हरेक वर्ष गर्भाधान र बच्चा जन्माउने समस्याबाट पीडित रहेका छन् । धेरैजसोलाई यसखाले रोगबाट बचाउन सकिन्छ । केही महिलाहरूको स्वास्थ्य सेवा प्राप्त हुन नसकेर मृत्यु हुने गरेको छ । अथवा उनीहरू त्यहाँ निकै ढिलो पुगेर पनि समस्या उत्पन्न हुने गरेको बताइएको छ । धेरैले आफ्नो जीवन गुमाउने गरेका छन् । किनकि तिनका आफन्तले मेडिकल अधिकारीहरूद्वारा तोकिएको रकम तिर्न सक्दैनन् । अन्य कतिपय अभावका कारण मृत्युवरण गर्न पुग्दछन् । जस्तो- रगत, औषधी, औजार र योग्य मेडिकल स्टाफको अभाव ।

मातृस्वास्थ्य मानवअधिकारको मुद्दा हो । उपचार हुन सक्ने मातृमृत्युले मानवअधिकार उल्लंघनका विभिन्न पक्षको बारेमा बताउँछ । जसले जीवनको अधिकार, विभेदबाट मुक्तिको स्वतन्त्रता र स्वास्थ्यको उच्च मापदण्डलाई पनि देखाउँछ । एक जना महिला गर्भाधान वा बच्चा जन्माउने बेलामा मर्दछिन् किनकि सरकारले उपचार हुन सक्ने रोगलाई पनि सम्बोधन गर्दैन । यसमा सरकारले महिलाको जीवनको अधिकारको उल्लंघन गरिरहेको हुन्छ ।

## महिलालाई "हुन्न"

बुर्किनाफासोका महिलाहरू उनीहरूको जीवनका हरेक क्षेत्रमा भेदभावबाट पीडित रहेका छन् । उनीहरूको शिक्षा, स्वास्थ्य र रोजगारीको उपयुक्त पहुँच छैन । खासगरी ग्रामीण क्षेत्रमा महिलालाई कहिले र कहाँ बच्चा पाउने भन्ने अधिकार छैन । र, कति जन्माउने भन्ने अधिकार पनि छैन । उनीहरूले यदि बच्चा जन्माउन चाहेनन् भने उनीहरू अस्वीकृतिमा पनि पर्न सक्दछन् । यी निर्णयहरू तिनको हातभन्दा बाहिरका हुन् । यद्यपि उनीहरूको बसोबासका लागि उनीहरूले तिर्नुपर्दछ । उनीहरू बस्ने स्थान ८० प्रतिशतको आवासको क्षेत्र हो । उनीहरू धेरैजसो गर्भाधान र बच्चा जन्माउने समस्यासम्बन्धी कुराबाट पीडित रहेका छन् ।

बुर्किनाफासोको सरकार यो अन्यायलाई सम्बोधन गर्न कदम चालिरहेको छ । फेब्रुवरी २०१० मा राष्ट्रपतिले परिवार नियोजनजस्ता कतिपय कुरामा आर्थिक नाकाबन्दी हटाउने घोषणा गरे । यसको उद्देश्य बुर्किनाफासोमा मातृमृत्युदर घटाउने भन्ने थियो । यसअघि सरकारले मातृस्वास्थ्यसम्बन्धी केन्द्रित गर्ने गरी अन्यत्रको ८० प्रतिशत रकम त्यसतर्फ केन्द्रित गरेको थियो । तथापि स्वास्थ्य क्षेत्रको मूल्यले महिलाहरूको जीवन बचाउने गरी उपचार हुन सक्दैन । उनीहरूले जति नियमअनुसार तिर्नुपर्ने हो त्योभन्दा पनि बढी व्यवहारमा तिर्नु

**_बायाँ :_ कोरोतोउमोउ-ओ स्थानीय एक क्लिनिकमा जुम्ल्याहाको जन्म दिंदा विभिन्न जटिलताबाट पीडित बन्न पुगिन् । उनलाई अस्पतालमा लगियो । तर, एउटा बच्चा जन्मन बाँकी नै थियो ।**
**ओआही ओउआ, बुर्किनाफासो, जुन २००९ ।**
© Anna Kari




**इसाका नाबोल र उनका दुई छोरा। उनका तीन श्रीमतीमध्ये एक जनाको बच्चा जन्माउने क्रममा मृत्यु भएको थियो। बुर्किनाफासो, जुन २००९।**

परिरहेको छ। स्वास्थ्य सेवा क्षेत्रका मानिसले अक्सर उपचारका लागि अनौपचारिक रूपमा रकम माग्ने गरेका छन्। एआईको विश्वास छ कि सबै महिलामा मातृस्वास्थ्य पुऱ्याउनका लागि यससम्बन्धी सेवा निशुल्क गर्नु जरुरी हुन्छ। खासगरी सबैभन्दा गरिबका लागि यसो गर्नु आवश्यक छ।

## सीमाविहीन संकट

बुर्किनाफासो संसारकै एक गरिब राष्ट्र हो। समस्या भएको तर समाधानको स्रोत नभएको राष्ट्र भन्ने कुरासँग मात्र यो सम्बन्धित छैन। यसमा आफूसँग भएको स्रोतको अधिकतम उपयोगसँग सम्बन्धित कुरा पनि छ। यसले आफ्ना सबै जनताको स्वास्थ्यको अधिकारका बारेमा पनि जान्नुपर्दछ- जस्तो कि यौनजन्य र प्रजननसम्बन्धी स्वास्थ्यको। उदाहरणका लागि अमेरिकाले अन्य देशको भन्दा निकै धेरै स्वास्थ्य क्षेत्रमा खर्च गर्दछ। यसका बाबजुद अमेरिकामा महिलाको गर्भाधानसम्बन्धी रोगबाट अन्य ४० मुलुकमा भन्दा अधिक रूपमा मृत्यु हुने गरेको छ। अमेरिकामा दैनिक २ भन्दा बढी महिलाको गर्भधारण वा बच्चा जन्मने समस्याबाट मृत्यु हुने गरेको छ। यदि मातृस्वास्थ्यसँग सम्बन्धित सेवा राम्रोसँग पुऱ्याउने हो भने अनुमानित रूपमा आधालाई मृत्युबाट जोगाउन सकिन्छ। र, देशका महिलाका लागि उपयुक्त गुणस्तरको वातावरण उपलब्ध हुन सक्दछ। धेरै महिलाहरू, जो कम आम्दानी भएका छन्, स्वास्थ्य सेवाको पहुँचभन्दा बाहिर रहेका छन्। खासगरी ग्रामीण र शहरका भित्री भागमा यस्तो समस्या रहेको छ।

झन्डै १ करोड ३० लाख मानिस (अर्थात् ५ मा १ जना) महिला उमेरसमूह १५ देखि ४४ वर्षका रहेका छन्। उनीहरूको स्वास्थ्य बिमा हुनुपर्दछ। ४२ प्रतिशत जन्मसम्बन्धी खर्च सरकार नियन्त्रित कोषबाट चलेको हुन्छ। जो कम आम्दानी र औषधी उपचारबाट काम गरिरहेका हुन्छन्। यद्यपि कतिपय कर्मचारीतन्त्रसँग सम्बन्धित जटिल समस्याले महिलाले स्वास्थ्य उपचार पाउनका लागि ढिलाई बेहोर्नु परेको छ। कतिपय प्रसंगमा चिकित्सकहरूले मातृस्वास्थ्यसम्बन्धी मामिलामा बढी रकम पर्ने भएकाले नहेर्ने गरेको पाइएको छ। वा उपचारको जटिलताका कारण पनि नगर्ने गरिएको छ।

अमेरिकामा स्वास्थ्य क्षेत्रमा व्यापक खर्च गरिएको भए पनि त्यो प्रणाली मातृस्वास्थ्यसम्बन्धी मामिला सम्बोधन गर्न पछि परेको छ। त्यहाँ स्वास्थ्यसेवासँग सम्बन्धित अधिकारीहरूको अभाव रहेको छ। घटनाका सम्बन्धमा उचित ढंगले सम्बोधन गर्नेबारेमा एउटै राष्ट्रिय मापदण्ड पनि छैन। यसले गर्दा मानिसले मृत्युदण्ड बेहोर्नु परेको छ। अमेरिकाका २९ राज्य र कोलम्बिया जिल्लामा मातृस्वास्थ्य पुनरवलोकनसँग सम्बन्धित कुराको अभाव छ। स्वास्थ्य क्षेत्रमा यसखाले गल्ती भन्नाले अमेरिकाका गरिब महिला जब गर्भवती हुन्छन्, उनीहरूको स्वास्थ्य त्यति राम्रो हुँदैन र उनीहरूले बाबुआमाको उपयुक्त माया पनि पाउँदैनन्। उनीहरूले सुत्केरी भएको बेलामा अपर्याप्त सेवा मात्रै पाउँछन्। यसको परिणाम भयानक हुन सक्छ। महिलाहरू जसले बाबुआमाको मद्दत पाउँदैनन् उनीहरूको ३ देखि ४ गुणा बढी मृत्यु हुने सम्भावना हुन्छ।

## भेदभाव भयानक हुन्छ

अमेरिकामा धेरै महिलाहरूको पहिचान उनीहरूको जातीयता, आप्रवासनको स्थिति, जनजातिको मापदण्ड वा उनीहरूको कम आम्दानी वा ग्रामीण तहमा बसेका आधारमा हुने गरेको छ। यी सबै उदाहरणहरूमा भेदभावले मातृस्वास्थ्यसम्बन्धी समस्या पारिरहेको हुन्छ। अमेरिकामा रहेका अफ्रिकी-अमेरिकी महिलाहरू गोराको तुलनामा ४ गुणा बढी मृत्युवरण गरिरहेका हुन्छन्। यो असमानता करिब २० वर्षदेखि यथावत रहेको छ।



© Private

# महिलालाई समस्या समाधानको अंश बनाऔं

**डार्लीन सान जोसी इस्टुवार्ट दक्षिणी फिलीपिन्सको डाभाओ शहरकी अब्सट्रेसियन गाइनोकोलोजिस्ट हुन् । प्रजनन स्वास्थ्य अधिकारसम्बन्धी विशेषज्ञता हासिल गरेकी उनी स्वास्थ्य क्षेत्रमा जनचेतना फैलाउन लागेकी छन् । उनले *वायर*लाई कसरी मेडिकल प्रयोगकर्ताहरूबाट महिलाहरूले थप भन्नुपर्ने कुराको सुनिश्चितता गर्न सक्दछन् भन्नेबारेमा बताइन् ।**

'फिलिपिन्समा स्वास्थ्य प्रणाली यस्तो छ कि जनतालाई सरकारद्वारा निशुल्क स्वास्थ्य सेवा उपलब्ध हुँदैन । बहुसंख्यक मानिसको स्वास्थ्य बिमा छैन । र, निजी क्षेत्रको स्वास्थ्य सेवा महँगो छ । यो दुर्भाग्यपूर्ण छ कि जति गरिब भए, उनीहरू त्यति नै आशामुखी पनि हुन्छन् । आशामुखी हुने कुरामा पौष्टिक पदार्थको कमी, शिक्षाको कमी र अस्वस्थ बस्ने बाध्यताजस्ता कुरा रहेका छन् ।

विस्तृतरूपमा प्रजनन स्वास्थ्यसम्बन्धी सेवा प्रत्यक्षरूपमा दिंदा उनीहरूलाई सशक्त बनाउन र उनीहरूका अधिकार प्रवर्द्धन गर्न मद्दत गर्दछ । 'मैले उनीहरूका समस्या सुनेको छु । उनीहरूलाई सान्दर्भिक प्रश्न सोधेको छु । मैले उनीहरूको विकल्प जान्ने प्रयास गरें । उनीहरूलाई निर्णय गर्ने काममा छोडिदिएँ । र, सुसूचित भइसकेपछि उनीहरूले गर्ने निर्णयको सम्मान गर्न भनें । हामीले उनीहरूको स्वास्थ्य आवश्यकताअनुसार कसरी सम्बोधन गर्ने भन्ने सल्लाह दियौं । र, त्यसको सीमितता र स्वास्थ्य उपचार मूल्यका बारेमा पनि जानकारी गरायौं । मैले सूचना दिएँ र प्रश्न सोध्न आग्रह गरें । छलफलमा साझेदार र परिवारका सदस्यलाई सामेल गर्न भनियो । विशेष गरी उनीहरूले महिलाका विषयमा असहमति प्रकट गरे । म उनीहरूको (महिलाको) कतिपय समयमा उपचार अस्वीकार गर्ने निर्णयको सम्मान गर्दछु ।'

ल्याटिन अमेरिका र अलास्कामा आदिवासी महिला ३ दशमलब ६ गुणा र अफ्रिकी अमेरिकी र ल्याटिन अमेरिकी महिलाहरू २ दशमलब ५ गुणाले कम 'प्यारेन्टल केयर' पाउँछन् । उनीहरूले अझ तल्लोस्तरको केयर पाउँछन् र उनीहरूलाई भेदभाव गरिन्छ । साथै सांस्कृतिक रूपमा नै अनुपयुक्त उपचार प्रदान गरिन्छ । इनामेरी स्टीथ ३३ वर्षकी एक अफ्रिकी-अमेरिकी महिला हुन् । उनको आपतकालीन सिजरिन गरियो । र, उनले जुन २००३ मा म्यासाचुसेट्सको बोस्टनस्थित एक अस्पतालमा छोरी ट्रिनिटीको जन्म दिइन् । उनका श्रीमान् आन्द्रे रोजका अनुसार बच्चा जन्मिएपछि उनले तनाव महसुस गरिरहेकी छन् र सास फेर्न कठिनाइ भइरहेको छ । तर, अस्पतालका स्टाफले उनलाई मद्दत गर्नुको सट्टा बेवास्ता गरेका छन् । उनीहरूले यो खासै समस्या होइन भनिरहेका छन् । र, उनीहरू बढी नै उत्तेजनामा आएका थिए । एआईलाई आन्द्रे रोजले बताएअनुसार अस्पतालका कर्मचारीको व्यवहार त्यस्तो हुनुमा जातले मुख्य भूमिका खेलेको छ । केही घण्टाअघि मात्रै उनको हेरचाह गरिएको थियो र अहिले त्यो ढिलो हुन लागेको छ ।

इनामेरी स्टीथ रोजलाई कोमामा राखियो र उनको चार दिनपछि निधन भयो । आन्द्रे रोजले भनिन्- उनको मलाई अन्तिम शब्द थियो- 'आन्द्रे म डराएँ ।'

२० वर्षभन्दा बढीका लागि अमेरिकी अधिकारीले परिणामको सम्बोधन गर्नेतर्फ कुनै चासो दिएनन् । र, मातृस्वास्थ्यमा विभेद कायम रह्यो । अमेरिकामा स्वास्थ्य सेवाका बारेमा बहसको आबश्यकता छ । त्यहाँ भेदभावरहित स्वास्थ्यको जरुरत छ ।

## तत्काल गर्नुहोस्

www.demanddignity.org मा गएर ७ अप्रिलका दिन थप सूचना लिई विश्व स्वास्थ्य दिवस मनाउनुस् ।

एआईको रिपोर्ट 'गिभिङ लाइफ, रिस्किङ डेथ : म्याटर्नल मोर्टालिटी इन बुर्किनाफासो http://snipr.com/uq5dw मा उपलब्ध छ । अर्को रिपोर्ट डेड्ली डेलिभरी : द म्याटर्नल हेल्थ केयर क्राइसिस इन द युएसए http://snipr.com/v6bvg मा उपलब्ध छ ।



*माथि :* **इनामेरी स्टीट्थ-रोजले छोरी जन्माएको चार दिनपछि अमेरिकाको म्यासाचुसेट्सअन्तर्गत बोस्टनमा जुन २००३ मा उनको मृत्यु भएको थियो ।**

*दायाँ :* **डायन रिज्क म्याक्याबेकी आमा र केटाकेटी डायनको फोटो झुन्ड्याएर बसेका छन् । ट्रोय, न्युयोर्क, अमेरिका जुलाई २००९ मा । डायनको अत्यधिक रक्तश्रावका कारण सिजरिनबाट छोरी जन्मिएपछि सेप्टेम्बर २००७ मा मृत्यु भएको थियो ।**

©John Carl D'Annibale/Albany Times Union

LIVEWIRE AMNESTY INTERNATIONAL

BLOG

CHAT

STAY INFORMED

**जानुस् www.amnesty.org/livewire**



© Amnesty International

**डेल्माका विस्थापित मानिसहरू आफ्नो क्याम्पमा, हैटी, मार्च २०१० । टेन्ट र टार्पोलिन्स सबै शिविरमा पुग्न सकेको छैन ।**

## हैटीको क्याम्पमा दैनिक संघर्ष

**गेरार्डो डुकोज्/एआईको प्रतिनिधिमण्डल हैटीको पोर्ट-औ-प्रिन्समा ।**

भूकम्पको दुई महिनापछि पनि मानिसहरू मानवीय सहयोगका लागि पर्खाईमा जताततै छरिएका थिए । हैटीमा रहेको पहिलो दिन हामीले ४ वटा क्याम्पको भ्रमण गऱ्यौं । जीवन दैनिक संघर्ष हो । स्थिति नाजुक रहेको थियो । मानिसहरू पानी, खाना, ढलबिना बसिरहेका थिए । ऐक्यबद्धता र बिरामीपनका कारण पनि मानिसहरू एकअर्कामा अन्तरसम्बन्धित भएका छन् । जताततै शिविरहरू रहेका छन् । हरेकलाई खुला, निजी वा सार्वजनिक स्थानमा ठाउँ छ । जुन सयौं-हजारौं मानिसले ओगटेका छन् । उनीहरू सिट वा तौलियामुनि बस्छन् । सुख्खा क्षेत्र वा औद्योगिक क्षेत्रमा बस्छन् । थोत्रा काठ वा टिनमा बस्छन् ।

थप पढ्नुहोस् http://sn.im/uvdpn

## फ्रेञ्च सरकारको आलोचनाबारे गुयना अनुसन्धानको एम्नेस्टी इन्टरनेसनलद्वारा प्रतिरक्षा

**माइक लेबिज/एआईको हातहतियार नियन्त्रण, सैन्य सुरक्षा र प्रहरीसम्बन्धी अनुसन्धाता**

एआईका अनुसन्धानकर्ताले नोभेम्बर र डिसेम्बर महिनामा गुयनाको भ्रमण गरेका थिए । हामीले पश्चिम अफ्रिकाको हिंसा र मानवअधिकार ज्यादतीसम्बन्धी गम्भीर कुरालाई अभिलेखित गरेका थियौं । जसमा २८ सेप्टेम्बर, २००९ को रक्तपातयुक्त सोमबारको बारेमा उल्लेख छ । जहाँ गुयनाका सुरक्षाकर्मीले कोनेक्री रंगशालामा अश्रुग्याँस र गोली प्रहार गर्दा १ सय ५० मानिस मारिनुका साथै ४० जना महिलालाई सार्वजनिक रूपमा बलात्कार गरेको थियो ।

हामीले पीडितहरूसँग दर्जनौं अन्तर्वार्ता लियौं । जसमा प्रत्यक्षदर्शी, मेडिकल स्टाफ, सरकारी अधिकारी र सैनिक अधिकारीको अन्तर्वार्ता समेटिएको थियो । हामीले घटनाका भिडियो र तस्वीर पनि लियौं । र, हामीले तिनलाई अस्पतालको रेकर्ड, विश्वसनीय सैनिक कागजात, शारीरिक प्रमाण र विश्वभरिका निजी सुरक्षा कम्पनीको सम्पर्कसँग पनि दाज्यौं । 'हाम्रो एउटा अत्यन्त तनाव ल्याउने कुरा भनेको हातहतियार, अश्रुग्याँस, सैनिक सामग्री र अन्य उपकरण 'ब्लडी मन्डे' मा प्रयोग भएका सामग्री विश्वका विभिन्न सरकार नियन्त्रित भएको खुल्नु हो । गुयना सुरक्षाकर्मीको नियन्त्रणमा हुनुको बावजुद यी सामग्री फ्रान्स सरकारको नियन्त्रणमा पनि थिए । यस प्रकारका हतियारको प्रयोग दशकौंसम्म भएको थियो ।

**यसबारेमा थप पढ्नुहोस्**

http://sn.im/uvdsg

## महिला अधिकारका लागि लडाइँको मुल्यांकन

युगाण्डाका महिला अधिकार रक्षक टिना मुसुयाले महिलाको अवस्थासम्बन्धी राष्ट्रसंघीय आयोग (सीएसडब्ल्यु) बाट ब्लगमा भनेकी छन्- 'म पहिलो पटक लैंगिक समानतामा हामी कहाँ छौं' भन्ने मुल्यांकन गर्न सीएसडब्ल्युमा उपस्थित भएकी छु । लैंगिक समानताका लागि हामी कहाँ छौं भन्ने मुल्यांकनका लागि मैले एउटा महत्वपूर्ण मञ्च पाएकी छु । ठूला अन्तर्राष्ट्रिय संगठन र ग्रासरुटका संगठनहरू एकै ठाउँमा भएकाले हामी कहाँ छौं भन्ने कुरा मुल्यांकन गर्न हामीलाई सजिलो भएको छ ।

शुक्रबार एम्नेस्टी इन्टरनेसनलद्वारा आयोजित एउटा कार्यक्रममा मैले यौनजन्य हिंसाबाट पीडित महिलाले कसरी महिला हिंसाबाट पीडितले न्यायमा पहुँच पाएको छु, भन्ने कुरा बताएँ । मैले त्यसबेला युगाण्डाको बारेमा बताएँ, जहाँ म काम गर्दछु । जहाँ यौनजन्य हिंसाको संख्या ज्यादै रहेको छ । र, ती महिला जो बलात्कृत हुन्छन्, उनीहरूको विकल्प कम मात्रै हुन्छ । उनीहरूलाई के भएको थियो, त्यो बिर्सनु मात्रै उनीहरूका लागि एक मात्र विकल्प रहेको छ । उनीहरूको समस्या भनेको परिवारका सदस्यद्वारा घटना अदालतभन्दा बाहिर नै मिलाऊ भन्ने नै हो । प्रहरी स्टेसनमा यससम्बन्धी गोपनीयताको अभाव हुन्छ । न्यायमा पहुँचका लागि निश्चितरूपमा महिलालाई बाधा रहेको छ ।

**यसबारेमा थप पढ्नुहोस्**

http://sn.im/uvdr9

# इटालीका अधिकारीद्वारा रोमाको बसोबास गर्ने अधिकारको हनन




**मारिया डुमित्रु र मारिउस् अलेक्जान्डु उनीहरूका साथीसँग भिया सेन्टोसेली क्याम्पमा, रोम, सेप्टेम्बर २००९ मा । उनीहरूको घर यो तस्वीर खिचिएको दुई महिनापछि अधिकारीहरुद्वारा भत्काइएको थियो ।**

मार्टिन डुमित्रु र मारिउस अलेक्जान्डु दुवै जना रोमानी जातिका मान्छे हुन् । उनीहरूका तीन बच्चाबच्ची रहेका छन् । उनीहरू सन् २००४ मा इटालीमा आएदेखि नै उनीहरूको परिवारलाई ६ पटकसम्म त्यहाँबाट हटाइयो । तथापि उनीहरूलाई वैकल्पिक आवासको प्रस्ताव कहिल्यै पनि गरिएन । ११ नोभेम्बर २००९ का दिन उनीहरूलाई बलजफ्ती रोमको सेन्टर सेलीस्थित क्याम्पबाट हटाइयो । 'अहिले हामी सडकमा सुत्छौं, हामी के गर्न सक्छौं र ?', मारिउस अलेक्जाण्ड्रुले भने- 'हामी ५ वर्षमा ७ विभिन्न क्याम्पमा गयौं ।'

भिया सेन्टोसेलीमा रहेको क्याम्प रोममा रहेका १ सयभन्दा बढी क्याम्पमध्येको एक हो । इटाली सरकारले यी मध्येका धेरै शिविर बन्द गर्ने र शहरको बाहिरी भागमा १३ वटा क्याम्प खडा गर्ने बताएको छ ।

यो योजना प्रभावित पक्षसँग कुनै परामर्शबिना नै तयार पारिएको हो । हजारौं रोमालाई अहिले बसिरहेको स्थानबाट जबर्जस्ती धपाइएको पाइन्छ । केहीको मापदण्ड अझै स्पष्ट छैन । अन्य शिविरमा पनि त्यसको चाप बढेको छ । तर, उनीहरूलाई स्थायी बसोबासको व्यवस्था गरिएको छैन । अन्यलाई वैकल्पिक बसोबासको व्यवस्था पनि गरिएको छैन । उनीहरूले पाएअनुसारको आश्रयमा बस्नुपर्दछ । उनीहरू बस्ने ठाउँको कुनै टुंगो छैन । इटालीले कतिपय अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी मापदण्ड अनुमोदन गरेको छ । जसले जबर्जस्ती धपाउने कुरालाई रोक्दछ । एआईको विश्वासमा सरकारको यो योजना मानवअधिकारको उल्लंघन हो । जसले रोमालाई भेदभाव, सीमान्तीकरण र गरिबीको चक्रमा धकेल्छ । रोमाले पहिले नै स्थिर रोजगारीका लागि संघर्ष गर्नुपरेको छ । यो योजनाले उनीहरूको अवस्थालाई अझ खराब बनाएको छ । रोमालाई कम रोजगारीको अवसर छ र इटालीको समाजमा घुलमिल गराउन पनि गाह्रो रहेको छ ।

## तत्काल गर्नुस्

कृपया एउटा पोस्टकार्डमा हस्ताक्षर गरी इटालीका अधिकारीहरूलाई पठाउनुस् (इन्सर्ट हेर्नुस) । उनीहरूलाई नोमाद प्लान स्थगन गर्न आग्रह गर्नुस् । पीडित पक्षसँग आवश्यक परामर्शपछि यो काम अघि बढाउन आग्रह गर्नुस् । र, यसले मानवअधिकारको संरक्षण र प्रवर्द्धनका लागि मद्दत गर्ने सुनिश्चितता गर्नुस् ।

विश्व प्रेस स्वतन्त्रता दिवस

# सोमालियाका पत्रकार खतरामा

अली युसुफ अदान, सोमालीवेनका एक रेडियो पत्रकारको २१ फेब्रुवरी २०१० मा अपहरण भयो । वानलेवेन भन्ने स्थानमा सशस्त्र समूह अल-सबाबबाट उनीहरूको अपहरण भएको थियो । र, उनको पछि हत्या भएको कुरासमेत आयो । उनको घटना मात्रै यसखाले होइन । अन्य पत्रकारलाई पनि हतोत्साहित गरिनुका साथै हत्या पनि गरिएको छ । सोमालिया अहिले पनि संसारको एकदमै खतरनाक स्थान हो । ९ जना पत्रकार सन् २००९ मा मात्रै मारिएका छन् । यी मध्येका तीन जनाको गोली हानी हत्या गरिएको छ । सन् १९९१ पछि यति धेरै पत्रकार मारिएको यो पहिलो पटक हो । यसखाले समस्या परेपछि धेरैले देश नै छोडेका छन् । थोरै जो सोमालियामा रहेका छन् उनीहरूलाई आक्रमणको सम्भावना यथावत रहेको छ ।

फेब्रुवरी २००९ मा सइद तहलिल अहमद हर्न अफ्रिक भन्ने स्वतन्त्र रेडियोका निर्देशकलाई राजधानी मोगादिसुको बाकरा बजारमा गोली हानियो । उनी लगायत केही पत्रकारलाई विद्रोही अल-सबाबलाई भेट्न खोजेको आरोप लागेको थियो । संक्रमणकालीन संघीय सरकारका अध्यक्षलाई भेटघाटको समय मिलाएको कुराले उनीहरू नाराज थिए । अल-सबाबले चुनाव अस्वीकार गरेको थियो । र, नवनिर्वाचित अध्यक्षलाई अवैधानिक भनेको थियो । सोमालियाको ससस्त्र समूहले सोमाली सरकारको भनाइ अस्वीकार गरेको थियो । जसको नियन्त्रणमा अहिले यहाँका धेरै शहर रहेका छन् । स्थानीय सञ्चारमाध्यमलाई अवरोध सिर्जना गरिएको छ र रेडियो स्टेशन बन्द गरिएको छ ।

आफूलाई समर्थन गर्न वा सो स्थान छोड्न पत्रकारलाई धम्की दिइएको छ । यो अवस्थाले गर्दा सोमालियाभित्रको अवस्था भित्रै वा बाहिर प्रचार गर्न असजिलो अवस्था उत्पन्न हुन पुगेको छ । २००९ को सुरुसम्ममा स्थानीय संघीय सरकारले पनि पत्रकारलाई नियमित रूपमा हतोत्साहित पार्ने काम गर्‍यो । जनवरी २००९ मा रेडियो शाबेलेका विशेष प्रतिनिधि हसन म्याओ हसनलाई मोगादिसुभन्दा ३० किमि दक्षिण अफ-गोए शहरमा गोली हानी हत्या गरियो । उनलाई सरकारका सेनाले पटक-पटक रोक्न खोजेका थिए । उनलाई सशस्त्र समूहसँग सहकार्य गरेको भन्ने आरोप लगाइएको थियो । उनलाई टाउकोमा दुई पटक गोली हानिएको थियो ।

## तत्काल गर्नुस्

सन् २००८ को डिजीबुटी शान्ति सम्झौताबमोजिम संघीय सरकारले न्याय र मेलमिलापका लागि काम गर्नुपर्दछ । संघीय सरकारलाई भन्नुस् कि सोमाली पत्रकारहरूको गैरन्यायिक हत्याको तत्काल, प्रभावकारी र स्वतन्त्र छानबिन गरी दोषीलाई कानूनको कठघरामा ल्याइयोस् । अहिले काम भइरहेका देश जहाँ थोरै मात्र सोमालियाका दूतावास रहेका छन्, उनीहरूमार्फत यो आग्रह गर्नुहोस् । कृपया संघीय सरकारका प्रतिनिधिलाई पत्र पठाउनुस्

Excellency Nur Hassan Hussein
Ambassador Extraordinary and Plenipotentiary
Via dei Gracchi, 305
00192 Rome
Italy

Excellency Dr Elmi Ahmed Duale
Ambassador Extraordinary and Plenipotentiary
Permanent Mission of the Somali Republic to the United Nations
425 East 61st Street, Suite 702 New York, N.Y. 10021
USA

# यमन : स्वतन्त्र सञ्चारमाध्यममाथि दमन

यमनमा हालैको घटनाले बढ्दो प्रेसप्रतिको दमनलाई उजागर गरेको छ। सरकारी खासगरी दक्षिणतर्फको प्रदर्शन र द्वन्द्वको अवस्थाको सामग्री सम्प्रेषणको सम्बन्धमा पनि यो अवस्था देखिएको छ। हिसाम बस्राहिल यमनी पत्रिका अल आयामका सम्पादक, जनवरी २०१० मा दुई जना छोरासहित पक्राउ परे। तीनै जना जेलमा छन्। उनीहरू अल-आयामको कार्यालय आडेनमा ८ महिनाअघि धर्नाका क्रममा पक्राउ परेका थिए। सशस्त्र समूहले पक्राउ गरेपछि जबाफी फायरिङ भएको थियो। अल आयामलाई लक्षित गर्ने कार्य ३० अप्रिल, २००९ मा भएको थियो। आक्रमणमा सुरक्षा निकायका दुई अधिकारीहरू पक्राउ परेका थिए। जतिबेला अधिकारीहरूले पत्रिका जफत गरेका थिए। यस्तैखाले काम अन्य पत्रिकाको विरुद्धमा पनि भएको थियो। साथै अन्य पत्रिकालाई पनि देशको अमनचयन बिगार्न खोजेको आरोपमा कारबाही प्रक्रिया अघि बढाइएको थियो। खासगरी दक्षिणतर्फको एकीकरणको कुरा पनि थियो। मुहम्मद-अल-मुकालिह यमनी सोसलिस्ट पार्टीका सम्पादकको वेबसाइट (www.aleshteraki.net) १७



© निजी

**मुहम्मद अल-मकालिह**

सेप्टेम्बर २००९ मा सानाको सडकमा कब्जामा लिइएको थियो। र, उनी डिसेम्बरसम्म बेपत्ता गरिए। अधिकारीहरूले उनीहरू 'होल्ड'मा रहेको बताएका थिए। उनीहरूका परिवारलाई ७ फेब्रुवरी २०१० मा राजनीतिक सुरक्षा जेलमा राखिएको थियो। त्यतिबेला उनीहरूको स्वास्थ्य कमजोर पाइएको थियो। सोही दिन उनको सूचनामाथि प्रश्न उठाइयो। उनले यसबारेमा सादा गभर्नोरेटमा प्रकाशित गरे। सुरक्षासम्बन्धी अभियोग उनलाई लगाइयो।

१६ जनवरी २०१० मा अनिसा नामका एक पत्रकारलाई अल वासातमा तीन महिना जेल हालियो। यसले राष्ट्रपति अली अब्दुल्लाह सालेहलाई 'अनपपुलर' बनायो। मिडिया रिपोर्टहरूका अनुसार उनी सजायमा परिन् किनकि उनका केही लेख आलोचित भए। उनी र अन्य केहीलाई मिडिया सम्बद्ध मुद्दाका कारण परीक्षणमा राखियो। मे २००९ मा स्थापित अदालतका कारण पनि यमनी मिडियामा दमनको थप स्थिति देखियो।

## तत्काल गर्नुस्

यमनका राष्ट्रपतिलाई भन्नुस् कि अली अब्दुल्लाह सालेह, मुहम्मद अल मकालिह, हिसाम बस्रहिल तथा छोरा हनी र मोहम्मद बस्रहिललाई अभिव्यक्ति स्वतन्त्रताका लागि शान्तिपूर्ण कार्यक्रम गर्दा पक्राउ गरिएकोमा उनीहरूलाई तत्काले र बिनाकुनै पूर्वशर्त रिहा गरिनुपर्दछ। सबै हिरासतमा लिइएकाहरूलाई यातनामुक्त गरिनुपर्दछ। उनीहरूलाई वकिलसँगको सम्पर्कमा जान दिनुपर्दछ। उनीहरूलाई औषधोपचारको पनि व्यवस्था गरिनुपर्दछ। अनिसालाई बन्दी बनाइएको बारेमा चासो व्यक्त गर्दै लेख्नुस्-

President
His Excellency Ali Abdullah Saleh
Office of the President of the Republic of Yemen,
Sana'a, Republic of Yemen
Fax: +967 1 274 147
Salutation: Your Excellency
For more information,
कृपया जानुस्
http://snipr.com/uso0e



# क्युबा : अभिव्यक्ति स्वतन्त्रतामा निरन्तर अवरोध

केही स्वतन्त्र पत्रकारसमेत करिब ५० जना आस्थाका बन्दीलाई क्युबामा जेल हालिएको छ। अन्य धेरैले खतराका बावजुद आफ्ना गतिविधि अघि बढाइरहेका छन्। योसभानी अन्जार्दो हेर्नान्देज अनलाइन समाचारपत्र क्यान्डोन्गाका निर्देशकलाई गैरन्यायिक ढंगले सेप्टेम्बर २००९ मा होल्गुइनबाट १४ दिनका लागि हिरासतमा लिइयो। मियामीमा रहेको वेबसाइट पायो लिब्रेका संवाददातासमेत रहेका उनलाई क्युबाको संरक्षण र राष्ट्रिय स्वतन्त्रता तथा आर्थिक कानूनको ८८ नम्बर बुँदाअन्तर्गत सजायको धम्की दिइयो। यो कानूनले विदेशी सञ्चारमाध्यमसँगको सम्पर्कलाई आपराधिक क्रियाकलाप मान्नुका साथै २० वर्षसम्म जेलमा राख्न सक्ने व्यवस्था रहेको छ।

योसभानी अन्जार्डो हेर्नान्डेजलाई अन्ततः बिनाअभियोग रिहा गरियो। प्रहरीले उनको निजी कम्प्युटर जफत गऱ्यो। यसमा पहुँच नहोस् भनेर सर्भर रोकिदियो। उनको वेबसाइट www.candonga.org लाई रोकिएको हो। उनी र उनका साथीहरूलाई अवरोध गरिएको बारेमा एम्नेस्टी इन्टरनेसनलसँग कुरा गर्दै योसभानी अन्जार्डो हर्नान्देजले भने- मैले आशा गरेको छु कि सरकारले यसबारेमा कुरा बुझ्नेछ। हामीले जे गरिरहेका छौं, त्यो अधिकारको उपभोग मात्रै हो। हामीले कसैलाई पनि चोट पुऱ्याएका छैनौं। हामीले देशमा के हुँदैछ भन्ने कुरा मात्रै अन्तरसम्बन्धित गर्न खोजेका हौं। तर, सरकारले यसलाई खतरनाक भनिरहेको छ। क्युबामा सबैजसो सञ्चारमाध्यम राज्यनियन्त्रित रहेका छन्। र, सरकारले आलोचनालाई निस्तेज गर्ने संकल्प लिएको छ। र, समाजका सबै पक्षको नियन्त्रण गर्न चाहेको छ। स्वतन्त्र अभिव्यक्तिलाई पनि नियन्त्रण गर्न खोजेको छ। स्वतन्त्र पत्रकार र ब्लगर्सहरूले पनि सजाय र अवरोधको सामना गर्नुपरेको छ। साथै, स्वतन्त्र अभिव्यक्तिका लागि गैरन्यायिक हिरासतमा लिने कार्य छ।

परिणामस्वरूप क्युबालीहरू आफ्ना अधिकार खोज्न, सूचना पाउन र तिनलाई छुट्याउनका लागि काम गर्दछन्। अभिव्यक्तिको स्वतन्त्रता सम्मानका लागि जटिल रहेका छन्। र, उनीहरूले विश्वव्यापी रूपमा मानवअधिकारको सम्मान गर्नु जरुरी रहेको छ। त्यसैले क्युबाको सरकारले अवरोध अन्त्यका लागि आवश्यक प्रक्रियाहरू अगाडि बढाउनुपर्दछ। र, मानवअधिकार संरक्षणका लागि आवश्यक प्रक्रिया पूरा गर्नुपर्दछ।

# ग्वान्टानामोमा हिरासतमा लिइएकाहरूलाई अन्तर्राष्ट्रिय संरक्षण

**धेरै मानिसहरु अहिले ग्वान्टानामोमा जेलमा रहेका छन् किनकि उनीहरु कतै जाने स्थान छैन । एम्नेस्टी इन्टरनेसनलले ग्वान्टानामो बन्द गरी हिरासतमा लिइएकाहरूलाई घर फर्काउन र नयाँ जीवनका लागि मौका दिन आग्रह गरेको थियो ।**




**ग्वान्टानामोका पूर्वबन्दी लख्दर बाउमेडिएन्स एआईको प्रतिनिधिमण्डलसँग नाताचा मेन्सन, फ्रान्समा, फेब्रुवरी २०१० मा ।**

३ फेब्रुवरी, २०१० मा स्वीस संघीय परिषद्ले दुई उहिगुर दाजुभाइलाई नयाँ घर दिन आग्रह गऱ्यो । उनीहरू दुवैजना झन्डै ८ वर्षदेखि ग्वान्टानामो खाडीमा रहेका छन् । अर्किन र बहतियार महमुद जो चीनको सिन्जियान उहीगुर स्वायत्त क्षेत्रका हुन्, उनीहरूलाई चीन जानका लागि खतरा रहेको छ । यो स्वीस निर्णय एम्नेस्टी इन्टरनेसनल स्वीजरल्यान्डको वर्षौंको अभियानका कारण हो । यो अन्तर्राष्ट्रिय संरक्षण कार्यक्रमअन्तर्गतको परियोजना हो । परियोजनामा युरोप र अन्य स्थानका अभियन्ताहरूले ग्वान्टानामो खाडीमा रहेका बन्दीको मानवअधिकार रक्षाको आग्रह गरेका थिए । जो डरले आफ्नो घर भएको राष्ट्रमा पनि जान चाहँदैनथे ।

अन्य देश जसले ग्वान्टानामोमा मानिस पाएका छन् । जस्तो अल्बानिया, बेल्जियम, फ्रान्स, हंगेरी, आयरल्यान्ड, पोर्चुगल र स्लोभाकिया पनि संलग्न रहेका छन् । धेरै घटनामा यी निर्णयहरू दिगो लबिङ्गद्वारा पछ्याइएका थिए । सञ्चारको काम र तल्लो तहमा समेत एआई र अन्यद्वारा कार्यक्रम सञ्चालन गरिएका थिए । १० अन्य उहीगुरलाई हालै नयाँ घर दिइएको छ । यद्यपि यो काम अस्थायी रूपमा मात्र बर्मुडा र पलाउमा हुन सकेको छ ।

यी सकारात्मक कामका बावजुद त्यहाँ अझै ४० बन्दीहरू रहेका छन् । जसलाई अझै मानवीय संरक्षणको खाँचो रहेको छ । यी मध्ये चीन, लिबिया, रुसी महासंघ, सिरिया र ट्युनिसियाका युवाहरू संलग्न रहेका छन् । जबसम्म देश अगाडि बढ्दैन, यी मध्येका धेरैको अवस्था गम्भीर खतरामा पर्नेछ । जसलाई जबर्जस्ती ज्यादतीका कारण जबर्जस्ती फर्काइने वा अनिश्चितकालका लागि अमेरिकी सेनाले हिरासतमा लिने सम्भावना पनि रहेको छ ।

यी त्यस्ता मानिस हुन् जसबारेमा एआईको जानकारी रहेको छ । अमेरिकी अधिकारीहरूमा उनीहरूलाई अभियोग लगाउने कुनै अभिप्राय देखिँदैन । यद्यपि उनीहरू हिरासतमा रहे । किनकि उनीहरूको जाने ठाउँ नै थिएन । ती मध्येका केही रिहाइका लागि तयार पारिए । जसले सफलतापूर्वक ग्वान्टानामो परित्याग गरे ।

जनवरी २०१० मा एआई, सेन्ट्रल फर कन्स्टीच्युसनल राइट्स, रिप्राइभ एन्ड माओजाम बेग ग्वान्टानामोका पूर्व बिन्दी तथा केज प्रिजनर्स भन्ने संस्थाका अध्यक्ष ग्वान्टानामो खाडीका बारेमा जानकारी दिनका लागि अन्य देशको भ्रमणमा उत्रे । उनले भ्रमण गरेका राष्ट्रमा लक्जेम्बर्ग, जर्मनी र स्विडेन रहेका थिए ।

केही राष्ट्र विशेषगरी युरोपेलीले ग्वान्टानामो बन्द गर्नका लागि पटक-पटक आग्रह गरे । तर, उनीहरू असफल भए । जुन २००९ मा इयु र अमेरिकाबीच भएको समझदारीभन्दा यो विपरीत थियो । यो प्रकरणमा थुप्रैले पूर्व बन्दीहरूलाई हरेक छुट्टाछुट्टै मुद्दाका आधारमा स्वागत गर्ने कुरा भनिसकेका थिए । यी कुराको पहिचानका लागि ग्वान्टानामो खाडीबाट अपरिचित राष्ट्रमा मान्छे पठाउँदा अप्ठेरो पर्ने महसुस त्यतिबेला भएको थियो । एआईले पनि यी मानिसलाई समर्थनको संयन्त्र प्रदान गर्नका लागि आग्रह गरेको थियो । त्यसमा उनीहरूलाई औषधी उपचारको व्यवस्था गर्ने, कानूनी र मनोवैज्ञानिक तथा समाजमा समर्थन गर्ने कुरा उल्लेख रहेको छ । एआईका सेक्सनहरूले सम्बद्ध गैरसरकारी संस्थाहरूलाई विज्ञको सल्लाह र व्यावहारिक सहयोगका लागि मद्दत गरिरहेको छ । लखदर बौउमिडियन्स नामका अल्जेरियाका एक नागरिक जो बोस्निया र हर्जगोभिनामा बस्थे, त्यहाँ पक्राउ परेका थिए । उनलाई झन्डै ८ वर्ष ग्वान्टानामोमा राखियो । उनलाई कुनै अभियोग भने लगाइएको थिएन । मे २००९ मा उनलाई परिवारसहित फ्रान्समा बस्ने अनुमति दिइयो । उनले एआई फ्रान्सको सहयोगमा त्यहाँ काम गरेका थिए । उनले एआईलाई भने- त्यतिबेला मलाई ज्यादै अप्ठेरो स्थिति उत्पन्न भएको थियो । मैले मेरो जीवन बनाउन चाहेको हो । र, अहिले म सोच्छु म सबैलाई मन पराउँछु । मैले सोचेको छु कि म मानव हुँ । यदि अन्य राष्ट्रले मानवीय संरक्षण प्रदान गर्न चाहन्छन् भने ग्वान्टानामोमा अझै जो छन्, त्यस्ता मानिस जस्तो लखदर बाउमेडिएन्स स्थिर र सुरक्षित बनाउन एवम् असल कामका लागि ग्वान्टानामो बन्द गर्न चाहन्छन् ।

**तत्काल गर्नुहोस् :**

यसबारेमा थप पत्ता लगाउनका लागि र लख्दर बाउमेडिएन्सको अन्तर्वार्ता समेटिएको भिडियो हेर्न तथा मानवअधिकार कामदारको बारेमा जान्नका लागि जानुस्

http://snipr.com/v01yz

# गरिबीविरुद्ध लड्ने ठीक तरिका



© Amnesty International

**मानवअधिकारको सम्मानका लागि विश्वव्यापी गरिबीविरुद्धको लडाइँमा मानवअधिकारलाई मुटुमा राखिनुपर्दछ । यो दिमागमा हुनुपर्दछ र विश्वका नेताहरूले सहस्राब्दी विकास लक्ष्यका बारेमा यो वर्षको सेप्टेम्बरमा छलफल गर्नेछन् ।**

राष्ट्रसंघीय विकास लक्ष्य (एमडीजी) विश्वका सबै पक्षद्वारा अगाडि बढाइएको गरिबीविरुद्धको विश्वव्यापी एउटा अभियान हो । सेप्टेम्बर २००० मा विश्वका नेताहरूले सहस्राब्दी विकास लक्ष्यका बारेमा घोषणापत्र पारित गरेका थिए । यी लक्ष्य २०१५ सम्ममा पूरा गर्ने अन्तर्राष्ट्रिय समुदायले लक्ष्य लिएको छ । सहस्राब्दी विकास लक्ष्यले गरिबीलाई दृढतापूर्वक विश्वको एजेन्डामा पारेको छ । यद्यपि त्यसले मानवअधिकार हननलाई सम्बोधन गर्न सकेको छैन । तथापि गरिबी हटाउनका लागि मानवअधिकारलाई माथि पुऱ्याउने मुख्य लक्ष्य बनाउनु पर्दछ । सरकारलाई आवश्यक परेका काम भेदभाव र अत्याधुनिक गुणस्तरका लागि हुन्छ । यसका लागि पर्याप्त ध्यान दिनु जरुरी छ । यसमा सीमान्तकृत र अप्ठेरो अवस्थाका कुरा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सबैका लागि प्रदान गर्न आवश्यक छ । र, सबैलाई आफ्ना निर्णय कार्यान्वयनका लागि लगाउनुपर्दछ ।

जब सरकार गरिबी हटाउनका लागि केही प्रमुख लक्षणमा वास्तविक प्रगति हासिल गर्न सक्दैन, तबसम्म अव्यवस्थित बसोबास र मातृस्वास्थ्यसम्बन्धी दुई वटा उदाहरण मात्रै बाँकी रहन्छन् । यो स्पष्ट भइसकेको छ कि मानवअधिकारलाई बाहिर राखेर कदापि लिइएका लक्ष्य प्राप्त हुन सक्दैनन् ।

### मानवअधिकारलाई छोड्न सकिँदैन

सरकारहरूले सम्झनुपर्दछ कि मानवअधिकारजन्य हिंसाले एमडीजीका लक्ष्य प्राप्त गर्नका लागि बाधा उत्पन्न गराइरहेको छ । पेरुमा जनजाति महिलाविरुद्धको भेदभावलाई कम आँक्ने गरिएको छ । साथै मातृस्वास्थ्य हेरचाहको पनि बेवास्ता गरिएको छ । जनजाति महिलाको स्वास्थ्य सेवामा कम पहुँच रहेको छ किनकि उनीहरूसँग आवश्यक परिचयका सामग्री छैनन् । र, उनीहरूले स्वास्थ्य सेवा लिंदा प्रयोग हुने सूचना र भाषा उनीहरूले बुझ्न सक्दैनन् ।

केही मुद्दाहरूमा एमडीजीसम्बन्धी लक्ष्यमा उनीहरूलाई भएको भन्दा कम देखाउन खोजिएको छ । जुन अन्तर्राष्ट्रिय मानवअधिकार कानूनअन्तर्गत पर्दैनन् । उदाहरणका लागि एमडीजीले अव्यवस्थित क्षेत्रमा बसोबास गर्ने समूहअन्तर्गत राखेका १ करोड मानिसको अवस्था सुधार गर्ने प्रतिबद्धता जनाएको छ । तर, यसले यसअघि नै १० करोड मानिस अव्यवस्थित क्षेत्रमा बस्ने रहेको देखाएको छ । र, यसमा उनीहरूलाई जबर्जस्ती हटाउने र मानवअधिकार उल्लंघन गर्न लगाउने काम गरेको छ । एमडीजी महिलाको अधिकार सम्बोधन गर्न असफल भएको छ । लैंगिक समानताका लागि अस्वीकार्ने गरी लक्ष्य साँघुरो छ । अन्तर्राष्ट्रिय कानूनअन्तर्गत सरकारले लैंगिक भेदभावको सम्बोधन गर्नुपर्दछ र सबै कार्यमा लक्ष्यमा पुग्न समानताको ग्यारेन्टी गरिनुपर्दछ । राज्यले स्वतन्त्रताको अधिकार सुनिश्चित गर्नका लागि पनि असफलता हासिल गरेको छ । सूचना दिने, भेला हुने र संगठित हुने अधिकार पनि दिइएको छैन । निर्णायक तहमा मानिसको सहभागितासम्बन्धी अधिकार र आफ्ना प्रतिज्ञा पूरा गर्न उनीहरूको जवाफदेहितासम्बन्धी कुरा पनि यसमा जोडिएका छन् ।

विकसित देशका सरकारहरू विकासोन्मुख राष्ट्रलाई आफ्ना लक्ष्य प्राप्तिका लागि सहयोग गर्न प्रतिबद्ध रहेका छन् । यद्यपि एमडीजीको संयन्त्रले मानवअधिकार मापदण्डलाई निरन्तर रूपमा अघि बढाइने कुरालाई ध्यान दिएको छैन । उदाहरणका लागि विकास परियोजना सञ्चालन गर्दा मानिसहरूलाई उनीहरूका घरबाट जबर्जस्ती हटाइएको कुरालाई उल्लेख गरेको हुँदैन ।

### जबाफदेहिता विकास

गरिबीमा रहेका मानिसहरू पूर्णरूपमा उनीहरूका अधिकारीहरूको सद्भावमा मात्र भर पर्नुपर्ने अवस्था हुनुहुँदैन । उनीहरूका अधिकार हनन भएको अवस्थामा सरकारलाई जबाफदेही बनाउने स्थिति पनि हुनुपर्दछ । ती सरकारहरू मानवअधिकारसम्बन्धी मामिलामा जबाफदेही देखिँदैनन् । यद्यपि एमडीजीको रिपोर्टिङमा प्रगति भइरहेको देखाइएको छ । उनीहरूको प्रयत्न कस्तो छ, निरन्तर छ कि छैन भन्ने कुरा स्पष्ट ढंगले भनिएको छैन । लैंगिक विभेद तथा जबर्जस्ती बस्तीबाट हटाउने कार्यलाई सम्बोधन गरे-नगरेको कुरा पनि उनीहरू बताउँदैनन् । सरकारले अदालतलाई सुनिश्चित गराउनुपर्दछ । राष्ट्रिय मानवअधिकार आयोग र अन्य संयन्त्रहरू पहुँचयुक्त रहेका छन् र उनीहरूले मानवअधिकारबारेको सुनुवाई गर्न सक्दछन् । यसको अर्थ हो- उदाहरणका लागि सियरालियोनका महिलाहरू जसलाई जीवन बचाउन अस्वीकार गरिएको छ, उनीहरूको फेरि अदालतमा सुनुवाई हुन सक्दछ । यसबाहेक, सबै राष्ट्रले सांस्कृतिक, आर्थिक र सामाजिक अधिकारसम्बन्धी ऐच्छिक उपलेख अनिवार्य रूपमा अनुमोदन गर्नुपर्दछ । यसको मतलव जनतालाई आर्थिक, सामाजिक र सांस्कृतिक विषयमा उपचारका लागि व्यवस्था गरिनुपर्दछ ।

सेप्टेम्बर २०१० मा विश्वका नेताहरू राष्ट्रसंघीय शिखर सम्मेलनमा सहभागी भई एमडीजीबारेका तिनका प्रगति सुनाउँदै छन् । एम्नेस्टी इन्टरनेसनल एमडीजीका नीतिलाई निरन्तरता दिनका लागि आग्रह गर्दै मानवअधिकारसम्बन्धी प्रतिबद्धता पूरा गर्न आग्रह गर्दछ । आत्मसम्मानको जीवन : मानवअधिकारको जीवनमार्फत एआईले अनुसन्धान र अभियानलाई अघि बढाइरहेको छ । एआईले एमडीजीमा मानवअधिकार प्रतीज्ञा पूरा गर्न पनि आग्रह गरेको छ ।

**एक जना बालिका पेन्चिनेट शिविरमा, यो शिविर हालैको भूकम्पबाट विस्थापितहरूका लागि बनाइएको हो । जुन जकमेल हैटीमा रहेको छ ।**

**तत्काल गर्नुहोस् :**

आत्मसम्मानको जीवन

मानवअधिकारको जीवनसम्बन्धी थप

सूचनाका लागि जानुस्

www.amnesty.org/demand-dignity /

www.demanddignity.amnesty.org

## संयुक्त राष्ट्रसंघीय सहस्राब्दी विकास लक्ष्य

**लक्ष्य १**
चरम गरिबी र भोक उन्मूलन

**लक्ष्य २**
विश्वव्यापी प्राथमिक शिक्षाको प्राप्ति

**लक्ष्य ३**
लैंगिक समानता र महिला सशक्तीकरण

**लक्ष्य ४**
बालमृत्युदर घटाउने

**लक्ष्य ५**
मातृस्वास्थ्यमा सुधार

**लक्ष्य ६**
एचआईभी/एड्स, औलो र अन्य रोगमाथि विजय

**लक्ष्य ७**
वातावरणीय दिगोपनको सुनिश्चितता

**लक्ष्य ८**
विकासका लागि विश्वव्यापी साझेदारीको विकास

# कजाखस्तानमा यातना




जब रसीम बइरामोभलाई जुलाई २००८ मा स्थानीय प्रहरी चौकीमा लगियो, प्रहरी अधिकारीहरूले उनलाई भने कि उनीहरू एउटा वचन चाहन्छन्। तर, रसीम बैरामोभले भने उनीहरू त्यो भन्दा पनि बढी चाहन्छन्। उनका अनुसार तिनीहरूले उनलाई शरीरभरि कुटे। उनीमाथि कुर्सीसमेत प्रहार गरियो। उनलाई लात्तीले हानियो र हावाको आवतजावत पनि रोकियो। उत्तरी कजाखस्तानका प्रहरी अधिकारीले रुदनोभ र उनका साथीलाई पक्रन चाहेका थिए। अलेक्ज्याण्डर ब्रुइखानोभले स्थानीय पसलबाट केही रकम र तीन बोतल बियर चोरेको कुरा स्वीकार गर्नुपर्ने थियो। सो अभियोगलाई दुवैले अस्वीकार गरेका थिए। तर, ४८ घण्टासम्मको कुटपिटपछि उनका परिवारलाई पनि हानि गर्ने चेतावनी दिइयो। सानो चाहिँले गल्ती स्वीकार गरे। उनीहरूलाई हिरासतमा लिइएको कुरा प्रहरीमा दर्ता भएको थिएन र उनीहरू आफ्ना अधिकारबारेमा सूचित पनि थिएनन्।

अक्टोबर २००८ मा डिमिट्री ट्रियानलाई अस्टानास्थित प्रहरी कार्यालयमा बोलाइयो। यसो गर्नुका कारण उनी सो घटनाको प्रत्यक्षदर्शी हुन् भन्ने नै थियो। उनका अनुसार अन्डरवेयर खोलियो र प्लास्टिकको बोतलले हिर्काइयो। उनलाई एक

**डिमिट्री ट्रीयान उनकी श्रीमती र छोरासँग। डिमिट्रीलाई प्रहरी अधिकारीहरूद्वारा कजाखस्तानको अस्टानामा यातना दिइएको थियो र २५ वर्षका लागि जेलको सजाय तोकियो। जेलमा हाल्ने कार्यसँगै अस्वस्थ प्रकारको ट्रायल १६ जुन २००९ देखि चलिरहेको छ।**

महिला र उनका तीन जना बच्चाको हत्या गरेको आरोप स्वीकार गराउनका लागि यसो गरिएको थियो। प्रहरी अधिकारीहरूले उनको अधिकारबारेमा उनलाई कुनै जानकारी गराएका थिएनन्। र, उनको हिरासतलाई रेकर्ड पनि गरिएको थिएन। जब उनले गुनासो गरे त्यतिबेला उनलाई नराम्रोसँग पिटियो। कजाखस्तानको प्रहरीले तीन घण्टाभित्रै सो सम्बन्धी मुद्दा दर्ता गर्ने भने तापनि त्यो अझै हुन सकेको छैन। उल्लेख गरिएका यातना वा दुर्व्यवहारसम्बन्धी घटना एआईले रेकर्ड गरेको तर प्रहरीले त्यस खालको रेकर्ड नराखेको पाइएको बताइएको थियो। कतिपय घटनामा हिरासतमा लिइएकाहरूलाई ३६ घण्टा वा सो भन्दा बढी समयसम्म पनि औपचारिक रूपमा दर्ता गरेको पाइएन। यो समयमा मानिसलाई अज्ञात स्थानमा राखियो। त्यहाँ कानून व्यवसायी र औषधीजन्य उपचारको सहयोग वा परिवारको पहुँच दिइएन। धेरैले आफूले नगरेको अपराध पनि स्वीकार गरे। यो स्वीकारोक्तिलाई पछि अदालतमा प्रमाणका रूपमा अघि सारियो। डिमिट्री ट्रियानको सन्दर्भमा उनलाई २५ वर्षको जेल सजाय सुनाइयो।

## तत्काल गर्नुस्

आन्तरिक मामिलासम्बन्धी मन्त्रीलाई पत्र पठाएर हिरासतमा लिइएकाहरूको अधिकारको सम्मान गर्न आग्रह गर्नुस् र दर्ता नै नगरीकन मानिसलाई हिरासतमा लिने कार्य नगर्न आग्रह गर्नुस्।

कृपया लेख्नुस्-

Serik Baimagambetov
Minister of Internal Affairs
ul. Manasa, 4
Astana 010000
Kazakhstan
Fax: +7 (7172) 71 43 33
Email: usmvd@asdc.kz

# धार्मिक समूहलाई इन्डोनेसियामा सजाय

डिसेम्बर २००९ मा आफूलाई इस्लामिक डिफेन्डर्स फ्रन्ट (एफपीआई) को सदस्य दाबी गर्ने समूहले दक्षिणी जकार्ताको टेबेटस्थित एक घरमा छापा मा-यो। जहाँ अहमदिया समुदायका मानिसहरू शुक्रबारको प्रार्थना गरिरहेका थिए। प्रत्यक्षदर्शीका अनुसार प्रहरीले आक्रमणकारीलाई रोक्न कुनै पनि कदम चालेन। यसको सट्टामा ६ जना अहमदियालाई उनीहरूको सुरक्षाका लागि भन्दै गिरफ्तार गरियो। अहमदिया एउटा धार्मिक समूह हो, जसले आफैंलाई इस्लामको एक भागका रूपमा लिने गरेको छ। तर, मूलधारका मुस्लिम समूहले उनीहरूलाई मुस्लिम आस्थाअन्तर्गत नरहेको बताउँदै आएका छन्। उनीहरू केही वर्षयता आक्रमणको सिकार भइरहेका छन्। केही समूहहरूले उनीहरूलाई वंशाणुगत भएको बताउँदै आएका छन्। अहमदियाका विरुद्ध काम गर्न इन्डोनेसियाको सरकारलाई ठूलो दबाब रहेको छ। जुन २००९ मा दक्षिणी जकार्ताको केबायोरन लामा भन्ने स्थानमा पूजा भइरहेका बेलामा अहमदियाको एउटा घरमा आगो लगाउने प्रयास गरिएको थियो। अहमदियाका समर्थकहरू उनीहरूको बिहानको पूजा गरिरहेका थिए। पछिल्लो महिना अहमदियाको पूजा गर्ने स्थल टाङ्गेरानमा दुई अज्ञात मानिसले आगो लगाइदिएका थिए। २००८ मा अहमदियालाई आफ्ना गतिविधि रोक्नका लागि सरकारले निषेधाज्ञा घोषणा गरेको थियो। सरकारले धार्मिक अल्पसंख्यकलाई आपराधिक विषयसम्बन्धी ऐनसमेत आकर्षित गरेर कारबाही प्रक्रिया अघि बढाएको थियो। यसखालको अपराधअन्तर्गत पार्न लागिएको थियो कि उनीहरूलाई ५ वर्षसम्म जेलमा राख्ने कुरा हुन सक्थ्यो। प्रहरीले अहमदियाको संरक्षणतर्फ चासो दिएन। उनीहरूमाथि ज्यादती गर्नेलाई पनि कुनै सजाय दिइएन। इन्डोनेसिया सरकारले अल्पसंख्यक धार्मिक समूहको जबसम्म संरक्षण गर्दैन तबसम्म आक्रमण निरन्तर हुने निश्चित रहेको छ।

## तत्काल गर्नुस्

इन्डोनेसियाली अधिकारीलाई भन्नुस् कि अहमदियाको अधिकार सुरक्षित गरियोस् र अहमदियालाई आफ्नो धार्मिक कार्य कुनै डर, धम्की र सजायबिना नै पूरा गर्न दिइयोस्। जो माथि हिंसा भएको छ, जबर्जस्ती गरिएको छ तथा उनीहरूको पूजा गर्ने स्थलको क्षतिसम्बन्धी गतिविधिलाई




**अहमदियाको ब्यान्टेन प्रान्तको तांगेराङस्थित सम्पत्तिमा गराइएको क्षति जनवरी, २००९। जहाँ भनिएको छ– 'यो पूजा गर्ने स्थान होइन। हेरेटिक अहमदियालाई प्रतिबन्ध लगाऊ।'**

कानूनी प्रक्रियाअन्तर्गत ल्याइनुपर्दछ। पीडितहरूलाई परिपूरणको व्यवस्था गरिनुपर्दछ। इन्डोनेसियामा नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको पक्ष राष्ट्र भएकाले सो अभिसन्धिको धारा १८ अन्तर्गतको प्रावधानको सम्मान गर्न र धार्मिक कार्यमा स्वतन्त्रतासम्बन्धी कानून र नीतिनियमलाई सोहीअनुसार बनाउने कार्यको सुनिश्चितता गर्न अपील गर्नुहोस्।

कृपया लेख्नुस् :

Gamawan Fauzi
Home Affairs Minister
Jl. Medan Merdeka Utara No. 7
Central Jakarta, Indonesia
Fax: +62 21 3851193
Email: pusdatinkomtel@depdagri.go.id

# पूर्वी चाड : "महिलाका लागि कुनै पनि सुरक्षित स्थान छैन"



फर्छना शरणार्थी शिविरकी एक महिला पानी संकलन गर्दै, मे २००९ मा ।

सुडानमा महिला र बालिकाहरू सुरक्षाको खोजीमा चाडतर्फ प्रस्थान गरेका छन् । उनीहरू त्यहाँ बलात्कार र अन्य हर्कतको सामना गर्न विवश छन्। मानवअधिकार ज्यादती डार्फर क्षेत्र र पूर्वी चाडमा अझै विद्यमान रहेको छ। यी कार्य शरणार्थी शिविर वाहिर र भित्र दुवैतर्फ भइरहेका छन्। जब शिविरका महिला तथा बालिकाहरू पानी वा आगो बाल्ने दाउरा वा अन्य आवश्यक सामानका लागि शिविर बाहिर निस्कन्छन्, त्यतिबेला उनीहरूलाई हतोत्साहित गर्ने, धम्की दिने, भौतिक आक्रमण गर्ने र बलात्कार गर्ने काम हुने गरेको पाइएको छ। ती मानिसहरूमध्ये कतिपय विपक्षी सशस्त्र समूह वा चाडका सुरक्षा अधिकारी रहेका छन्। केही प्रतिबन्धित समूह पनि रहेका छन्। शिविरभित्रै पनि उनीहरूले यौनजन्य तथा अन्य समूहहरूद्वारा दुर्व्यवहार बेहोर्नुका साथै उनीहरूका परिवारका सदस्य र कतिपय मुद्दामा मानवीय मामिलासम्बन्धी संगठनका स्टाफहरूद्वारा पनि यस प्रकारको गतिविधि भएका छन्। पुरुषहरू जसले यो काम गरेका छन्, उनीहरूलाई सायद नै कानूनको कठघरामा ल्याइन्छ। जसले दण्डहीनताको संस्कृतिलाई बढावा दिइरहेको छ। चाडमा फौजदारी न्यायसम्बन्धी प्रणाली कमजोर रहेको छ। प्रहरीहरूले कमजोर हिसाबले मात्रै तालिम पाएका छन्। त्यहाँ सीमित मात्रै अदालतहरू रहेका छन्। केही न्यायाधीश र अभियोजकहरूले पूरै पूर्वी चाडको न्यायप्रणाली हेर्छन् । एउटा मुद्दामा १३ वर्षकी एक शरणार्थी किशोरी फर्छना शरणार्थी शिविरमा काम गर्ने चाडका एक जना नर्सद्वारा बलात्कृत भइन्। उनी गर्भवती भइन् र जनवरी २००९ मा उनले बच्चा जन्माइन्। ती नर्सले सुरुमा जिम्मेवारी लिए पनि पछि त्यहाँबाट हिंडे । चाडका अधिकारीहरूविरुद्ध मुद्दा दायर गरिए पनि उनको बारेमा कुनै पनि कारबाही चलेन। उसलाई वास्तविक धरातलमा ल्याउनका लागि पनि कुनै काम गरिएन।

राष्ट्रसंघीय मिसन मिनुरक्याट र मिनुरक्याटद्वारा समर्थन गरिएको चाडको प्रहरीको समूह (डीआईएस) लाई त्यस स्थानको जिम्मेवारी दिइए पनि त्यसले खासै काम गर्न सकेको छैन र महिलाविरुद्धको हिंसा यथावत रहेको छ। डीआईएसले धेरै समय उनीहरूको संरक्षणका लागि बिताएको छ। गगा शरणार्थी शिविरकी एक महिलाले भनिन्- 'यहाँसम्मकि राष्ट्रसंघका सेनाले पनि उनीहरूको संरक्षण गर्नु परिरहेको छ। हामीलाई बचाउनका लागि कसैसँग पनि पर्याप्त समय पाइएको छैन।'

चाडका अधिकारी यो क्षेत्रमा बसेका मानिसको संरक्षणका लागि जिम्मेवार छन्। उनीहरू शरणार्थी र आन्तरिक रूपमा विस्थापितहरूको सुरक्षाका लागि पनि जिम्मेवार रहेका छन्। सरकार र अन्तर्राष्ट्रिय समुदाय दुवैले महिला र बालिकाहरूको सुरक्षाका लागि प्रभावकारी कदम चाल्नुपर्दछ। व्यक्तिगतरूपमा मानवअधिकार उल्लंघनका लागि पूर्वी चाडमा काम गरिरहेकाहरूलाई कानूनको कठघरामा ल्याइनुपर्दछ र बचेका परिवारलाई उपचारको व्यवस्था गरिनुपर्दछ। साथै समर्थनको व्यवस्था पनि हुनुपर्दछ।

## तत्काल गर्नुस्

www.amnesty.org को निवेदनमा हस्ताक्षर गर्न जानुस् र क्यानडाका राष्ट्रपति Idriss Déby Itno, लाई पूर्वी चाडमा शरणार्थी महिला र बालिकाहरूको सुरक्षाका लागि आह्वान गर्नुस्।

# फ्रान्समा प्रहरीको दुर्व्यवहारबाट पीडितहरूलाई न्याय छैन




फ्रान्समा अब्देलहकिम अजिमीको न्यायका लागि संस्मरण।

२२ वर्षीय अब्देलहकिम अजिमी गत मे ९, २००८ मा ग्रासेमा प्रहरीद्वारा पक्राउ परेपछि मृत्युको मुखमा पुगे । उनलाई मार्च २००९ मा प्रहरीलाई कुनै पनि मद्दत नगरेको भन्दै पक्राउ गरियो । सो समयमा अनुसन्धानमा संलग्नलाई प्रहरीले कुनै पनि प्रश्न सोधेनन्। जबकि ती व्यक्ति हकिम अजिमीको मृत्युमा संलग्न थिए। ती दुई अधिकारीलाई पछि प्रश्न सोधियो। सो सोधाई फेब्रुवरी २०१० को पुनरावेदन अदालतको आदेशबमोजिम थियो। तीमध्ये खतरामा रहेकालाई सहयोग नगरेको भन्ने अर्को एकजनालाई पनि 'चार्ज' लगाइयो। अजिमीको परिवारले 'ट्रायल' तिथि अझै पर्खिरहेको छ।

त्यसै हप्ताको अन्त्यमा ३१ वर्षका लाम्बा सौकाउनालाई फ्रान्सको दंगा प्रहरीले ८ मे २००८ मा पेरिसमा उनीहरूको अपार्टमेन्टमा खानतलासी गऱ्यो। उनी रक्तअल्पतासम्बन्धी समस्याबाट पीडित थिए। उनी स्थानीय प्रहरी कार्यालयबाट तीन दिन अस्पतालमा बिताउन पुगे। उनी स्थानीय प्रहरी कार्यालय नजिकैबाट हिंडिरहेका बेलामा पक्राउ परेका थिए। प्रहरी निकायलाई उजुरीबारेमा छानबिन अघि बढाउन आग्रह गरे पनि सो घटना छानबिनबिना नै बन्द गरियो। दुई वर्ष बिते, लाम्बा सौकाउना अझै न्याय खोजिरहेका छन्। एआईको रिपोर्ट 'जनताको आक्रोश : फ्रान्समा प्रहरी अधिकारी कानूनभन्दा माथि (EUR 21/003/2009)' ले फ्रेन्च प्रहरीले गरेका थुप्रै ज्यादतीलाई अभिलेखित गरेको छ। यसले फ्रेन्च प्रहरीले आनन्द मानिरहेको डिफ्याक्टो दण्डहीनतालाई उजागर गरेको छ। हकिम अजिमी र लाम्बा सौकाउनाको मुद्दाका प्रसंगमा आन्तरिक र कानुनी अनुसन्धान अक्सर ढिलो हुने गरेको छ र अनियमित पनि हुने गरेको छ। जुन २००९ मा तत्कालीन आन्तरिक मामिलासम्बन्धी मन्त्री मिचेल अलियोट् मेरीले आन्तरिक प्रहरी निकायको रिपोर्ट सार्वजनिक गर्ने प्रतिबद्धता व्यक्त गरेकी थिइन्। कानून कार्यान्वयन निकायको विरुद्धमा परेका उजुरीको छानबिन भइरहेको समेत बताइएकी थिइन्। उनको प्रतीज्ञा अझै पनि व्यवहारमा आउन बाँकी रहेको छ।

## तत्काल गर्नुस्

फ्रेन्च अधिकारीलाई भन्नुस् कि हकिम अजिमीको मृत्यु र लाम्बा सौकाउनाको चोटपटकबारेमा स्वतन्त्र ढंगले र विस्तृत रूपमा छानबिन हुनेछ र अपराधीलाई कानूनको कठघरामा ल्याइने कुराको सुनिश्चितता होस्। तपाईंलाई चाहिएका सबै सूचना यो वेबसाइटमा पाउन सक्नुहुनेछ- http://snipr.com/uulxo and http://snipr.com/uuly2

## चाड

### इब्नी ओमार मोहमद सालेह

## विपक्षी नेता जबर्जस्ती बेपत्ता


© Private

इब्नी ओमार मोहमद सालेह विपक्षी दल 'फ्रिडम् एन्ड डेभलपमेन्ट पार्टी' का नेता तथा चाडको विपक्षी गठबन्धनका प्रवक्तालाई त्यहाँका सुरक्षा अधिकारीहरूले राजधानी एनडिजामिनास्थित घरबाट नै ३ फेब्रुवरी २००८ मा गिरफ्तार गरेका थिए । उनी कहाँ छन् भन्ने कुरा अझै पत्ता लागेको छैन । दुई जना अन्य विपक्षी दलका नेता पनि गिरफ्तारीमा परेकोमा सोही दिन छुटेका थिए । अधिकारीहरूले उनको गिरफ्तारी सुरक्षा निकायबाट भएको भन्ने कुरा अस्वीकार गरेका छन् ।

उनका परिवार, संयुक्त राष्ट्रसंघ, युरोपेली संघ तथा मानवअधिकार संगठनहरूले पटक-पटक अनुरोध गरे पनि चाडका अधिकारीहरूले उनको स्थिति बताउन मानेका छैनन् । फेब्रुवरी २००८ को घटनालाई लिएर अधिकारीहरूद्वारा मानवअधिकारबारे अध्ययन गर्न गठित आयोगले जनाएअनुसार उनी सुरक्षा निकायद्वारा नै गिरफ्तारीमा परेका हुन् र उनी मारिएका हुन सक्छन् ।

मे २००८ मा र फेरि मे २००९ मा एआईको टोलीले चाडको भ्रमण गऱ्यो र सालेहको जबर्जस्ती बेपत्ताबारेमा सरकारी अधिकारी, चाडका मन्त्री र राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्षसँग भेट गऱ्यो । यद्यपि उनको स्थिति के छ भन्नेबारेमा जानकारी दिइएको छैन । यो घटनाले चाडमा बेपत्ताको घटनासम्बन्धी एउटा प्रवृत्ति देखाउँदछ ।

कृपया, चाडका राष्ट्रपतिलाई पत्र लेखी त्यहाँ भएका बेपत्तासम्बन्धी सबै घटनाको निष्पक्ष र स्वतन्त्र ढंगले छानबिनका लागि आग्रह गर्नुस् । यसमा सालेहको बेपत्तासम्बन्धी प्रसंग पनि उल्लेख गर्नुस् । राष्ट्रपतिलाई फेब्रुवरी ६, २००७ मा हस्ताक्षर गरेको सबैखाले बेपत्तासम्बन्धी घटनाविरुद्धको राष्ट्रसंघीय अभिसन्धि अनुमोदन गर्न र त्यसलाई कार्यान्वयनमा ल्याउनका लागि पनि आग्रह गर्नुस् ।

**अपिल पठाउनुस्** :

H.E. Idriss Deby Itno
Présidence de la République
BP 74
N'Djamena
Chad
Fax: +235 251 45 01
Salutation: Son Excellence Mr le Président

## कोलम्बिया

### सिनाल ट्रेनल

## "यहाँ अब दोस्रो कल हुने छैन"


© Private

गुस्टाभो गोमेजले उनको घरको ढोका २१ अगष्ट २००९ मा खोल्दा घरमा २ जना सशस्त्र मान्छे देखा परे । गोमेज खाद्यान्नसम्बन्धी काम गर्ने सिनालट्रेनलसम्बन्धी युनियनका सदस्य हुन् । तर, अरु सदस्यलाई जस्तो हत्या अगाडि नै उनलाई मार्ने धम्की भने दिइएको थिएन । १९८२ मा युनियन खोलिएपछि मारिने २२ जनामध्ये उनी पछिल्लो व्यक्ति हुन् । सिनाल ट्रेनालका तीन नेता लुइज् जाभियर कोरिया साउरेज, जोसी डोमिङ्गो फ्लोरेज र लुइज इडुआर्डो गार्सियाले अर्द्धसैनिक समूहद्वारा ज्यान मार्ने धम्की पाए । २४ नोभेम्बर २००९ मा युनियनका अध्यक्ष लुइज् जेभियर कोरियाले त्यहाँको आन्तरिक मन्त्रालय र न्याय संरक्षण कार्यक्रमबाट दिइएको मोबाइलमा ज्यान मार्ने धम्की पाएका थिए । फोन गर्नेले भनेको थियो- 'जाभियर कोरिया राजीनामाका लागि तिमी २२औं व्यक्ति हौ, तिमीलाई अब दोस्रो कल आउने छैन ।'

सरकारले ट्रेड युनियनका नेताको संरक्षणका लागि सुरक्षाका सबै प्रक्रिया अपनाएको बताएको छ । यद्यपि संरक्षण गर्ने परिपाटी अन्त्य गरिनुपर्दछ र हतोत्साहित गर्ने तथा मार्नेउपर दण्डहीनताको अन्त्य हुनुपर्दछ । वितेका दुई शताब्दीमा २ हजारभन्दा बढी ट्रेड युनियनवालाहरूको हत्या गरिएको छ र कोलम्बियामा मात्र १ सय ३८ जना जबर्जस्ती बेपत्ता बनाइएका छन् । द्वन्द्वका सबै पक्ष जस्तो अर्धसैनिक, सुरक्षाफौज र गुरिल्ला नेताहरूले ट्रेड युनियन नेताहरूको हत्या गरेका छन् ।

कृपया गोमेजको पूर्ण र निष्पक्ष छानबिनको आग्रह गर्दै अधिकारीहरूलाई पत्र पठाउनुस् र दोषीलाई कानूनको कठघरामा ल्याउन आग्रह गर्नुस् । उनीहरूलाई जोसेफ डोमिङ्गो फ्लोरेज, लुइज इडुआर्डो गार्सिया, लुइज जाभियर कोरिया, उनीहरूका परिवार र सिनाल ट्रेनलका अन्य सदस्यलाई उनीहरूको इच्छाबमोजिम् संरक्षण गर्नुस् । सिनाल ट्रेनलका सदस्यलाई आएको धम्कीका बारेमा विस्तृत छानबिनका लागि आग्रह गर्नुस् । र, त्यसको परिणाम सार्वजनिक गर्न आग्रह गर्नुस् ।

**अपिल पठाउनुस** :

Presidente de la República
Sr. Alvaro Uribe Vélez
Palacio de Nariño
Carrera 8 No.7-26
Bogotá
Colombia
Fax : +57 1 337 5890
Salutation: Dear President

## इरान

### इमादेदिन बाघी

## चर्चमा असहमति प्रकट गर्नेको गिरफ्तारीपछि हत्या


© Private

मानवअधिकार रक्षक, पत्रकार तथा लेखक इमादेदिन बाघी २८ डिसेम्बर २००९ का दिन बिहान ६:४५ बजे घरबाटै गिरफ्तारीमा परे । सादा पोशाकका ४ जना अधिकारीले जबर्जस्ती भित्र पसेर उनको सालोलाई कुट्न थाले । उनलाई सामान्य गिरफ्तारीको वारेन्ट दिइयो । त्यतिबेला इमादेदिनको नाम भने लिइएन । उनको गिरफ्तारी क्लरिक अयातोल्लाह मोन्टाजेरीको दुई वर्षअघिको अन्तर्वार्ताको प्रसारणका सम्बन्धमा जोडिएको थियो । इमादेदिन बाघीले उनको परिवारलाई भने कि उनी जेलमा अझ बलियो हुनेछन् । अधिकारीहरूले उनलाई थप बलियो बनाउनका लागि जेलमा धेरै राखिने छैन, भनेका छन् ।

बाघी धेरै पटक जेल परिसकेका छन् । हिरासतमा गरिएको दुर्व्यवहारले उनलाई शारीरिक समस्या उत्पन्न भएको छ । उनले गिरफ्तारीपछि परिवारका सदस्यलाई फोन गरे । उनले त्यतिबेला भनेकि उनी तेहरानस्थित इभीन जेलको २४० नम्बर सेक्सनमा रहेका छन् । त्यसपछि आफ्ना वकिल र चिकित्सकसँग उनको कुनै सम्पर्क छैन । एआईले उनलाई आस्थाका बन्दी मानेको छ । जुन २००९ मा इरानमा भएका घटनाक्रममा थुप्रै मानवअधिकार रक्षकहरू जेल परेका छन् ।

२००२ मा इमादेदिनले बन्दीको अधिकारसम्बन्धी संगठन (एडीपीआर) स्थापना गरेका थिए । त्यसले यातना र हिरासतमा अन्य ज्यादतीसम्बन्धी सूचना राख्ने गर्दथ्यो । इरानी अधिकारीहरूले एडीपीआर अगष्ट २००९ मा बन्द गर्न लगाए । इमादेदिनलाई २००४ देखि नै बाहिर जान दिइएन । उनको पासपोर्ट नै रोक्का गरियो । यसले गर्दा मानवअधिकार रक्षकहरूलाई दिइने 'मार्टिन इनाल्स अवार्ड' लिनका लागि नोभेम्बर, २००९ मा उनी स्वीजरल्यान्ड जान पनि पाएनन् ।

कृपया न्यायपालिकाका प्रमुखलाई पत्र पठाई इमादेदिनलाई तत्काल र बिनाकुनै पूर्वशर्त रिहाइका लागि आग्रह गर्नुस् । उनीविरुद्ध लगाइएका अभियोग फिर्ता गर्न तथा उनी र उनका परिवारलाई गरिएको हतोत्साहन अन्त्य गर्न आग्रह गर्नुस् ।

**अपिल पठाउनुस्** :

Ayatollah Sadeqh Larijani
Howzeh Riyasat-e Qoveh Qazaiyeh
(Office of the Head of the Judiciary)
Pasteur Street
Vali Asr Avenue
south of Serah-e Jomhouri
Tehran 1316814737
Iran
Email: info@dadiran.ir
(Subject line: FAO Ayatollah Larijani)
Salutation: Your Excellency

## कोसोभो (सर्बिया)

## मन बलाज र अर्बेन भ्रेलादिनी

### गैरन्यायिक ढंगले मारिएका नागरिकलाई कुनै न्याय छैन

© निजी



२६ वर्षका मन बलाज र ३४ वर्षका अर्बेन भ्रेलादिनी अज्ञात प्रहरी अधिकारीद्वारा १० फेब्रुवरी २००७ का दिन कोसोभोको राजधानी प्रिस्टीनामा प्रदर्शन गरिरहेका बेला मारिएका थिए । ती अधिकारीहरू रोमानियाका विशेष प्रहरी युनिटका सदस्य हुन्, जो कोसोभोस्थित राष्ट्रसंघीय मिसनमा कार्यरत थिए । प्रहरीले अश्रुग्यास प्रयोग गर्‍यो र प्रदर्शनकारीलाई तितरबितर पार्न रबरका गोली पनि चलायो । बलाज र भ्रेलादिनीको टाउकोमा लागेको गोलीका कारण मृत्यु भयो । ८७ जना अन्य घाइते भए । तथापि अन्मिकले आन्तरिक छानबिन गर्‍यो । त्यसले अज्ञात रोमानी प्रहरी घटनामा संलग्न भएको ठहर्‍यायो । कसैलाई पनि न्यायको कठघरामा ल्याइएन ।

मार्च २००८ मा बलाज र भ्रेलादिनीका पिताले अन्मिकको हुमन राइट्स एड्भाइजरी प्यानेल (एचआरपी) मा उजुरी गरे । एचआरपी अन्मिकद्वारा आफ्ना व्यक्तिहरूद्वारा मानवअधिकार हननका बारेमा अनुसन्धान गर्न खडा गरिएको निकाय हो । यसलाई आपराधिक घटना छानबिनको अधिकार छैन । तर यसका लागि सिफारिस गर्न सक्दछ ।

अन्मिकले पटक-पटक यसको छानबिनअन्तर्गत सार्वजनिक सुनुवाईमा अनुपस्थित भएर यसको कामलाई नजरअन्दाज गर्ने काम गरिरहेको छ । यद्यपि अन्मिकले पीडितका परिवारलाई क्षतिपूर्तिको भने प्रस्ताव गरेको छ । यसको स्वीकार भनेको मुद्दा फिर्ता गर्नुपर्ने अवस्था हो । अन्तिममा अक्टोबर २००९ मा अन्मिकले नयाँ नियम ल्यायो । यसले एचआरएपीलाई थप छानबिनका लागि रोक लगाउन सक्छ । कृपया अन्मिकलाई पत्र पठाई बलाज र भ्रेलादिनीलाई उचित परिपूरणको व्यवस्थाका लागि आग्रह गर्नका साथै क्षतिपूर्ति, पुनर्स्थापना, सन्तुष्टि र यस्ता घटना नदोहोरिने ग्यारेन्टी माग्नुस् । एचआरएपीलाई आवश्यक सहयोग गर्न र उसलाई सुनुवाईमा पनि जान आग्रह गर्नुस् ।

**अपिल पठाउनुस् :**

H.E. Lamberto Zannier
Special Representative of the UN Secretary-General and Head of UNMIK
UNMIK Headquarters - Kosovo
P.O. Box 515
1000 Skopje
Macedonia

## साउदी अरेबिया

## डा. अहमद अब्बास अहमद मुहम्मद

### कुनै अभियोजनबिना नै ७ वर्षको हिरासत


© Private

१२ मे २००३ मा भएको आत्मघाती बम आक्रमण जसमा ३५ जना मारिएका थिए । त्यसमा डा. अहमद अब्बास अहमद मुहम्मद नामका इजिप्टका एक फर्मासिस्ट पनि थिए । उनी राजधानी रियादमा गिरफ्तार गरिएका धेरै विदेशीमध्ये एक हुन् । उनले त्यहाँ दुई महिनाअघि स्वास्थ्य केन्द्रमा जागिर खानका लागि भ्रमण गरेका थिए ।

डा. अहमद अब्बास अहमद मुहम्मदलाई सञ्चारसम्पर्कविहीन अवस्थामा तीन वर्षसम्म राखिएको थियो । पछि उनीसँग परिवारलाई सम्पर्क गर्न दिइयो । त्यतिबेलासम्म उनको परिवारलाई उनी कहाँ छन् भन्ने कुरा थाहा थिएन । थाहा भएअनुसार उनलाई सो विस्फोटमा संलग्न भनेर सोधपुछ गरिएको थियो । उनी अलकायदासँग सम्बन्धित रहेको हुन सक्ने बताइए पनि उनलाई कुनै अभियोग भने लगाइएको थिएन । पारिवारिक वकिलको उनीसँग सम्पर्क थिएन । तर, जानकारी के थियो भने उनलाई आभा शहरस्थित जेलबाट रियादस्थित अल हरमा लगिएको थियो ।

डा. अहमद अब्बास अहमद मुहम्मदका तर्फबाट उनका वकिलले प्रशासनिक अदालतसमक्ष अपिल गरेका थिए । जसमा इजिप्सियन सरकारलाई उनको प्रतिरक्षाका लागि उपयुक्त कदमको आग्रह गर्दै मानवअधिकारको रक्षाका लागि आग्रह गरिएको थियो । अदालतले सो अपिलसम्बन्धी सुनुवाईका लागि २८ सेप्टेम्बर २००९ को तिथि तय गरेको भए पनि त्यो कयौं पटक स्थगित भएको छ ।

कृपया डा. अहमद अब्बास अहमद मुहम्मदलाई हिरासतबाट बिनाकुनै ढिलाइ मुक्त गर्नका लागि आग्रह गर्दै उनलाई कानुनी रूपमा आफूलाई निर्दोष साबित गर्ने अवसर प्रदान गर्न आग्रह गर्नुस् । उनलाई तत्काल र नियमित रूपमा वकिल र उनका परिवारसँग सम्पर्क गर्ने व्यवस्था तथा उपचारको आवश्यक व्यवस्थाका लागि आग्रहसमेत गर्नुस् ।

**अपिल पठाउनुस् :**

His Majesty King ‘Abdullah Bin ‘Abdul ‘Aziz Al-Saud
Office of His Majesty the King
Royal Court
Riyadh
Saudi Arabia
Fax: (via Ministry of the Interior) +966 1 403 1185
Salutation: Your Majesty

## भियतनाम

## ट्रान क्वक हाइन र डोन भान डाइन

### ट्रेड युनियनकर्मीको थुना

© पिपुल्स डेमोक्रेटिक पार्टी



युनाइटेड वर्कर्स फार्मर्स अर्गनाइजेसन (यूडब्ल्यूएफओ) भियतनामको एउटा ट्रेड युनियनसम्बन्धी संगठन हो । जसको स्थापना कामदारको अधिकार संरक्षणका लागि सन् २००६ मा भएको हो । स्वतन्त्र ट्रेड युनियनलाई भियतनाममा अनुमति छैन । यूडब्ल्यूएफओ ट्रेड युनियन वा श्रम संगठनको स्थापना र अधिकारको वकालत गर्ने संगठन हो ।

नोभेम्बर २००६ मा सो संगठनका ३ जना नेतृत्वदायी भूमिका खेलेका सदस्यलाई गिरफ्तार गरियो र उनीहरूलाई १० डिसेम्बर २००७ मा साढे चार वर्षको जेल सजाय सुनाइयो ।

होचिमिन्ह शहरस्थित कानुनी परामर्श फर्मका निर्देशक ट्रान क्वक हाइन, जसले स्थानीय किसानलाई अधिकारीहरूद्वारा जफत गरिएका जग्गाका बारेमा परामर्श दिइरहेका थिए, उनलाई १२ जनवरी २००७ मा गिरफ्तार गरिएको थियो । उनी गिरफ्तार हुनुभन्दा अघि यूडब्ल्यूएफओका प्रवक्तासमेत रहेका थिए । हाइनको ट्रायल १५ मे २००७ मा सुरु भएको थियो । र, उनी ५ वर्षका लागि थुनामा परेका थिए । उनी अझै पनि जेलमा रहेका छन् ।

एम्नेस्टी इन्टरनेसनलको विश्वास छ कि यी मानिसहरू ट्रेड युनियन गतिविधिमा संलग्न भएको आधारमा गिरफ्तारीमा परेका हुन् । उनी आस्थाका बन्दी हुन् । उनी शान्तिपूर्ण तरिकाले आफ्ना कार्यक्रम अघि बढाइरहेका बेलामा गिरफ्तारीमा परेका हुन् । यी अधिकारहरू भियतनाम पनि पक्ष राष्ट्र रहेको नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिबाट ग्यारेन्टी गरिएका छन् ।

कृपया डोन भान डाइन र ट्रान क्वक हाइनको बिनाकुनै पूर्वसर्त रिहाइको आग्रह गर्दै पत्र पठाउनुस् । अधिकारीहरूलाई शान्तिपूर्ण गतिविधिमा संलग्नलाई हिरासतमा लिने र हतोत्साहन गर्ने कार्य बन्द गर्न आग्रह गर्नुस् ।

**अपिल पठाउनुस् :**

Prime Minister Nguyen Tan Dung
Office of the Prime Minister
Hoang Hoa Tham
Ha Noi
Viet Nam
Fax: + 8443 823 1872
(c/o Ministry of Foreign Affairs)
Salutation: Dear Prime Minister

## तपाईंलाई थाहा छ ?

## तपाईंका लागि पोस्टकार्ड हस्ताक्षर गर्न र पठाउनका लागि

### मलेसियामा सजायका लागि कोर्रा लगाउने कार्यको अन्त्य गर

मलेसियामा कानूनविपरीत सजाय दिने र त्यसअन्तर्गत कोर्रा पनि लगाउने कार्य भइरहेको छ । कारागारसम्बन्धी रेकर्डका अनुसार करिब ३५ हजार आप्रवासीलाई त्यहाँ २००२ र २००८ को बीचमा कोर्रा लगाइएको छ । कोर्रा लगाउने कार्य निर्दयी, अमानवीय र तल्लो स्तरको सजाय हो । जसलाई मानवअधिकार कानूनले निषेध गरेको छ । व्यवहार अपमानजनक रहेको छ र त्यसबाट दुःख पाइने गरेको छ । जसलाई कोर्रा लगाइएको छ, उनीहरूका खत देखिने गरेका छन् । मनोवैज्ञानिक र शारीरिक हिसाबले वर्षौंदेखि अप्ठेरो परिरहेको छ । हस्ताक्षर गर्नका लागि इन्सर्ट हेर्नुस् र पोस्टकार्ड मलेसियाका प्रधानमन्त्रीलाई पठाउनुस् ।

### मेक्सिकोमा आप्रवासीलाई संरक्षण

मेक्सिकोमा हजारौं उल्लेख नगरिएका आप्रवासीहरू, जसमा महिला र केटाकेटी पनि थिए । उनीहरू मेक्सिकोमा मानवअधिकार उल्लंघनको ज्यादती बेहोर्न बाध्य छन् । कुटपिट, अपहरण, बलात्कार र हत्यासम्मका क्रियाकलाप पनि आपराधिक समूहहरूबाट हुने गरेको छ । साथै, राज्यका अधिकारीहरूद्वारा पनि ज्यादती गरिएका विवरण सार्वजनिक भएका छन् । केन्द्रीय भागको पोस्टकार्ड सार्वजनिक रूपमा प्रदर्शन गरी आन्तरिक मामिलासम्बन्धी मन्त्री र मेक्सिकन सरकारलाई भनी यसखाले ज्यादती सहन गर्न नसकिने बताउनुस् ।

## विश्वकप २०१० : कदम चाल्नका लागि समय

सन् २०१० को विश्वकप दक्षिण अफ्रिकामा गर्नका लागि उत्साह फैलिइरहेको छ । एआई तपाईंहरूलाई एकीकृत ढंगमा अघि बढ्न मद्दत गर्दछ । मानवअधिकार प्रतिरक्षा गर्नेहरूको एउटा समूहले जतातते ज्यादती रोक्न काम गरिरहेको छ । वायरको जुन/जुलाई अंक विश्वकपमा केन्द्रित छ । तपाईंको टिमको परिचय गराउनुस् र तपाईंको साथीलाई यसमा सहभागी हुन आग्रह गर्नुस् ।

स्टयान्डअप युनाइटेड भनेको विश्वका ११ वटा मानवअधिकारवादी संस्थाहरूको समूह हो । उनीहरूले एउटै लक्ष्य लिएका छन्- समानता, आत्मसम्मान र सबैका लागि न्याय । केन्यामा बसोबाससम्बन्धी अधिकारका लागि लडिरहेकाहरू, इरानमा महिला अधिकारबारेमा लडिरहेकाहरू र मेक्सिकोमा आप्रवासी अधिकारसम्बन्धी लडेकाहरूका सम्बन्धमा प्रतिरक्षकहरूले उनीहरूको समुदायमा महत्वपूर्ण काम गरिरहेका हुन्छन् । धेरैले धम्की र जोरजबर्जस्ती बेहोर्छन् । यहाँसम्मकि मृत्युदण्डसमेत बेहोर्छन् । तथापि उनीहरूले निरन्तर रूपमा उनीहरूका समर्थक विश्वमा भएको थाहा पाउँछन् । जुन/जुलाईको अंकमा ११ जना प्रतिरक्षकहरूले उनीहरूका कामका बारेमा बोले । उनीहरूको प्रेरणा र उनीहरूलाई कसरी समर्थन गर्न सकिन्छ भन्नेबारेमा पढ्यौं । तपाईंले थुप्रै एक्सनहरू लिन सक्नुहुन्छ । र, संगठित हुनका लागि तपाईंले आफ्नै एआई फुटबल म्याच आयोजना गर्न सक्नुहुन्छ । र, अन्य कार्यक्रम पनि मानवअधिकार प्रवर्द्धनका लागि गर्न सक्नुहुन्छ । तपाईंका साथी र छिमेकीलाई सँगै ल्याउनुस् र प्रतिरक्षकहरूलाई हाम्रो यसपछिको वायरमा ल्याउनुस् ।





**बुर्किनाफासोको मातृमृत्युसम्बन्धी क्याराभान**
**एआईको प्रतिनिधिमण्डलले मातृमृत्यु दरलाई लिएर साहेल क्षेत्रका केही गाउँको भ्रमण गऱ्यो । यो क्षेत्रमा मातृमृत्युदर सबैभन्दा बढी थियो । बुर्किनाफासो, जनवरी २०१०**

(सबै तस्वीर : © Amnesty International)

# तस्वीरमा क्याराभान



नवलपरासीस्थित एआई समूह सदस्य र क्यारभानका सहभागीहरू ।




कास्कीमा आयोजित र्‍याली ।



स्याङ्जामा सडक नाटक प्रदर्शन गर्दै ।



क्याराभान टोली बुटवल पुग्दा त्यहाँस्थित एआई समूहले आयोजना गरेको स्वागत समारोह ।

एम्नेस्टी
इन्टरनेसनल



# तस्वीरमा क्याराभान



बीरगन्जमा आयोजित र्‍याली ।



पोखरामा क्याराभानको उद्घाटनपश्चात् सम्बोधन गर्दै चर्चित मानवअधिकारवादी कृष्ण पहाडी ।



पर्सामा आयोजित सडक नाटक ।



क्याराभानका प्रतिनिधिहरू स्याङ्जाका प्रजिअसँगको भेटमा ।

एम्नेस्टी इन्टरनेसनल